# परिच्छेद-१ (एक)

## शोध परिचय

### १.१ शोधशीर्षक :

प्रस्तुत शोधपत्रको शीर्षक 'महाकवि नरेन्द्रनाथ रिमाल' महाकाव्यको कृतिपरक अध्ययन रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँपत्र ५१०-१ को आंशिक परिपूर्तिको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ विषय परिचय :

प्रस्तुत शोधकार्यको विषय महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको कृतिपरक अध्ययन हो । यस महाकाव्यका स्रष्टा नीलकण्ठ भट्टराई हुन् । महाकाव्यकार भट्टराईको जन्म वि.सं. २०१४ श्रावण ४ गते ओखलढुङ्गाको दियाले-धारापानीमा भएको थियो। उनका बाबुको नाम भीमाहर्क भट्टराई र आमाको नाम तुलसादेवी भट्टराई हो । आफ्नै परिवारबाट अक्षरारम्भ गरेका गभट्टराईले स्नातकोत्तर तहसम्मको शिक्षा पूरा गरेका छन् ।

भानुभक्तको रामायण, लेखनाथ पौड्यालका कविता, लक्ष्मी प्रसाद देवकोटाको मुनामदन साथै माधव घिमिरे जस्ता व्यक्तित्वबाट प्रभावित भएर नै भट्टराईले साहित्यतर्फ कलम चलाएको देखिन्छ । वि.पी.को समाधि, खण्डकाव्य,'त्रिवल्ली' कविता सङ्ग्रह, 'वनदेवीको आत्मवृतान्त' लघु उपन्यास, 'सर्लाहीका साहित्यिक प्रतिभाहरु' खोजमूलक कृति, महामानव तथा ओखलढुङ्गा जस्ता महाकाव्यहरु प्रकाशित भइसकेका छन् । महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य भट्टराईको उत्तरार्ध्द चरण २०७१ मा प्रकाशित कृति हो । प्रस्तुत शोधमा यस मकाकाव्यको कृतिपरक अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको कृतिपरक अध्ययन गर्नु मुख्य समस्या रहेको यस शोधकार्यका समस्याहरु यस प्रकार गरिएको छ ।

क) नीलकण्ठ भट्टराईको साहित्यिक यात्रा के कसरी विकास हुँदै आएको छ र उनको साहित्यिक योगदान नेपाली साहित्यमा के कस्तो रहेको छ ।

ख) ऐतिहासिक विकास क्रममा महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको के कस्तो स्थान रहेको छ ।

ग) नीलकण्ठ भट्टराईको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य के कस्तो विषयमा आधारित कृति हो ?

घ) नीलकण्ठ भट्टराईको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यका सैद्धान्तिक स्वरुप के कस्ता छन् ?

ङ) नेपाली महाकाव्यको यात्रामा महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको प्रवृत्ति कस्तो छ?

## १.५ शोधकार्यका उद्देश्यहरू :

शोधकार्यमा सङ्केत गरिएका शोध समास्याहरूको समाधान खोज्नु नै यस शोधकार्यको उद्देश्य हुनेछ । अर्थात् शोधका उद्देश्यहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

क) नीलकण्ठ भट्टराईको 'महाकवि नरेन्द्रनाथ रिमाल' महाकाव्यलाई विषयका आधारमा चिनाउनु ।

ख) नीलकण्ठ भट्टराईको 'महाकवि नरेन्द्रनाथ रिमाल' महाकाव्यको सैद्धान्तिक स्वरूपको खोजी गर्नु ।

ग) नीलकण्ठ भट्टराईको 'महाकवि नरेन्द्रनाथ रिमाल' महाकाव्यका वैशिठ्यहरू निक्यौंल गर्नु ।

घ) नेपाली महाकाव्यको यात्रामा महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको प्राप्ति र स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा :

नीलकण्ठ भट्टराई नेपाली पद्य कविता तथा काव्य क्षेत्रको एक सक्रिय नाम हो । उनीद्वारा रचना गरिएको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य पूर्वीय महाकाव्यको सिद्धान्तमा रहेर वि.सं. २०७१ मा प्रकाशन गरिएको हो । यस महाकाव्यका बारेमा बाह्यरुपमा खासै कुनै पनि विद्धान र समालोचकहरुले आफ्नो धारणा व्यक्त गरेका छैनन् । यस कृतिमै केन्द्रित रहेर कसैले पनि अध्ययन गरेको पाइँदैन । यस कृति सम्बन्धी भएका पूर्वकार्यको विवरण तथा सङ्क्षेपमा वर्णन गरिएको छ ।

यस महाकवि ‘नरेन्द्रनाथ रिमाल महाकाव्य नरेन्द्रनाथको जीवनी र चरित्रमा आधारित छ । यसलाई महाकविको साहित्यकारिताबारे पद्यमा लेखिएको जीवनीपरक समालोचना पनि भन्न सकिन्छ । यसले महाकविको साहित्यिक जीवनीको काव्यात्मक विवेचना गरेको छ । यसमा उनको जीवनीलाई खिरिलो पारेर रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । नरेन्द्रले बाल्यकालमा घरैमा रुद्री र चण्डी पढेको, बनारस गएर पुराण, साहित्य, धर्मशास्त्र, वेद, नीतिशास्त्र, ज्योतिषशास्त्र पढेको, जागिरे भएको, विवाह गरेको सन्तति प्राप्त गरेर उनको जीवनीलाई कविले सङ्क्षेपमा प्रस्तुत गरेका छन् । यसमा नरेन्द्रनाथको सत्यवादी, कर्मयोगी, निःस्वार्थी, समाजसेवी, काव्यसाधक व्यक्तित्वको चित्रण पनि राम्ररी गरिएको छ । उनी सनातन हिन्दू धर्म वा वेद धर्मका अनुयायी थिए, नेपाली भाषा र साहित्यका सेवक थिए । उनले द्वापरयुगमा भएको युद्ध र कलियुगमा भएको युद्धमा धेरै साम्य देखे । त्यसैले ती दुवै युद्धलाई विषय बनाएर काव्य लेखे भन्ने कुराको वर्णन नीलकण्ठले गरेका छन्। यसलाई ऐतिहासिक महाकाव्य पनि भन्न सकिन्छ किनभने यसमा एकातिर नरेन्द्रनाथ रिमालको वंश परम्पराको इतिहास छ भने अर्कातिर माध्यमिक नेपाली काव्य परम्परामा नरेन्द्रले पुऱ्याएको ऐतिहासिक योगदानको चर्चा पनि गरिएको छ ।

कुमारप्रसाद कोइराला

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृतिकाव्य)

साहित्यिक कार्यको काव्यात्मक मूल्याङ्कन (पेज-९)

भूमिका खण्ड पेज-८

प्रा. डा. माधव भट्टराईको विचारमा

नेपाली साहित्यको माध्यमकि कालका महाकवि महाभारत १८ पर्वका प्रथम रचयिता नरेन्द्रनाथ रिमालको चरित्रचित्रण गर्दै लेखिएको महाकाव्य ‘महाकवि नरेन्द्रनाथ रिमाल’ को पाण्डुलिपि हेर्न पाउँदा हर्ष लाग्नु स्वभाविक हो । विश्वकै महत्तम महाकाव्य महाभारतलाई नेपालीमा पद्यबद्ध गर्ने महाकवि रिमालमाथि वर्तमान महाकवि नीलकण्ठ भट्टराईले मौलिक रमणीय महाकाव्य लेखेर पूर्वज साहित्यकारप्रति गहन श्रद्धा र आस्था प्रकट गरेका छन्। हरेक भाषासेवी र साहित्यप्रेमीका लागि समेत यो गौरवको विषय हो । पूर्वजप्रतिको कृतज्ञताको अभिव्यक्ति हो यो महाकाव्य । ( भूमिका खण्ड पृष्ठ. च)

नेपाली साहित्यले २०६६ माघ २८ गते थप एउटा लामो कविता प्राप्त गरेको छ । विपीको समाधी, सरोजस्मृति, सप्तपल्लव जस्ता खण्डकाव्य र ओखलढुङ्गा जस्ता महाकाव्य लेखक नीलकण्ठ भट्टराईको प्रस्तुत महाकाव्य (स्मृतिकाव्य) महाकवि नरेन्द्रनाथ रिमाल पूर्वीय महाकाव्यको सिद्धान्तलाई सकेसम्म पालना गरी लेखिएको छ । ११वटा श्रृङ्खलामा लेएिको यस महाकाव्यमा अनुष्टुप् उपजाति, इन्द्रवज्रा, उपेन्द्रवज्रा, शार्दूलविक्रीडित, शिखरिणी जस्ता छन्दको प्रयोग गरिएको छ । यसलाई पूर्वीय महाकाव्यको सिद्धान्तमा आधारित भएको जीवनीपरक ऐतिहासिक महाकाव्य हो भन्न सकिन्छ ।

विभिन्न जीवनीपरक महाकाव्यलाई अघि सारेर समालोचक कुमारप्रसाद कोइरालाले यस स्मृति काव्यलाई ऐतिहासिक महाकाव्य भनी उल्लेख गरेका छन् । यस महाकाव्यको बारेमा कृतिभित्र पुरुषोत्तम दाहालले प्रकाशन सन्दर्भ र प्रा.डा. माधव भट्टराईद्वारा लेखिएको भूमिका महाकवि माथि सुन्दर महाकाव्य बाहेक अरु कुनै उल्लेख्य आलेखहरु कतै पनि प्रकाशन भएको पाइँदैन । उपर्युक्त पूर्वकार्यको सूक्ष्म अध्ययन हुन सकेको छैन । त्यही अभाव पूर्ति गर्नका लागि यो शोधकार्य गरिएको छ ।

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य)

सरसर्ति पढ्दा

यौटा पुराना कविको महान

जो मिल्छ सो गर्दछु यो बयान

आऊन सबै शब्द र शक्ति साझा

फैलाउँने विस्तृत विश्वमाझ ॥

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा महाकवि नरेन्द्रनाथ रिमालको जीवन चरित्रलाई वार्णिक। वर्णमात्रिक छन्दमा वर्णन गरिएको छ । महाकाव्यकार नीलकण्ठ भट्टराईले महाकवि नरेन्द्रनाथ रिमालको काव्यगत वर्णनमा जम्मा ११ स्मृति (सर्ग) शीर्षक सहित प्रयोग गरेका छन् । महाकवि नरेन्द्रनाथको जीवनीलाई पुर्ख्यौली सन्दर्भ र जन्म बाल्यकाल, शिक्षाआर्जन, विवाह कर्म, संस्कार, पारिवारिक कुल मर्यादा, सम्पत्ति, साहित्य-साधना पूर्व पीठिका, साहित्य-साधना उत्तर पीठिका, साहित्य शैली र जीवनदर्शन गरी एघार स्मृतिको संरचनामा महाकाव्य टुङ्ग्याएका छन् । महाकाव्य लेखनको होडबाजीमा नेपाली साहित्यका क्षेत्रमा एउटा काव्यगत अंश बृद्धि भएको तथ्यलाई सहर्ष स्वीकार्न सकिन्छ यस महाकाव्यको उपस्थितिलाई ।

महाकाव्यको शुरुका दुई श्लोकमा मङ्गलाचरण गरेपछि महाकवि नरेन्द्रनाथको जीवनवृत्तको उठान गरिएको छ । नुवाकोटमा जन्मेका महाकवि नरेन्द्रनाथ रिमालको पुर्ख्यौली वंशविधानलाई लयवद्ध गरिएको छ । वि.सं. १९३७ शुक्ल अष्टमीका रातमा जन्मिएका महाकविको रिमाल र रेग्मी एउटै थर भए पनि दुई सन्तानबाट दुई थर विभाजित भएको इतिहासलाई महाकाव्यकार नीलकण्ठ भट्टराईले खोतलेका छन् । पितामाताको संस्कार पाएर जीवनविकासको सदमार्गमा हिडेका नरेन्द्रनाथको बाल्यकाल सामान्य किसानका छोराछोरीले झैं वितेको यथार्थ दोस्रो स्मृतिमा अभिव्यक्त भएको छ । अध्यात्मवादी संस्कार र ब्रहमण कर्ममा लीन हुने नरेन्द्रनाथ गोठालो जाने रुद्री वेद, चण्डीजस्ता धार्मिक ग्रन्थको अध्ययन गर्ने बाल्यकालको स्वभावगत विशेषतालाई दोस्रो स्मृतिमा कलात्मक ढङ्गले महाकाव्यकारले व्यक्त गर्न सफल भएका छन् ।

महाकाव्यको तेस्रो स्मृतिमा महाकवि रिमालले आर्जन गरेको शैक्षिक गतिविधिलाई उतारिएको छ । स्थानीय स्तरमा कुनै पनि शैक्षिक वातावरण नभएकाले काशी (वाराणशी) गएर संस्कृत शिक्षा आर्जन गरेको कवि गाथालाई कृतिमा छर्लङ्ग पारिएको छ । पुराण, साहित्य, धर्मशास्त्र, वेद, नीतिशास्त्र, ज्योतिष शास्त्र,

साङ्ख्यशास्त्रको गहन अध्ययन गरी धर्म, अर्थ, काम, मोक्षको मार्गमा आफ्नो शिक्षालाई अभिवृद्धि गर्दै लगेको तथ्यलाई अघि सारिएको छ । उनको शिक्षाले पूर्णतः खारिने मौका पायो र नरेन्द्रनाथ प्रवुद्ध विद्धान व्यक्तित्व बने भनी महाकाव्यमा भट्टराईले कलात्मक प्रस्तुति दिएका छन् ।

चौथो स्मृतिमा महाकवि रिमालको विवाह कर्मको बारेमा वर्णन गरिएको छ । छव्वीस वर्षको उमेरमा सगरमाथा अञ्चलको ओखलढुङ्गा जिललामा पर्ने माम्खा गाउँमा मावली घर थियो र त्यहीँ मावली हजुरबुवा गोपी पोखेलका कुञ्जरमणि र दन्तकेशरका दुई छोरा थिए । तिनैले जुके पानीका काफ्ले परिवारमा शुभ विवाह कर्म सम्पन्न गराएको जीवनगाथा कोरिएको पाइन्छ । पाँचौ स्मृतिमा आएर संस्कार कर्म, औषधि निर्माण र उपचार कर्म, समाजसेवा, युरोप यात्रा गरी नरेन्द्रनाथमा बढ्दै गएको कवित्व, धर्म र कर्मका संस्कारजन्य पुस्तक छाप्नका साथै सत्कर्मका विषयवस्तुलाई महाकाव्यकार नीलकण्ठ भट्टराईले महाकाव्यमा विस्तारित रुपले वर्णन गरेका छन् ।

छैटौँ स्मृतिमा महाकवि नरेन्द्रनाथको पारिवारिक कुल मर्यादालाई समावेश गरिएको छ। उनका दुई पुत्रले राम्रो उन्नति गरी जन्मलाई साकार पारेको चार छोरीहरुको विवाह कर्म गरेको, सन्तानको शिक्षादीक्षा र प्रगतिमा लागेको पारिवारिक पृष्ठभूमिलाई महाकाव्यमा अनुष्टुप छन्दमा लेखनी दौडाएका छन्  महाकाव्यकार भट्टराईले । नरेन्द्रनाथ वि.सं. १९४६ मा जन्मेर वि.सं. २०२० सालमा संसारबाट विदा भएको तथ्य पनि खुलाएका छन् ।  सातौँ स्मृतिमा महाकविको पुर्ख्यौलीथलो सम्पत्ति र जीवनशैलीका विषयमा विशद चर्चा गरिएको छ। अछामको बसाइ त्यागेर पकनाजोल, काशी, इच्छुमती पुगेका र काशीमा पुगेपछि शिक्षा, दान, दया, स्नान जस्ता तत्वलाई राम्ररी बुझेका कुरालाई कथानकमा अघि सारिएको छ । व्यापार कर्मले धन कमाउँदै रामनगरमा सत्रविघा र सिराहामा सात विघा खेत जोडेको र सोही खेती कर्मतिर पनि लगाव राखेका थिए भने श्री ३ चन्द्रशमशेरको काशी दरबारमा बसेर नोकरी गरेको जीवनकहानी महाकाव्यमा उल्लेख गरिएको पाइन्छ ।

आठौँ स्मृतिमा महाकवि नरेन्द्रनाथ रिमालको साहित्य साधनामा व्यतीत जीवन (साहित्य साधना पूर्व पीठिका) को बारेमा वर्णन गरिएको छ । महाभारतकालीन कथालाई समेट्दै जापान, जर्मनी, अमेरिका, सर्विया, इङल्याण्ड, हङगेरी, रुसजस्ता

राष्ट्रहरुमा भ्रमण गर्दै जाँदा १९१४ मा भएको पहिलो विश्वयुद्धको भूमरीमा भएको विनासलाई पनि उनले नजिकबाट अवलोकन गरेको परिवेशलाई महाकाव्यकार यस महाकाव्यमा सहज वर्णन गर्न खप्पिस देखिएका छन् । त्यही विश्वयुद्धबाट प्रभावित भई महाकवि नरेन्द्रनाथको साहित्यसाधना मौलाउँदै र विकसित भएको वर्णन महाकाव्यमा अध्ययन गर्न पाइन्छ । त्यसैगरी नवौं स्मृति (साहित्य साधना उपर पीठिका) मा महाकविले आफ्नी आमाबाट सिकेको अक्षरारम्भबाट नेपालका सुन्दर ठाउँ पहाड, मैदान गोठ, गाउँ आदिमा उनको ज्ञानसूधा खुलेको तथ्यलाई महाकाव्यकारले सरल र सहज ढङ्गले वर्णन गरेका छन् । महाभारतको नेपाली भाषा पुस्तक तयार भएपछि कृष्णचन्द्र रेग्मी र गोपाल नामका व्यक्तिले आफ्नो नाममा छाप्न खोजेको तर पुत्र शिवरत्नले मुद्दा गरेर जितेपछि उक्त महाभारत काव्य प्रकाशन गरेको घटना क्रमलाई नवौँ स्मृतिमा वर्णन गरिएको छ ।

दसौं स्मृतिमा साहित्य शैलीबारे महाकाव्यकार नीलकण्ठ भट्टराईले वर्णन गरेका छन् । उनका रचना शील्पमा भएका शब्द संयोजन, वर्ण, मात्राहरुमा भने केही त्रुटि देखिएका तर भावना भने गहनतम तवरले बगेको तथ्य अघि सारिएको छ । कतै कतै भएर (भेर) , थिएन (थेन) एक (यक), झगडा (झग्रा) जस्ता शब्दमा छन्द मिलान गर्दा दोष भेटिएकोमा महाकाव्यकारले आलोचना समेत गरेका छन् । संस्कृत शब्दको प्रत्यक्ष प्रभाव परे पनि कातर र कलिला भई स्वच्छन्दता बोकी झ्याउरे बनेको तिक्तता पोखिएको भाव महाकाव्यमा स्पष्ट पारिएको छ ।

अन्तिम स्मृति वा एघारौँ स्मृतिमा जीवन दर्शन शीर्षक दिई धर्म, जीवनका बारेमा महाकाव्यकार नीलकण्ठ भट्टराईले उपसंहारको बाटो पहिल्याएका छन् । महाकाव्यमा देवता त्रिलोकभरि हुन्छन्, दुवै शक्तिमा नरवंश पनि रहेको र यस त्रिलोमा चतुर्युग घुमिरहन्छन् तसर्थ हाम्रो वैदिक भाषामा बनेको धर्म दर्शनमा बस्ने जनता जनार्दन हुन् भनी किटान गरेका छन् महाकाव्यकारले । सिद्धि प्राप्तिका लागि साधना गर्नुपर्छ र मृतकको मोक्षका निम्ति मन्त्र चाहिन्छ भनेर अध्यात्म अवधारणा पनि व्यक्त गरिएको छ । अदृश्य शक्ति भनेको आत्मा हो र यो शक्तिको स्रोत विन्दु भनेको नै जगत प्रभु वा परमात्मा हुन् भनी वर्णन गरिएको छ । जीवनभरि जेजे सङ्घर्ष गरे पनि

आखीर ईश्वर नै सर्वशक्तिमान रहेका छन् र ईश्वरीय मुक्तिका लागि जीवन अर्पण गर्न मानिसले जीवनभर दुःख गर्ने तथ्यलाई महाकाव्यमा उल्लेख गरिएको छ ।

यसरी एउटा जीवनमा आधारित महाकाव्य महाकवि नरेन्द्रनाथ रिमालको इतिवृत्तलाई आफ्नो कलमी क्षमतामा महाकाव्यकार नीलकण्ठ भट्टराईले कलात्मक अन्तरशक्तिलाई उजागर गरेका छन् ।

## १.७ शोधको औचित्य :

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको बारेमा अत्यन्त कम समीक्षकहरुद्वारा समीक्षा गरिएको पाइन्छ तर प्रस्तुत महाकाव्यकै परिधिमा रही विभिन्न कोणबाट विस्तृत अध्ययन गरी कृतिगत वैशिष्टय ठम्याउँने काम भएको देखिंदैन । यस शोधमा महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति महाकाव्य) महाकाव्यको बारेमा जान्न चाहने सम्पूर्ण इच्छुक विद्यार्थी, शिक्षक तथा काव्य साहित्यिक पाठकहरुका लागि यस शोध-पत्रले सहयोग गर्ने हुनाले यसको औचित्य झल्किएको छ ।

## १.८ शोधको सीमाङ्कन :

प्रस्तुत शोध-पत्र महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको कृति अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रमा नीलकण्ठ भट्टराईद्वारा रचिएका अन्य खण्डकाव्य, महाकाव्य कृतिहरुको र फुटकर कविता एवम् उपन्यास तथा कुनै पनि रचनाको उल्लेख गरिने छैन । कृतिको नामसम्म उल्लेख गरिने छ । यस महाकाव्यको विवेचना मात्र प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि :

प्रस्तुत शोध-पत्र तयार गर्नका लागि पुस्तकालयीय अध्ययन विधिका आरम्भमा सम्बन्धित विषयका विभिन्न पुस्तक, पत्रपत्रिका तथा शोध-पत्रको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि :

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्री प्राथमिक तथा द्बितीय श्रोतमार्फत् त्रिकोणात्मक विधि अपनाइएको छ साथै प्राक्कल्पना गरिएको छ। शोधको सत्यता प्रमाणितका लागि प्रसङ्गका सुरु र अन्त्यमा सन्दर्भ सङ्केत दिइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधकार्यलाई आवश्यकता अनुसार शीर्षक उपशीर्षक दिएर सङ्गठित तुल्याएको छ । जसका लागि निम्न अनुमानित सङ्गठन तथा रुपरेखा रहेको छ ।

पहिलो परिच्छेद- शोध परिचय

दोस्रो परिच्छेद - नीलकण्ठ भट्टराईको परिचयात्मक व्यक्तित्व

तेस्रो परिच्छेद - महाकाव्यको सैद्धान्तिक आधार

चौथो परिच्छेद - महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको योगदान

पाँचौ परिच्छेद - नेपाली महाकाव्य परम्परामा महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको कृतिपरक अध्ययन

छैठौँ परिच्छेद - उपसंहार र निष्कर्ष

# परिच्छेद-२ (दुई)

## २. नीलकण्ठ भट्टराईको परिचयात्मक व्यक्तित्त्व

### २.१ जन्म र जन्मस्थान

महाकाव्यकार नीलकण्ठ भट्टराई वशिष्ठ गोत्रीय उपाध्याय ब्राह्मण वंशमा जन्मिएका हुन् । नेपालका मौदमल्य गोत्रीय थाङसाङ भण्डारी, खरेल, चालिसे आदिहरूको पूर्व बसोवास कर्णाली क्षेत्र हो । भट्टराईहरूका पूर्वज पाल्पाली भट्ट हुन् । त्यही भट्ट वंशका नीलकण्ठ भट्टराईका पूर्खाहरू शिक्षित र कुलीन थिए । यसै वंशका पिता भीमाहर्क भट्टराई र तुलसीदेवीका कोखबाट छैटौँ सन्तानका रूपमा नीलकण्ठ भट्टराईको जन्म भएको हो । यिनको जन्म सौरमान अनुसार वि.सं. २०१४ साल श्रावण ४ गतेको दिन भएको हो । यिनको जन्मस्थान हालको सगरमाथा अञ्चल मध्येको ओखलढुङ्गा जिल्ला दियाले गाउँ विकास समिति बडा नं. १ धारापानी गाँउमा भएको हो । भीमाहर्क र तुलसादेवीका नौ सन्तान पाँच छोरा र चार छोरी मध्ये भट्टराई सम्पूर्ण सन्तान मध्येका छैठौं र दाजुभाइमध्ये साँइलो 'तेस्रो' हुन् । उनका हाल जेठो दाजु चक्रप्रसाद र कान्छो भाइ किशोर छन् भने दुईटी दिदीहरू अद्यापि विद्यमान छन् । भट्टराईका अन्य दाजु भाइहरूमा साँइलो दाजु उनले थाहा नपाउदै र काइलो भाइ थाहा पाएपछि नै दिवङ्गत भए । भट्टराई ठूला परिवारका सदस्य थिए । उनका चार दिदी बहिनीमध्ये एउटी दिदी उनले थाहा नपाउँदै र एउटी बहिनी थाहा पाएपछि दिवङ्गत भए ।

### २.२ बाल्यकाल र प्रारम्भिक शिक्षा

कवि नीलकण्ठ भट्टराईको वाल्यकाल आफ्नै जन्मस्थलमा संयुक्त परिवारमा वितेको थियो । यिनी जन्मदा त्यस परिवारमा हजुरबा र अजुर आमा, बुवाहरू दाजुभाइ, दिदी बहिनी लगायतका परिवारहरू थिए । त्यस संयुक्त परिवारका सदस्यहरूले नीलकण्ठ भट्टराईलाई निकै माया गर्दथे । आफ्नै बाबुआमाका स्नेहशील काखमा हुर्किएका नीलकण्ठको बाल्यकाल ओखलढुङ्गा जिल्लाको दियाले गा.वि.स. र

वरिवरिका गाउँ बेसीका विभिन्न स्थानमा बितेको पाइन्छ । नेपालको पहाडी जिल्लामा जन्मिएका नीलकण्ठ आफ्ना साथीहरूसँग अत्यन्तै मिलनसार थिए । उनी कृषकका छोरा भएकाले उनको बाल्यकाल पनि साथीहरूसँग रमाउँदै कहिले गोठालो भएर जङ्गल जाने र कहिले विद्यालय जाने, कहिले घाँस काटेर त कहिले बाखा चराएर वित्यो । भट्टराईको परिवारिक स्थिति भने निम्न मध्यम स्तरको थियो । उनले बाल्यकालमा सहरका बालकले जस्तै प्रशस्त पैसासँग परिचित हुने अवसर पाएनन् । उनी खेलकुदमा पनि निकै रूचि राख्दथे । पहाडको विकट स्थानमा रहेको सामान्य परिवारमा खेती किसानबाट एक वर्षका लागि हातमुख जोर्न अन्न उब्जाउन पनि धौ-धौ पर्ने र अन्य आय श्रोतको कुनै बाटो नभएको र बाल्यकालका इच्छाका खाडलहरू भर्न सक्ने परिवारको स्थिति पनि नभएकाले विभिन्न टाला बटुली भकुण्डो खेलेर आफ्ना इच्छा पूरा गर्दथे । भट्टराईको बाल्यकाल बाल्य स्वभाव अनुसार बित्यो । उनका बाल्यकालका साथी सङ्गतिहरूमा मीनबहादुर श्रेष्ठ, चेतबहादुर कार्की, केश दहाल, बिर्सिनसक्ना थिए । यसरी हेर्दा भट्टराईको बाल्यकाल विभिन्न खेलकुदसँगै रमाइलो मै वितेको पाइन्छ ।

कवि भट्टराईको अक्षरारम्भ आफ्नै परिवारमा भएको पाइन्छ । अक्षरारम्भ कति वर्षको उमेरमा र कसले गरायो भन्ने कुरा स्पष्ट रूपमा जानकारी नभए पनि आफ्नै परिवारका सदस्यहरू बुवा, दाजु र दिदीहरूको प्रयासबाट उनले अक्षर चिने । अक्षर र बाह्रखरी सिकिसकेपछि परम्परागत प्रचलन अनुसार विभिन्न देवदेवीका स्तुतिहरू, दुर्गा सप्तशती, चौथो अध्यायसम्म र रूद्रीको पढाइ अघि बढ्यो । यसरी लगभग चारदेखि ६ वर्षसम्मको यस प्रकारको अनौपचारिक पढाइलेखाइपछि मात्र यिनको औपचारिक शिक्षा सुरू भएको पाइन्छ । यिनको प्रथम औपचारिक शिक्षाको सुरूवात ओखलढुङ्गा जिल्लाको खनिभन्ज्याङ्गमा रहेको श्री सरस्वती प्राथमिक विद्यालय पौवाबाट भएको पाइन्छ । विद्यालयमा तत्कालीन शिक्षा व्यवस्थाअनुसराको कखरा शिक्षा पाएपछि भट्टराई सो विद्यालय परिवर्तन गरी श्री जालपादेवी प्रा.वि. जग डाँडामा कक्षा १ मा भर्ना भए । त्यस विद्यालयमा उनले कक्षा २ सम्म मात्र अध्ययन गरे । त्यसपछि त्यो विद्यालयलाई छोडी श्री कालीका देवी उदय प्राथमिक विद्यालय नेवार गाउँ तीनधारे ओखलढुङ्गाबाट अध्ययनलाई त्यत्तिकै छाडिदिए । यसरी हेर्दा तीन कक्षाको पढाइ

पढुन्जेल उनले तीनवटा विद्यालय परिवर्तन गरिएको र सोही ठाउँबाट प्राथमिक र निम्न माध्यमिक तहको पढाइ पढेको देखिन्छ ।

## २.३ किशोरावस्था र माध्यमिक शिक्षा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको किशोरावस्था निकै उतार चढावपूर्ण बितेको पाइन्छ । आफ्नो परिवारका प्रमुख जसले पालन पोषण गरी हुर्काउँथे । त्यस्ता पिताको २०२३ सालतिर देहावसान भयो । पिताको देहावसानपछि आय-आर्जनको स्रोत कर्मकाण्ड वा पुरेत्याइँ पनि बन्द हुँदै गयो । त्यस बेला उनी ९ वर्षका मात्र थिए । त्यसपछि परिवारको सल्लाह र आफ्नो इच्छा अनुसार संस्कृत शिक्षा आर्जन गर्न वि.सं. २०२७ सालमा श्री लक्ष्मी नारायण प्रधान पाठशाला मटिहानी महोत्तरी आएर प्रथम वर्ष वा कक्षा ६ मा भर्ना भए । भट्टराई उच्च पहाडी क्षेत्रमा हुर्केका हुनाले महोत्तरी जस्तो तराई गर्मी ठाउँमा र मैथली समाजमा हुर्कन उनलाई निकै असजिलो भयो । सो विद्यालयमा संस्कृत पढ्न ब्राह्मण बटुकहरूलाई छात्रवृत्ति मार्फत भोजन, आवास र पढाई खर्च समेत दिने व्यवस्था थियो । भट्टराईले पनि २०२७ सालदेखि नै नम्बरी छात्रवृत्ति पाएका थिए । नम्बरी विद्यार्थी भएकाले छात्रवृत्ति व्यवस्था अनुसार कक्षा ६ देखि १० सम्मको पढाई त्यहाँबाट प्राप्त गरे । राम्रो वातावरण पाएका भट्टराई पढाइमा निकै लगनशील थिए फलस्वरूप वि.सं. २०३३ सालमा उनले द्वितीय श्रेणीमा पूर्वमध्यमा वा एस.एल.सी. उत्तीर्ण गरे । यसरी हेर्दा भट्टराईको माध्यमिक तहको पढाइ १९ वर्षमा पुरा भएको पाइन्छ ।

## २.४ युवावस्था र उच्च शिक्षा

कवि भट्टराईको उच्च शिक्षाको आरम्भ २० वर्षको उमेरबाट आरम्भ भएको पाइन्छ । भट्टराईले वि.सं. २०३४ सालमा माध्यमिक शिक्षा अध्ययन गरेकै स्थानमा रहेका श्री यज्ञ वल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीमा उत्तरमध्यमा प्रमाण पत्र तह (आई.ए.) भर्ना भई उच्च शिक्षाको सुरूवात गरेको देखिन्छ । उत्तरमध्यमाको दुई वर्षे अध्ययनको सफलतासँगै वि.सं. २०३६ सालमा शास्त्रीतहमा भर्ना भए । उनलाई अब पढाइ मात्र अघि बढाउँनु थिएन । ताकि परिवार पनि चलाउँनु थियो । त्यही कारणले

वि.सं. २०३८ सालसम्ममा शास्त्री द्वितीय वर्ष अर्थात् (स्नातक) उत्तीर्ण भएपछि वि.सं. २०३८ सालमै जागिरतिर तानिए । त्यस बेला शास्त्री वा बी.ए. दुई वर्षे मात्र थियो । भट्टराई वि.सं. २०३९ सालमा स्नातकोत्तर सरहको अध्ययन गर्न काठमाडौँ गए । उनी संस्कृत भाषाका विद्यार्थी भएका कारणले त्यही साल कीर्तिपुर बहुमुखी क्याम्पस कीर्तिपुरमा मूल विषय संस्कृत लिएर स्नातकोत्तर (एम.ए.) प्रथम वर्षमा भर्ना भए । त्यसपछि सोही क्याम्पसबाट भट्टराईले वि.सं. २०४१ सालमा स्नातकोत्तर (एम.ए.) उत्तीर्ण गरे । भट्टराई स्नातकोत्तर उत्तीर्ण हुँदा २७ वर्षका भएका थिए । यहीबाट उनको औपचारिक उच्च तहको अध्ययन समाप्त भएको देखिन्छ ।


## २.५ ब्रतबन्ध, विवाह तथा सन्तान

हिन्दू धर्म संस्कार अनुसार ब्राम्हण जातिको उपनयन संस्कार आठ वर्षको उमेरमा गर्नु पर्ने चलन छ । सो अनुसार भट्टराईको ब्रतबन्ध पनि आठ वर्षको उमेरमा भएको थियो । भट्टराईको ब्रतबन्ध वि.सं. २०२२ साल फाल्गुन महिना माघ शुक्ल पूर्णिमाका दिन सम्पन्न भएको देखिन्छ । भट्टराईलाई गायत्रीदान र वेदारम्भ गुरू श्री अम्बिका प्रसाद पराजुलीले गराएको पाइन्छ । नीलकण्ठ भट्टराई दाम्पत्य जीवनमा बाँधिदा युवावस्थामा प्रवेश गरेका थिए। उनको शुभ विवाह घर परिवारको योजनानुसार उदयपुरका दामोदर दाहाल र पदम कुमारीकी सुपुत्रीसँग बौद्धिक विधिअनुसार सम्पन्न भएको थियो । भट्टराईको शुभ विवाह वि.सं. २०३६ साल जेष्ठ २१ गते २२ वर्षको उमेरमा दुर्गा कुमारीसँग भएको देखिन्छ । दाहालहरू शिक्षित परिवारमा गनिएको देखिन्छ । तत्कालीन समयमा पनि छोरीमान्छेले अध्ययन गर्नु शिक्षित परिवारकै परिचय मान्नुपर्छ । दुर्गा सानै उमेरदेखि मृदुभाषी, सरल स्वाभाव र सहयोगी भावना भएकी नारी थिइन् । वर्तमानमा पनि उनका बानी व्यवहारमा परिवर्तन भएको पाईदैन ।

नीलकण्ठ भट्टराईका निशा, निराजन र निरञ्जन गरी तीन सन्तान छन् । उनकी एक छोरी निशाको जन्म वि.सं. २०४४ सालमा भएको हो भने हाल उनी वि.वि.एस. तेस्रो वर्षको परीक्षा दिएर बसेकी छिन् । त्यस्तै जेठो छोरो निराजनले स्नातक उत्तीर्ण गरे भने कान्छो छोरो कक्षा १२ मा अध्ययनरत रहेको पाइन्छ । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) भट्टराई हालसम्म पनि कुनै पनि दाजु भाइबाट,

छुट्टिएका छैनन् । त्यसैले उनीहरूको पैत्रिक सम्पत्तिको बाँडफाँड नगरिएका कारणले तीन दाजु भाइका सामुहिक परिवार रहेकाले १४ जनाको संयुक्त परिवार नै रहेको देखिन्छ ।

नीलकण्ठ भट्टराईको वंशवृक्ष




## २.६ आजीविका र आर्थिक अवस्था

कवि नीलकण्ठ भट्टराईको जन्म नेपालको दुर्गम जिल्ला मध्येको एक जिल्ला ओखलढुङ्गामा भएको थियो । पिता पूर्खाहरू सामान्य मध्यम वर्गीय अवस्थाका थिए । यिनको जन्म यही सामान्य निम्न मध्यम परिवारमा भएको देखिन्छ । यिनको परिवारको मुख्य पेशा कृषि थियो । यिनको घर पहाडी भू-भागमा भएकाले बारी नै धेरै थियो । खोला खेत थोरै मात्र रहेको र पाखाबारीको खासै उब्जनी नहुने भएकोले वर्ष भरी बिहान बेलुकाको छाक टार्न मात्र सीमित हुने भएकोले घरको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । यिनका पिता कर्मकाण्डी अर्थात् पुरोहित थिए । त्यही पुरेत्याइँबाट जेनतेन परिवार चलेको देखिन्छ । वि.सं. २०३३ सालमा पिताको देहवासान भएपछि झन आर्थिक विपन्नतामा पिल्सिनु पऱ्यो । यही कारणले वि.सं. २०३६ सालमा आफ्नो

परिवारिक अवस्थालाई आर्थिक विपन्नताबाट छुट्कारा दिन ओखलढुङ्गामा रहेको सम्पूर्ण खेतबारी बिक्री गरी उदयपुर जिल्लामा पर्ने देउरी गा.वि.स. हालको त्रियुगा न.पा. मा बसाई सरी दस महिना व्यतीत गरेको पाइन्छ । भट्टराईको परिवारको प्रमुख पेशा कृषि थियो । उर्वर भूमिको खोजीमा भौतारिदैसर्लाही जिल्लाको चुरेशृङ्खलामा रहेको ढुङ्ग्रेखोला गा.वि.स. वडा नं. ३ केराबारीमा बसाइँ सरेको पाइन्छ । सर्लाही जिल्लामा भित्रिएपछि परिवारिक आर्थिक अवस्था सवल हुँदै आएको देखिन्छ ।

आर्थिक अवस्थालाई सवल र जीवनको स्थायित्त्व खोज्ने क्रममा कहिले सामुदायिक विद्यालय त कहिले संस्थागत विद्यालयमा जागिर खान पछि नपर्ने विभिन्न आरोह-अवरोह घात-प्रतिघात सहँदै भए पनि वि.सं. २०४४ सालदेखि सरकारी जागीरमा प्रवेश गरेपछि भने पारिवारिक स्थिति उकालो लाग्दै गएको पाइन्छ । हाल भट्टराईले सहायक प्रशासकको लामो जागिरे जीवन व्यतीत गरिसकेका छन् । भट्टराईका परिवार श्रीमती छोरा-छोरी काठमाण्डौमा डेरा गरी बसोबास गरिरहेका छन् । भट्टराईले वर्तमान समयमा आफ्नो कमाई र दाजुको सहयोगबाट राजधानीको भक्तपुर जिल्लामा एउटा घरेडीसम्म किनेको पाइन्छ । गगन चुम्वी महल पजेरो र प्राडो किन्न नसकेता पनि आधारभूत आवश्यकता अर्थात् तीन छोरा छोरीको पढाई तथा घर खर्च गर्न उनीहरूको कमाइले धानेको नै छ । कम्प्यूटर, टेलिफोन तथा मोबाइल जस्ता वैज्ञानिक उपकरणहरू उनले प्रयोग गर्दै आएका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) यसरी भट्टराईको आर्थिक अवस्था सबल र सक्षम नै भए पनि दयनीय जीवनमा भद्र श्रीमतीको सहयोगका कारणले उनको जीवन क्रमश : सम्पन्नतातर्फ धकेलिदै गएको आभाष हुन्छ ।

## २.७ स्वभाव

बाल्यकालमा अन्तर्मुखी स्वभाव भएका भट्टराई आफ्ना मनका भावना वा चाहना स्पष्टसँग बाहिर ननिकालेर त्यसको परिमाणको लेखाजोखा गरेर मात्र भावना व्यक्त गर्ने स्वभाव रहेको पाइन्छ । यसै कारणले उनले बहिर्जगत्सँग सम्बन्ध राख्दै जीवनका अनूभुतिहरूलाई साहित्य मार्फत बाहिर निकालेको देखिन्छ । उनको जीवनलाई नियाल्दा बाल्यकालदेखि नै अत्यन्त मिलनसार र सहयोगी देखिन्छन् ।

आफ्ना गुरूहरूप्रति सधैँ आदर र श्रद्धाभाव व्यक्त गर्ने भट्टराईमा आफ्ना अभिभावकहरूको भावना बुझेर कदर गर्ने कुनै झन्झट र रिस नदेखाउने स्वभाव रहेको देखिन्छ । सरल स्वभावका धनी भट्टराई अर्काको कल्याणका लागि जस्ता सुकै कुरामा पनि नाईनास्ति नगरी सहयोग गर्न पछि नपरेको देखिन्छ । मसिनो स्वरका धनी भट्टराई, विद्यार्थी, प्राध्यापक तथा कर्मचारी हुँदा कसैले पनि कालो मुख लगाउनु परेन । अनावश्यक कुरा नबोल्ने, नगर्ने, बोल्दा गमेर र भरसक ढिलो बोल्ने, कुनै विवादमा नफसिने गरी औपचारिक र सन्तुलित किसिमले तटस्थपूर्वक बोल्ने स्वभाव रहेको देखिन्छ । उनी मान्छेलाई छिट्टै प्रभाव पार्ने र काम लिन दिन साह्रै सिपालु देखिन्छन् । कामप्रति लगनशील भट्टराई विद्यार्थी कालमा अत्यन्तै विनयशील मृदुभाषी नम्र स्वभाव, मिलनसार, स्वभिमानी स्वभावका व्यक्तित्त्व थिए भन्ने कुरा उनीबाट थाहा पाइन्छ । महत्त्वकांक्षा भन्दा आफूलाई धेरै टाढा राखेर साहित्यको सेवा गरी नेपाली साहित्यको समृद्धिका लागि मरिमेट्ने भट्टराईको विशेष गुण रहेको देखिन्छ । सबै प्रति समान व्यवहार गर्नु, जातीयताका आधारमा कसै माथि भेदभावको दृष्टि नराख्नु, सदाचारमा रहनु र सत्कर्ममा संलग्न रहने चारित्रिक विशेषता भट्टराईमा रहेको पाइन्छ । मुसुक्क हाँस्दै बोल्ने भट्टराई जुनसुकै समयमा पनि साहित्यका कुनै पक्षको अध्ययन विश्लेषण तथा साहित्यको सिर्जनामा समय व्यतीत गर्नु नै श्रेयस्कर ठान्दछन् । समग्रमा भन्नु पर्दा शिष्टता, सरलता, भद्रता, विनयशीलता एवं सहयोगी भावनाले सजिनु नै भट्टराईको चारित्रिक विशेषता हुन् ।

## २.८ रूचि

साहित्य अध्ययन र प्रशासनिक सेवा नै नीलकण्ठ भट्टराईका रूचिका मूल क्षेत्र हुन् । उनी साहित्यिक कृतिहरूको रचना गर्नका अतिरिक्त विशिष्ट साहित्यकारहरूका कृतिहरूको अध्ययन विश्लेषण गर्न रूचाउँछन् । साहित्यलाई मूल आधार बनाउने भट्टराईले सिर्जनाका विभिन्न क्षेत्रमा कलमको मसी खर्चेका छन् । साहित्यका विभिन्न विधामध्ये भट्टराईको विशिष्ट रूचिको विषय नै कविता रचना हो । संस्कृत साहित्यको क्षेत्रमा प्रचलित परिष्कारवादी धारामा कविता रच्ने भट्टराईका कवितामा समसामयिक समाजको चित्रण र प्राकृतिक चित्रण गर्न रूचाउनुका साथै सामाजिक भेदभाव, विकृति

र विसङ्गतिलाई विषय वस्तुका रूपमा प्रयोग गरिएको पाइन्छ । परिष्कारवादी कविता रचना गर्न रूचाउने उनी छन्दमा कविता रचना गर्न सिद्धहस्त देखिन्छन् । भट्टराईको रूचिको अर्को क्षेत्र खोजमूलक लेख लेख्नु हो । कुनै पनि रचना लेख्दा दोस्रो, तेस्रो पटकसम्म साफी गर्नु पर्ने अर्को धारणा छ । धर्मप्रति भट्टराईको गहिरो आस्था छ । भट्टराई हिन्दू र बौद्धिक धर्मप्रति आस्था राख्दछन् । उनी परम्परागत कट्टरताभन्दा केही परिमार्जन सहितको धर्म मान्न रूचाउँछन् । उनी प्रत्येक विहान हिन्दू देवदेवी मध्ये उच्चपद मानिने विष्णुको पूजा गर्न तथा कुल पूजन कार्य गर्न रूचाउँछन् । सामाजिक क्षेत्रमा रहेका विभिन्न विसङ्गतिलाई चिरफार गरेर देखाउनु स्वदेशको माया उमार्ने शिक्षा दिनु, कुनै वाद-प्रणाली असत्यताको भण्डाफोर गर्नु, त्यस सम्बन्धी व्याख्या विश्लेषण गरेर यथार्थ झल्क्याउनु, उनको कार्य रहेको छ भन्दा अत्युक्ति नहोला । हिन्दू संस्कारमा आधारित चाडपर्वमा बढ्दै आएको विकृति र भड्किलोपन प्रति भट्टराई असन्तुष्ट देखिन्छन् । यसरी हेर्दा भट्टराईमा धार्मिक कट्टरता वा त्यस प्रतिको उग्र वितृष्णा नभई समयको परिवर्तनसँगै सम्पूर्ण कुराहरूमा परिवर्तन हुने हुनाले त्यही परिवर्तनसँगै आफूलाई परिवर्तन गर्न सक्ने खुवि रहेको देखिन्छ । कवि भट्टराईमा नेपाली रहनसहन प्रति निकै मोह छ। युवा उमेरमा निकै पिरो, अमिलो, साथै नेपाली परिकार खान मन पराउने भट्टराई सादा आलु, भात, तरकारी रोटी जस्ता साविक भोजन गर्न मन पराउँछन् । उनी आफ्नो शारीरिक स्वास्थ्य प्रति निकै सचेत छन् । उनलाई गुलियो, अमिलो, पिरो जस्ता खाना खान नहुने रोग प्रोस्टेट ग्ल्याण्ड, र मधुमेह रोग लागेकाले उनी हाल कार्वोहाइड्रेट रहित खाना खान्छन् । भट्टराईलाई भडकिलो व्यवहार मनपर्दैन । त्यसैले उनी कपडा लगाउनमा पनि त्यति सौखिन देखिदैनन् । मानव भएर स्वतन्त्र रूपले बाँच्न पाउनु पर्दछ । मानवले मानवको कर्तव्य पालना गर्नु पर्दछ भन्ने भट्टराई मानिसको भाग्य आफैँ बनाउनु पर्छ भन्ने गीतापाठलाई मन पराउँछन्। भट्टराई शान्त वातावरणमा बस्न रूचाउँछन् । उनी समाजमा मिलेर बस्नु पर्छ एकले अर्कालाई सकेसम्म सहयोग गर्नु पर्छ भन्दै आफू पनि स्वतन्त्र र निष्पक्ष रूपमा बस्न रूचाउँछन् ।

## २.९ पेशा

नीलकण्ठ भट्टराई विविध पेशाामा संलग्न भएका छन् । आरम्भमा पिता पूर्खाको कृषि पेशामा सामेल भएकोले उनले औपचारिक रूपमा कृषि पेशालाई अँगालिरहेका छन् । भट्टराई आफ्नो अध्ययन पछि जीवन निर्वाहका निमित्त शैक्षिक प्रशासनिक सेवातर्फ संलग्न छन् ।

## २.९.१ शिक्षण पेशा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको शिक्षण पेशामा संलग्नता वि.सं. २०३८ सालमा शास्त्री (वी.ए. सो सरह) को परीक्षा पश्चात् हुन थाल्यो । भट्टराईले यही साल विभिन्न जिल्लाका प्रा.वि., नि.मा.वि. र मा.वि. हरूमा अस्थायी नियुक्ति लिएर पढाएको देखिन्छ । भट्टराईको शिक्षण पेशाको जीवनको सुरूवात सोलुखुम्बु जिल्लाको गुँदेल मा.वि. सोलुखुम्बुबाट सुरूभएको थियो । त्यहाँ तीन-चार महिना जति पढाएर दुर्गम भएको ठानी छोडिदिए । शास्त्रीको परीक्षामा सफलता हात पारेपछि भट्टराईले सोही वर्ष धनुषा जिल्लाको चिसापानी गा.वि.स. मा रहेको श्री जनता जयसवाल मा.वि. गोदारमा मा.वि. तहको नेपाली विषय पढाउन थाले । भट्टराईले स्नातकोत्तर उत्तीर्ण गरेपछि वि.सं. २०४२ सालमा नुवाकोट जिल्लाको नर्जा मा.वि. मा अस्थायी मा.वि. शिक्षकको दरबन्दीमा रही अध्यापन गरेको देखिन्छ। उनले जागिर कै क्रममा २०५१-२०५२ सालसम्म जनकपुरधाममा स्थापित मोनाष्टिक आवसीय मा.वि. मा अध्यापन गरेको देखिन्छ भने २०५३-२०५४ सालसम्म जनकपुरकै एञ्जल सेकेन्डरी बोर्डिङ् स्कूलमा आंशिक शिक्षकको रूपमा अध्यापन गरेको पाइन्छ ।

## २.९.२ प्रशासनिक पेशा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको प्रशासनिक पेशाको थालनी २०४४ साल कार्तिक १२ गतेदेखि भएको हो । भट्टराईको प्रशासनिक पेशा नै मुख्य पेशाको रूपमा रहेको छ । उनको जीविकोपार्जनको मुख्य स्रोत पनि यही पेशा नै हो । वि.सं. २०४४ सालमा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय र हाल नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत रहेको वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग काठमाण्डौमा हेड असिस्टेन्ट (ना.सु.) पदमा अस्थायी नियुक्ति पाई प्रशासनिक सेवा सुरू गरेको देखिन्छ । २०४८ सालमा

सोही पदमा स्थायी नियुक्ति पाएको देखिन्छ । भट्टराई २०५० सालमा जनकपुर स्थित हजारी जनक विद्यापिठमा सरूवा भए । सोही विद्यापिठमा रहँदा भट्टराई २०५८ सालमा विश्वविद्यालयको खुल्ला विज्ञापन मार्फत लिएको परीक्षामा सफल भई २०५७ साल चैत्र १ गतेदेखि स्थायी सहायक प्रशासकको रूपमा पदस्थापन भई सोही पदमा कार्यरत रहेका भट्टराई पनु: काठमाण्डौँको बाल्मीकि विद्यापीठमा २०७३ माघ १० गते सरुवा भई हाल पनि कार्यरत छन् ।

### २.९.३ संस्थागत संलग्नता

कवि नीलकण्ठ भट्टराई अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्त्व ठहरिएकाले विभिन्न संघ-संस्थाहरूसँग सम्बद्ध देखिन्छन् । भट्टराई विद्यार्थी अवस्थादेखि नै कुनै न कुनै रूपमा विभिन्न संस्थाहरूमा संलग्न देखिन्छन् । विद्यार्थी जीवनमा मटिहानी पुस्तकालय हालको श्री शङ्कर आदर्श पुस्तकालयको संस्थापक सदस्य भए । भट्टराई जागिरे भएपछि नेपाल संस्कृत विश्वविद्यालय हजारी जनक विद्यापिठ कर्मचारी संघ एकाई समितिका सचिव भए । त्यही संस्थामा रहँदा भट्टराई न.सं. वि.वि. कर्मचारी संघ केन्दीय समितिको निर्वाचित सदस्य रहेको देखिन्छ । यस अन्तर्गत सर्लाही जिल्लाको ढुङ्ग्रेखोला गा.वि.स. स्थित शिवेश्वर युवा फाउण्डेशनको संस्थापक उपाध्यक्षका रूपमा पनि भट्टराई संलग्न छन् ।

## २.१० शोक, सङ्कट र सङ्घर्ष

हरेक व्यक्तिका जीवनमा शोक, सङ्कट र सङ्घर्षका कथा व्यथा गाँसिएका हुन्छन् । यसमा भट्टराई पनि अछुतो छैनन् । भट्टराई पनि आफूले जीवनमा दु:खका अनुभव धेरै र सुखका अनुभूति कमै सङ्गालेको बताउँछन् । भट्टराईले प्रथमत : आफूलाई असाध्यै स्नेह गर्ने आफ्ना पितासँगैको विछोडको पीडालाई खेप्नु पऱ्यो । भट्टराई ९-१० वर्षको हुँदा नहुँदै २०२३ सालमा पिता, एउटा भाइ र एउटी बहिनीको समेत मृत्यु हुँदा अत्यन्तै दु:खी भएको पाइन्छ । भट्टराई नेपालको विकट जिल्लामा जन्मेका हुन् । त्यसमा पनि ठूलो परिवार थियो । सानैमा मरीमरी काम गर्नु पर्दथ्यो । सानै उमेरमा नै पितृवियोग सहँदै पढाइ, लेखाइ र घरतिरको पनि हेरविचार गर्नु

पर्दाको क्षण उनका लागि सबभन्दा कहाली लाग्दो भयो । २०२७ सालमा ओखलढुङ्गा छाडी महोत्तरीको मटिहानीमा पढ्न जाँदा पनि उनले अत्यन्तै दुःख पाए । भट्टराई अत्यन्त कलिलो मन भएका भावुक व्यक्ति हुन् । त्यसैले होला २०३६ सालमा आफू जन्मिएको र हुर्केको गाउँ ठाउँलाई चटक्क छोडेर बसाइँ सर्नु पर्दा भट्टराईमा निकै मानसिक आघात परेको देखिन्छ । २०५४ साल भट्टराईका लागि निकै पीडादायक भयो । २०५४ साल भाद्र शुक्ल द्वितीयका दिन आफ्नी ममतामयी आमा तुलसादेवीको मृत्यु भएको थियो । उनका लागि सही नसक्नु भयो । भट्टराई यही साल निकै बिरामी पनि परे । भट्टराईलाई २०५४ मंसिर महिनामा प्रोस्टेट ग्ल्याण्ड (मुत्रथैलीमा मासु पलाएको) नामक रोग देखिएको र सोका उपचारका क्रममा मधुमेह समेत भएको देखिन्छ ।

## २.११ नीलकण्ठ भट्टराई व्यक्तित्त्व

कवि भट्टराईले नेपाली साहित्यको उन्नति र प्रगतिको लागि अथक परिश्रम गरेको देखिन्छ । नेपाल र नेपालीको शीर नेपाली साहित्य, कविता, उपन्यास, समालोचना, अनुसन्धानात्मक लेख जस्ता विधामा कलम दौडाएर सगरमाथा झै चुल्याएका छन् । विद्यार्थी अवस्थामा मटिहानी छात्रावासको साहित्यिक वातावरण तथा छरछिमेक साथी सङ्गति, विद्धान् इष्टमित्र आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका छन् ।

### २.११.१ साहित्यिक व्यक्तित्त्व

कवि नीलकण्ठ भट्टराइको सार्वजनिक लेखन यात्रा कविता विधाबाट सुरू भएको देखिन्छ र यो नै उनको रूचिको विधा बनेको पाइन्छ । त्यसपछि आख्यान विधा हो । संस्कृत छात्रावास मटिहानीबाट २०३७ सालमा प्रकाशित वर्ष १ को स्वदेश गौरव नामक पत्रिकामा 'आकाङ्क्षा' शीर्षक लिएर झुल्केका कवि भट्टराईको कलम कविता, खण्डकाव्य, महाकाव्य, उपन्यास, अनुसान्धानात्मक लेख गर्दै बढिरहेको देखिन्छ ।

#### २.११.१.१ काव्य सिर्जनाका लागि प्रेरणा स्रोत


कवि नीलकण्ठ भट्टराई मूलत : साहित्यकार हुन् । उनको स्रष्टा प्रतिभा साहित्यका अनेक विधामा मौलाएको छ । भट्टराईले कति वर्षको हुँदादेखि सृजना गर्न थाले भन्ने उनलाई नै थाहा छैन तर शिक्षा आर्जनका क्रममा महोत्तरी जिल्लाको मटिहानी संस्कृत छात्रावासबाट साहित्यिक लेखनको प्रारम्भ गरेका हुन् । प्रथमत : उनले नाटकमा भाग लिएका थिए । त्यो नाटक देखाउँदा सबैले स्याबासी दिएकाले अप्रत्यक्ष रूपमा साहित्यतर्फ रूचि जाग्न थालेको बताउने भट्टराई त्यसबेला लघुनाटक र लोकगीतले प्रभाव पारेको बताउँछन् । मटिहानीको छात्र पुस्तकालय वा श्री शंकर आदर्श पुस्तकालयका स्थापनाका अवसरमा भएको प्रतियोगितामा साथीहरूले पुरस्कार प्राप्त गर्दा आफूलाई पनि कविता लेख्ने प्रेरणा प्राप्त भएको भट्टराईको भनाइ छ । छात्रावासको बसाइका क्रममा एक जनासाथीसँग भनाभन भई झगडामा आफू हारेपछि सोही घटनालाई कविता मार्फत बाहिर ल्याउँन भट्टराईले सर्वप्रथम कविता लेखेका हुन् । भट्टराई नेपाली साहित्यका अग्रणी व्यक्तित्त्वहरूबाट पनि राम्ररी प्रभावित भएका छन् । उनका प्रेरक कृति र कृतिकारहरूमा भानुभक्तको 'रामायण' लेखनाथ पौड्यालका कविताहरू, लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्य, माधवप्रसाद घिमिरेको 'गौरी' शोककाव्य मूख्य रहेका छन् । भट्टराई आख्यान र राजनीतिमा विश्वेश्वरप्रसाद कोइरालाको आख्यान र जीवनीबाट प्रभावित भएका छन् । उनको प्रथम प्रकाशित 'आकाङ्क्षा' शीर्षकको कविता हो । भट्टराई कविता, खण्डकाव्य र महाकाव्य लेखेर चर्चित भएका छन् । लामो समयसम्मको सृजनात्मक सक्रियताका कारण भट्टराई आज एउटा स्थापित साहित्यकारका रूपमा परिचित र प्रतिष्ठित हुन पुगेका छन् । भट्टराईका साहित्यिक तथा अन्य व्यक्तित्त्व र विविध आयामहरू रहेका छन् ।

### २.११.१.२ **कवि व्यक्तित्त्व**

कवि नीलकण्ठ भट्टराई नेपाली साहित्यका विशिष्ट कवि सावित हुँदैछन् । कविताका विविध आयाममा कविता लेखेर उनी नेपाली साहित्यिक संसारमा चिनिएका छन् । उनले आफ्नो कवितामा मानिसका जीवनशैली, रूचि, मनोविज्ञानलाई समेत

बुझेर प्रस्तुत गरेका छन् । भट्टराईको २०३७ सालमा प्रकाशित 'स्वदेश गौरव' नामक मुख पत्रिकामा प्रकाशित आकांक्षा शीर्षकको कविताबाट आरम्भ हुन्छ ।

भट्टराईको कवि व्यक्तित्वका आयामहरूलाई निम्नलिखित रेखामा देखाउन सकिन्छ :




## १. फुटकर कविता व्यक्तित्व

नीलकण्ठ भट्टराई फुटकर कविताका स्रष्टाको रूपमा परिचित छन् । उनको काव्य यात्रा आकाङ्क्षा नामक फुटकर कविताबाट प्रारम्भ भएको हो । फुटकर कवितामा उनले विविध प्रकारका र भावका कविताहरू लेखेका छन् । उनका फुटकर कविताहरू २०३६ सालदेखि २०६४ सालसम्म विविध पत्र पत्रिकामा प्रकाशित भएका छन् । भट्टराईको एउटा 'त्रिवल्ली' कविता संग्रह २०६४ सालमा प्रकाशित भएको छ । त्रिवल्ली कविता संग्रहमा पद्य लय, गद्य लय र गीति लय कविता सङ्ग्रहीत छन् । पद्य खण्डलाई प्रथम वल्ली नाम दिएको छ । यस खण्डमा आठवटा कविता रहेका छन् । यस अन्तर्गत कविता, आमा, नयाँ वर्ष, जागरण कविताभित्र, भानुको सम्झनामा, मोतीको सृजना, तङ्ग्रेका दुई पाखुरा, पङ्खा, कविता सङ्ग्रहित छन् । यस अन्तर्गत आकाङ्क्षा कवितामा वर्तमान सन्दर्भमा राष्ट्रिय एकताको महत्त्व, आमाको सपना एक सन्देश, गतिशील समयलाई मान्छेको चुनौति, नेताका मन्त्र र नयाँ परिवर्तन, सडक कविता, साहित्यसंसार, युवाको दायित्त्व र शकुनिको सत्ता, कविता रहेका छन् । गीति खण्डलाई तृतीय बल्ली शीर्षक दिइएको छ । यस अन्तर्गत आठवटा कविता रहेका छन् । उठ हे ! दीप जलाई, भानुभक्तप्रति, शान्ति र प्रजातन्त्र, आत्मविचार, संसद, तिर्सना लाग्यो मलाई, भएन निशान्त र मेरो भविष्य कविताहरू रहेका छन् ।

'त्रिवल्ली' कविता संग्रहमा २४ कविता सङग्रहित छन् । यस भित्रका कविताहरूमा विविध विषय भाव, विचार पाइन्छ । मूलत : पूर्वीय अध्यात्म चेत, मध्ययुगीन सङ्कटापन्न राष्ट्रिय परिवेश माटोप्रतिको असीम अनुराग, काव्य र

सर्जकहरू प्रतिको तीब्र आष्था, युद्धजन्य विभिषीका चिन्तनको चस्का र सह-अस्तित्त्वको भाव यस सङ्ग्रहका काव्यात्मक विषय बनेका छन् । (रिजाल ०६४) त्रिवल्ली कविता सङग्रहका पद्य कविताहरूमा मन्दक्रान्ता, अनुष्टुप र वंशस्थ छन्दमा लेखिएका कविताहरू छन् । गद्य खण्ड अन्तर्गतका कविताहरू वैचारिकताका दृष्टिले उच्च रहेका छन् । यी कवितामा वैयक्तिक, सामाजिक र राजनीतिक क्षेत्रमा व्याप्त विकृति विसङ्गति, नेताहरूको स्वार्थीपन र दुई जिब्रेपन आदि प्रति व्यङ्ग्य र विरोधका स्वरहरू प्रमुख रूपमा मुखरित भएका छन् । प्रस्तुत कविता सङ्ग्रहका कविता भाषागत लगायत र शैलीगत दृष्टिले अत्यन्त उच्च रहेका छन् । भावलाई सुललित र गीतिमय ढङ्गले कविले कवितामा प्रयोग गरेका छन् । २०३७ सालदेखि सक्रियता र संलग्नता एवं उपर्युक्त कविताको प्रस्तुतिले नै उनको विशिष्ट पहिचान बन्न पुगेको छ ।

## २ खण्डकाव्यकार व्यक्तित्त्व

खण्डकाव्यकार नीलकण्ठ भट्टराई नेपाली खण्डकाव्यकार मध्ये विशिष्ट पहिचान दिन सफल भएका देखिन्छन् । भट्टराईका साहित्य यात्रामा सबभन्दा उच्च तहको व्यक्तित्त्वपनि खण्डकाव्यकार व्यक्तित्त्व नै हो । भट्टराई नेपाली खण्डकाव्यका रोमान्टिक धाराका कवि हुन् । रोमान्सेली भावको शिल्प विधामा क्लासिक शिल्प समायोजनमा सचेतता रहेको देखिन्छ । भट्टराई छन्दमय कविता परम्परामा परिचित खण्डकाव्यकार हुन् । नेपाली खण्डकाव्य जगतमा देवकोटा, घिमिरे, बासुदेव त्रिपाठीहरूलाई भट्टराईले आफ्ना खण्डकाव्य मार्फत पछ्याएका छन्। उनका खण्डकाव्यमा भावगत सक्षमता, बौद्धिकता र चिन्तनशीलताको स्पर्श, रम्य छन्दोवद्धता र कसिलो प्रस्तुति पाइन्छ । उनका खण्डकाव्यमा स्वच्छन्दतावादी र यथार्थवादतर्फको चिन्तनको तत्त्व पनि भेटिन्छ । अन्तर्वस्तुका रूपमा उनका खण्डकाव्यले सूक्ष्म रूपमा प्रकृति प्रेम, देशप्रेम, मायाप्रीति, इतिहास र संस्कृति, पूराकथा र आद्य-बिम्ब, सामाजिक र युगीन प्रतिच्छवि, व्यङ्ग्य विश्वबोध , मानवता, जीवनका विसङ्गति र करूणा एवं आस्था र अस्तित्त्व चेतना आदिको सेरोफेरोलाई अँगालेका छन् । उनलाई साहित्यको आँगनमा राम्ररी परिचित बनाउने कृति पनि खण्डकाव्य नै हो । संख्यात्मक दृष्टिले उनका दुई

खण्डकाव्य प्रकाशित छन् । पहिलो खण्डकाव्य 'वीपीको समाधि' २०५९ दोस्रो 'सरोज स्मृति सप्त पल्लव' २०६० रहेका छन् ।

'वीपीको समाधि' २०५९ खण्डकाव्य भट्टराईको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । प्रस्तुत खण्डकाव्य नेपाली राजनीतिमा महत्त्वपूर्ण योगदान दिने राजनीतिक तथा साहित्यिक व्यक्तित्त्व विश्वेश्वरप्रसाद कोइरालाको मृत्युपछिको अवस्थालाई मुख्य विषय बनाएर लेखिएको छ । भट्टराईको प्रस्तुत खण्डकाव्य, मानव महाकाव्यको भाइ भए पनि प्रकाशनका दृष्टिले अघि जन्मिएको छ । मानिस मरेर गए पनि उसको महत्त्वपूर्ण विचार र योगदान कहिल्यै मर्दैन । मानिस मरणशील भएपनि मरणपछि पनि नाम रहिरहनु पर्छ । नेपाली राजनैतिक र साहित्यिक दुवै क्षेत्रमा विशिष्ट ख्याति प्राप्त गरेका कोइरालाको मृत्युले नेपाली जनमानसमा पारेको प्रभाव र उब्जिएको अन्यौलता पूर्ण स्थितिको चित्रण गरिएको छ ।

'सरोज स्मृति सप्त पल्लव' (२०६०) प्रस्तुत खण्डकाव्य भट्टराईको खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य भट्टराईको तेस्रो कृति हो । प्रस्तुत खण्डकाव्य जीवनीपरक शोक खण्डकाव्य हो । उक्त खण्डकाव्यमा भट्टराईले नेपाली आन्दोलनका लागि निरन्तर लड्ने योद्धा सरोज कोइरालाको जीवनी र व्यक्तित्त्वलाई मुख्य विषय बनाएका छन् । सरोज कोइरालाको वि.सं. २०३० साल कार्तिक २ गते भारतको विहार प्रान्तमा रहेको मधुवनी सहरमा अज्ञात बन्दुकधारी व्यक्तिहरूद्वारा हत्या (ऐजन) गरिएको थियो । प्रस्तुत खण्डकाव्यमा मानिसले आफ्नोदेश र जनताका लागि सदा लागिरहनु पर्छ ; यही नै मानवीय कर्तव्य हो भन्ने तथ्य प्रस्तुत गरेका छन् । मानिसको मृत्युलाई सजिलै वरण गर्नु सक्नु पर्छ । एउटा देश भक्तले आफ्नो राष्ट्रको विकासका लागि अविरल प्रयत्न गरिरहनु पर्छ भन्ने भाव प्रस्तुत खण्डकाव्यमा व्यक्त गरेका छन् । प्रस्तुत खण्डकाव्यमा कोइरालाको पूरा बाँचुन्जेलको जीवनयात्रा उनको व्यक्तित्त्व उनको योगदानको र हत्याको विषयलाई खण्डकाव्यमा समेटिएको छ । प्रथम पल्लवमा श्रीमती लिला कोइरालाको आत्मा पुकारलाई प्रस्तुत गरिएको छ । त्यसै गरी चौथो, पाँचौ र छैटौं पल्लवमा उनले गरेका कार्य विवरणहरू छन् भने सातौं पल्लवमा आत्मा तत्त्वको खोजी गरिएको छ । प्रस्तुत खण्डकाव्य सातौं पल्लवमा विभाजित छ । प्रस्तुत खण्डकाव्यमा शार्दूलविक्रीडित र अनुष्टुप छन्दको प्रयोग गरिएको छ । (घिमिरे

०५८/०५९) त्यस काव्यको प्रत्येक पङ्क्ति पङ्क्तिमा सरोज कोइरालाको रीष्ट्रयता, प्रजातन्त्र र समाजवादका साथै वसुदैव कुटुम्वकम्को भावना तरङ्गित भएको पाइन्छ ।

## ३. महाकाव्यकार व्यक्तित्त्व

नीलकण्ठ भट्टराईको कलम महाकाव्यमा पनि दौडिएकै पाइन्छ । त्यसैले उनको व्यक्तित्त्वको अर्को पाटो महाकाव्यमा पनि झल्कन्छ । उनको महामानव महाकाव्य २०६३ प्रकाशित छ । प्रस्तुत महाकाव्य भट्टराईले २०५८ सालभन्दा अघि नै लेखिसकेका थिए । उक्त महाकाव्यले २०५५ सालमा लेखनारम्भ गरी नौ महिनामा तेह्र सर्ग कलेवर प्राप्त गरेको थियो। प्रस्तुत महाकाव्य भट्टराईको लेखनका दृष्टिले पहिलो पुस्तकाकार कृति हो । प्रस्तुत महाकाव्य प्रकाशनका क्रममा तेस्रो अथवा साँहिलो कृति हो । प्रस्तुत महाकाव्यको प्रकाशन धरणिधर पुरस्कार प्रतिष्ठान विराटनगरले २०६३ सालमा गरेको हो । प्रस्तुत महाकाव्यमा जहानियाँ राणा शासनका विरूद्धमा आफ्नो सम्पूर्ण जीवन समर्पण गरी नेपाली राजनीतिमा महामानव उपाधि प्राप्त व्यक्ति र नेपाली साहित्यका क्षेत्रमा यौन मनोवैज्ञानिक आख्यानकारका रूपमा स्थापित विश्वेश्वरप्रसाद कोइरालाको समग्र जीवन वृत्तलाई कथावस्तुको रूपमा लिइएको छ । पूर्वीय महाकाव्य मान्यतानुसार आठ सर्ग भन्दा माथिको सर्ग व्यवस्था राख्ने उद्देश्य अनुरूप प्रस्तुत महाकाव्यमा तेह्र सर्ग विधान गरिएको छ । महाकाव्यका नायक उच्च वंशमा जन्मिएका छन् । नेपाली समाजमा उच्च योगदान दिएका व्यक्तित्त्व हुन् । पूर्वीय संस्कृति मान्यता अनुसार महाकाव्य सर्गबद्ध हुनु पर्छ भन्ने भनाईलाई अत्मासात गरेको छ । प्रस्तुत महाकाव्य नमस्कारात्मक मङ्गलाचरणबाट आरम्भ गरिएको छ । मङ्गलचरण खण्डमा गणेश, सरस्वती, श्रीहरि, शिव र कुलदेवतालाई नमस्कारात्मक अभिवादन गरिएको छ । महाकाव्यले नेपाली इतिहासको एक कालखण्डमा जन्मिएर विशिष्ट उचाइ थपेका व्यक्तित्त्वलाई उजागर गरी इतिहासमा भएको सत्य घटनालाई आधार मान्नु पर्छ भन्ने मान्यतालई पनि समेटेको छ। भट्टराईले धर्म, अर्थ, काम, मोक्ष, मध्ये चारै कुरालाई प्राप्तिको हेतुले महाकाव्य रचना गरेको छन् । प्रस्तुत महाकाव्यमा भट्टराईले महाकाव्य मान्यता अनुसारको नगर, वन, उद्यान, ऋतु परिवर्तन, विवाह, कुमारको जन्म, नायकको अभ्युदय आदिको पनि प्रशस्त वर्णन गरेका छन् । प्रस्तुत

महाकाव्यमा नायकको जन्मदेखि मृत्युपर्यन्तका विविध घटना चक्रलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएकाले ७७ वर्षको कथावस्तुलाई समेटिएको छ । प्रस्तुत महाकाव्यमा विभिन्न अलङ्कार अलङ्कृत गरिएको छ । भट्टराईले प्रस्तुत महाकाव्यमा काव्य नायक कोइरालाको सौन्दर्यबोध प्रतिभा, नेतृत्त्वक्षमता र उदारता आदि गुणलाई उद्घाटन गरेका छन् ।

प्रस्तुत महाकाव्य मझौला आयाममा विस्तारित रहेको छ । महाकाव्यमा जम्मा एक हजार दुई सय पच्चीस श्लोक रहेका छन् ।संख्यात्मक दृष्टिले हेर्दा नवौं सर्ग १५६ श्लोक भएकोले सबैभन्दा लामो देखिन्छ भने चौथो सर्ग ४८ श्लोक सहित सबैभन्दा छोटो सर्गको पक्षमा रहेको छ । चरित्र प्रधान महाकाव्य महामानवको भाषा अत्यन्त सरल र सहज रहेको छ । त्यसैगरी उनको अर्को शाहश्रृङ्खला महाकाव्य प्रकाशित छ । सो महाकाव्य वि.सं. २०५८ साल जेष्ठ १९ गते भएको नारायणहिटी हत्याकाण्ड र नेपालमा शाहवंशको समग्र शासनकाललाई समेटिएको विषय प्रस्तुत गरिएको छ । शाह-शृङ्खला महाकाव्य प्रकाशित महाकाव्य हो । प्रस्तुत महाकाव्य आफू जन्मेको ठाउँको प्राकृतिक सम्पदा तथा विविध विषय वस्तुलाई समेटिएको छ, भने पन्ध्र गतिमा पूर्ण गरेको उक्त महाकाव्य २०६८ सालमा प्रकाशित भएको हो ।

### २.११.१.३ उपन्यासकार व्यक्तित्व

नीलकण्ठ भट्टराईले आख्यान क्षेत्रमा पनि कलम चलाएका छन् । भट्टराईको एउटा उपन्यास प्रकाशित छ । प्रस्तुत वनदेवीको आत्मवृत्तान्त उपन्यास २०६४ सालमा प्रकाशित भएको हो । उक्त आख्यानात्मक कृतिमा नेपालको वन्यसम्पदाको महत्त्व बारे चर्चा गरिएको छ। प्रस्तुत उपन्यासमा वनलाई मानवीकरण गरी वनको जीवनीको आत्मवृतान्तलाई मुख्य विषय बनाइएको छ । प्रस्तुत लघु उपन्यासको आयामगत लम्बाई ३४ पृष्ठसम्म फैलिएको छ। मानिस र वन जङ्गलवीच अन्योन्यास्रित सम्बन्ध रहेको छ । वन जङ्गलबिना मानिसको अस्तित्त्व सङ्कटमा पर्दछ भन्ने भावनालाई प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ । जस्तो सुकै विज्ञानको विकास

भए पनि वनजङ्गल बिना मानिस अस्तित्त्वहीन हुन्छ । आज मानिसको उच्च वृद्धिदर र कलिला वनजङ्गलको विनासले मानिस जीव, जन्तु तथा प्राणीहरूको अस्तितत्त्व मेटिदै गएको विषयलाई उपन्यासको मूल विषय बनाइएको छ । यी वन-जङ्गललाई आफ्नो आवास बनाएर जन्मिएका हुर्किएका र जीवनको सार्थकता पाएका वन्य-जन्तु, पशुपंक्षीहरूले पनि वातावरणीय सन्तुलन कायम गर्नका साथै बहुमूल्य समेत उपलब्ध गराउँछन् भन्ने कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

आज वनदेवीको मन धेरै उत्साह र उमङ्गले भरिएको छ । तराईदेखि हिमालसम्म पूर्वदेखि पश्चिमसम्मको विशाल वनमा एकछत्र राज गर्दै आएकी वनदेवी केही समय अगाडि आएको विनाशकारी हुण्डरीमा ढुन्मुनिएकी थिइन् । उनको होस् हराएको थियो । उनको गीत हराएको थियो । उनको स्वर हराएको थियो । साथै उनको जोश, जाँगर पनि हराएको थियो । तर आज वनले पुन : आफ्नो पूर्ववत् स्वरूप धारण गर्दै गएको छ । त्यसैले आज पनि वनदेवीका आत्मा प्रफुल्ल हुनु पर्छ भन्ने कुरालई व्यक्त गरिएको छ । विश्वमा नेपाललाई चिनाउँने वनलाई नै जोगाउँनु पर्छ भन्ने कुरालाई व्यक्त गरिएको छ । विश्वमा नेपाललाई चिनाउँने वनलाई नै जोगाउँनु पर्छ भन्ने लक्ष्यका साथ उपन्यास अघि बढेको छ । प्रस्तुत उपन्यास पूर्व दीप्तिशैलीमा लेखिएको छ ।

### २.११.१.४ अनुसन्धानात्मक व्यक्तित्त्व

नीलकण्ठ भट्टराईमा अनुसन्धानात्मक व्यक्तित्त्व पनि देखिदै छ । उनको अनुसन्धानात्मक  व्यक्तित्त्वको अनुसन्धानात्मक एउटा पुस्तकाकार कृति प्रकाशित भएको छ । उनका विभिन्न अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् ।

सर्लाहीका साहित्यिक प्रतिभाहरू अनुसन्धानात्मक कृतिको प्रकाशन हरिवन-काठमाण्डौ समाज सर्लाही, ओखलढुङ्गा र खोटाङका शुभचिन्तकहरूले गरेका छन् । नेपालका राजधानीभन्दा बाहिर मोफसलमा रहेका साहित्यकारहरू मध्ये सर्लाही जिल्लामा रहेका साहित्यकारहरूको परिचय, कृतित्त्व र व्यक्तित्त्वलाई कृतिमा समावेश

गरिएको छ । प्रस्तुत कृतिमा सर्लाही जिल्लामा रहेर साहित्य साधना गरिरहेका तीस जना साहित्यकारको परिचय समेटिएको छ ।

सर्लाहीका साहित्यिक प्रतिभाहरू कृतिमा तीनजना नारी स्रष्टा र २७ जना पुरूष स्रष्टाको जन्ममिति, जन्मस्थान, बुवा, आमाको नाम, शिक्षा, पेशा, प्रकाशित वा अप्रकाशित कृतिहरूको सूचि प्रस्तुत गरिएको छ । वर्ण क्रमका आधारमा स्रष्टाहरूको कृतित्त्व र कृतिहरूको संक्षिप्त टिप्पणी पनि गरिएको छ । कृतिमा सङ्कलित स्रष्टाहरू सर्लाही जिल्लामा मात्र नभई देश भर र विदेशमा पनि विशिष्ट अस्तित्त्व बनाइसकेका व्यक्तिहरू रहेका छन् । सर्लाहीमा रहेर कलम चलाउने स्रष्टाहरूमा अञ्जुदेवी भट्टराई (२०१०), उषा अधिकारी पौडेल (२०११), कालिबाबा रामप्रसाद भट्टराई (२०३२), कृष्णप्रसाद घिमिरे (२०३३), डा. काशिराज शर्मा सुवेदी, किरण कुमार भट्टराई (२०३२), कुलचन्द्र बराल (२००९), कुमार भट्टराई (२०२२), गंगाप्रसाद दास (१९९०), गुणराज काफ्ले (१९९७), पजीवंश्वर मिश्र (१९८४), तारादेवी सुवेदी (२०४५), दिनेश अधिकारी (२०१६), ध्रुवहरि अधिकारी (२००९), नन्दहरि अधिकारी (१९८०), नीलकण्ठ भट्टराई (२०१४), राजकुमार भट्टराई (२०३४), राधाकृष्ण भट्टराई, डा. राम दयाल राकेश (२५ जुलाई १९४२), रामहरि जोशी (१९८५), राम प्रधान (२०१९), रामप्रसाद वाग्ले, शर्मिला घिमिरे (२०३६), श्याम भट्टराई (२०१८), होमप्रसाद (गृहस्थी) (२०५१), हृदयनारायण चौधरी (२००५) का प्रकाशित र प्रकाशोन्मुख कृतिहरूको संक्षिप्त चिनारी दिइएको छ ।

प्रस्तुत कृतिमा नीलकण्ठ भट्टराईले आफ्नो अनुसन्धानात्मक क्षमतालाई देखाएका छन् । भट्टराईले प्रस्तुत कृति मार्फत सर्लाहीलाई देशभर परिचित बनाउने प्रयास गरेका छन् । सर्लाहीका प्रतिनिधि साहित्यकारहरूमा नयाँ देखि पुराना स्रष्टाहरूलाई जोड्ने क्रममा प्रस्तुत कृति सर्लाहीका साहित्यिक प्रतिभाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

भट्टराईका अन्य फुटकर अनुसन्धानात्मक लेख रचनाहरू पनि प्रकाशित भएका छन् । उनका अनुसन्धानात्मक लेख रचनाहरूमा नेपालका नदीहरूको महत्वका बारेमा प्रस्तुत गरिएको छ ।

१. मिथिला क्षेत्रको पश्चिमी सीमान्त गण्डकी नदीको मुलुक २०५५ निशान्त (मुखपत्र), ह.ज.वि.पी. जनकपुरधाम ।


२.	मिथिला क्षेत्रमा प्रवाहित त्रियुगा र कमला नदीहरूको उत्पति र परिचय, निशान्त (मुखपत्र), ह.ज.वि.पी. जनकपुरधाम ।

### २.११.१.५ सम्पादक व्यक्तित्व

नीलकण्ठ भट्टराईमा सम्पादक व्यक्तित्व पनि देखिंदै आएको पाइन्छ । उनले विविध कृति तथा पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । भट्टराईले आफ्नो कवितात्मक, उपन्यासात्मक कृतिहरूको प्रकाशन पनि आफैले गरेका छन् । भट्टराईले महेन्द्र संस्कृत विश्वविद्यालय ह.ज.वि.पी. द्वारा प्रकाशित वार्षिक मुखपत्र निशान्तको प्रथम र द्वितीय अङ्कको सम्पादन क्षमताको परिचय दिने प्रक्रिया पुरा गरिएको पाइन्छ । सर्लाहीका साहित्यिक प्रतिभाहरू शीर्षकको अनुसन्धानात्मक कृति पनि आफ्नै सम्पादकत्वमा प्रकाशित गरिएको पाइन्छ । भट्टराईले आफूले पढेका जानेका र लामो समयसम्मको विद्धता प्रस्तुत कृतिमा गरेका छन् । प्रस्तुत कृतिमा भट्टराईले लेखकको नामको वर्णानुक्रमका आधारमा कृति सम्पादन गरेका छन् । कृतिभित्र नयाँ सिकारूदेखि देश तथा विदेशमा समेत ख्याति कमाएका व्यक्तित्वहरूको कृतित्व र व्यक्तित्त्वलाई सुत्रात्मक तरिकाले सम्पादन गरेका छन् । कृतिकारहरूको चर्चित कृतिको सुत्रात्मक टिप्पणी पनि गरिएको छ । प्रस्तुत कृतिमा नारी स्रष्टा, नेपाली स्रष्टा र मैथिली स्रष्टाको बारेमा व्यापक खोज गरी सुत्रात्मक भाषा शैलीमा प्रस्तुत कृति सम्पादन गरिएको पाइन्छ ।

## २.१२ भट्टराईको साहित्यिक यात्राका चरण र प्रवृत्ति

नीलकण्ठ भट्टराईको साहित्यिक यात्रा विभिन्न मोड र घुम्तिहरूबाट अघि बढेको पाइन्छ । भट्टराईका साहित्यिक यात्राभित्र खास-खास समयमा देखापरेको मोडहरूले गर्दा सृजनाको यात्रा अघि बढेको छ । उनले वि.सं. २०३७ सालमा प्रकाशित 'आकाङ्क्षा' कविताको प्रकाशनबाट कविता यात्रा थालेका हुन् । भट्टराईको झण्डै तीन दशकको साहित्यिक यात्रालाई विभिन्न चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ । भट्टराईको पुस्तकाकार कृतिको प्रकाशन र लेख प्रवृत्तिका आधारमा यहाँ चरण विभाजन गरिएको छ ।




### २.१२.१पूवार्द्ध चरण सुरूदेखि २०५८ सालसम्म

कवि नीलकण्ठ भट्टराईको समष्टि साहित्यिक यात्राको पूवार्द्ध चरण पहिलो पृष्ठभूमि चरण हो । यस चरणमा भट्टराईको साहित्यिक यात्राले अन्तर्विकासको चरण उजागर गर्दै अगाडि बढेको छ । भट्टराईको साहित्यिक यात्राको पृष्ठभूमिको महत्वपूर्ण काम गरेको छ । भट्टराईले यस कालमा फुटकर कविता लेखनको अभ्यास गरेका छन् । उनको यसै काल खण्डमा खण्डकाव्य र महाकाव्य लेखनको गति अगाडि बढेको पाइन्छ । कसैले यस कालखण्डलाई पृष्ठभूमि वा अभ्यास काल भनिएको देखिन्छ । यस चरणलाई दुई उप-चरणमा विभाजन गर्न सकिन्छ ।

#### २.१२.१.१ पहिलो उपचरण-सुरूदेखि २०३७ सम्म

नीलकण्ठ भट्टराईको साहित्यिक यात्रामा २०३७ सालसम्मको अवधि साहित्यिक प्रेरणा र प्रभावको चरण हो । यस समयमा भट्टराईका कुनै पनि रचना प्रकाशित भएनन् । भट्टराईको यस उपचरणलाई नेपथ्यको चरण पनि भन्न सकिन्छ । भट्टराईले कक्षा चारमा पढ्दा श्री कालीका देवी उदय प्रा.वि. को वार्षिकोत्सवका अवसरमा देखाइएको नाटकमा सहयोगी पात्र भएर नाटक (पूर्ववत् २०) खेलेको पाइन्छ । भट्टराईले भनाईका क्रममा मटिहानी गएपछि त्यहाँ भएको घटना समेटी प्रथम कविता लेखेर आफ्ना अभिभावक योगराज कोइरालालाई देखाउँदा लय मिलेको तर छन्द

नमिलेकोले उनीबाटै 'यमाताराजभानसलगा' को सूत्र वा नियम अनुसार गण छुट्याउन (पूर्ववत् २१) सिकेको इतिहास देखिन्छ । सोही छात्रावासमा हुने विभिन्न कार्यक्रम, लोकगीत, दोहोरी गीतमा पनि भट्टराईले भाग लिएर आफ्नो प्रतिभा प्रवेश गरेको देखिन्छ ।

### २.१२.१.२ दोस्रो उपचरण २०३७ देखि २०५८ सालसम्म

कवि नीलकण्ठ भट्टराईको साहित्यिक व्यक्तित्वले यस चरणमा औपचारिक प्रस्फुटनको अवसर पायो । भट्टराईले पहिलो उपचरणमा पाएको प्रभाव प्रेरणालाई उपयोग गरी २०३७ सालमा 'स्वदेश गौरव' पत्रिकामा प्रकाशित 'आकाङ्क्षा' शीर्षकको कविता प्रकाशित गरी औपचारिक साहित्यिक यात्रा आरम्भ भएको पाइन्छ । त्यसपछि २०५० सालसम्म कुनै कविता वा लेख प्रकाशित भएको देखिदैन भने २०५० सालपछि ह.ज.वि.पी. को वार्षिक मुखपत्र 'निशान्त' र 'मधुपर्क' जस्ता पत्र पत्रिकामा कविता लेख प्रकाशन भएको पाइन्छ । त्यसपछि यस अवधिमा उनका 'तङ्ग्रेका दुई पाखुरा' शीर्षकको 'कविता' पत्रिकामा प्रकाशित भएको छ । ह.ज.वि.पी. मुखपत्रमा निशान्त शीर्षकको कविता प्रकाशित भएको छ ।

यस चरणमा भट्टराईले विभिन्न अनुसन्धानात्मक रचना पनि लेखेको र प्रकाशित गराएका छन् । यस अवधिमा उनका 'मिथिला क्षेत्रको पश्चिमी सीमान्त गण्डकी नदीको एक झलक' (२०५५) र 'मिथिला क्षेत्रमा प्रवाहित त्रियुगा र कमला नदीहरूको उत्पत्ति विवरण र परिचय' (२०५७) शीर्षक प्रबन्धात्मक लेख ह.ज.वि.पी. को वार्षिक मुखपत्र निशान्तमा प्रकाशित भएका छन् ।

भट्टराईका पूवार्द्ध चरणका कविताहरूमा विद्यार्थी सुलभ चाहना, प्रकृतिप्रति मोह, नेपाली भाषा र भेषप्रतिको आस्था, जातीयता र भेदभाव रहित समाजको चाहना, आफ्नो बाहुबलप्रतिको आत्मविश्वास र प्रजातान्त्रिक व्यवस्थाप्रति आस्था जस्ता विशेषता पाइन्छन् । भट्टराई अनुसन्धानात्मक लेख रचनाहरूमा राष्ट्र र राष्ट्रियताको महानता गौरवताको अभाव प्रस्तुत भएको पाइन्छन् । भट्टराईका लेखहरूमा प्रकृतिप्रतिको रहस्यमय भाव, नेपालका प्रकृति र नदीनालाको ऐतिहासिक उत्पत्तिको खोजी जस्ता विशेषता पाइन्छन् । यस उपचरणमा भट्टराईको परम्परागत लेखन शैली

बनिसकेको समग्र रूपमा यस चरणलाई नियाल्दा उनको लेखन प्रवृत्ति परिष्कारवादी शैली शिल्पको प्रयोगतर्फ उन्मुख भएको देखिन्छ ।

### २.१२.२ उत्तरार्द्धचरण २०५९ देखि हालसम्म

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको उत्तरार्द्धचरण कृति प्रकाशनको चरण हो । यस चरणमा भट्टराईले विधागत पहिचान गरेका छन् । यस चरणमा भट्टराईले आफ्नो व्यक्तित्त्वलाई पाठक समक्ष विभिन्न विधा मार्फत प्रस्तुत गरेका छन् । यो चरण भट्टराईको महत्त्वपूर्ण उपलब्धिको चरण हो । यस चरणमा भट्टराईले कविताका विविध आयाममा आफ्नो पहिचान छोड्न सफल हुँदै आएको देखिन्छ । कविता अन्तर्गत पर्ने विभिन्न लघु आयामका कविता, मध्ये आयामका खण्डकाव्य र वृहत् आयामका महाकाव्य सम्मको लेखन र प्रकाशन भट्टराईले यसै चरणमा गरेका छन् । भट्टराईको पूर्वार्द्ध चरण लामो समयसम्म कतै सक्रिय र कतै निष्कृय भएपनि यस चरणमा उनी मूलत : सक्रिय नै रहेका छन् । यही चरणले भट्टराई कवि, खण्डकाव्यकार, महाकाव्यकार, उपन्यासकार, खोज-अनुसन्धानकर्ता तथा सम्पादकका रूपमा अघि बढेको देखिन्छ ।

उत्तरार्द्ध चरणमा भट्टराईका संख्यात्मकता र गुणात्मक दुवै दृष्टिले प्रशस्त कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा सर्वप्रथम भट्टराईले महाकाव्य लेखेका छन् । तर प्रकाशनका दृष्टिले खण्डकाव्य पहिलो प्रकाशित कृति भएको हो । भट्टराईको प्रथम प्रकाशित कृति 'वीपीको समाधि' खण्डकाव्य २०५९ हो । यस चरणमा प्रकाशित कृतिहरू निम्नानुसार देखिन्छ ।

१. 'वीपीको समाधि' खण्डकाव्य (२०५९)
२. 'सरोज स्मृति सप्त पल्लव' खण्डकाव्य (२०६०)
३. 'महामानव' महाकाव्य (२०६३)
४. 'त्रिवल्ली' कविता सङ्ग्रह (२०६४)
५ 'वनदेवीको आत्मवृतान्त' लघु उपन्यास (२०६४)
६. 'सर्लाहीका साहित्यिक प्रतिभाहरू' अनुसन्धानात्मक लेख (२०६५)
७ 'शाह शृङ्खला' (महाकाव्य) (२०६६)

८.	‘ओखलढुङ्गा’ (महाकाव्य)

९.	महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य)

**अर्धलिखित कृतिहरू**

१. कान्छा बाहुन (सामाजिक उपन्यास)

२. नैवेद्य (समालोचना)

भट्टराईको उत्तरार्द्ध चरण कृति प्रकाशन, कृतिको महत्व, कृतिको अन्तर्वस्तु, विधागत विविधताको दृष्टिले छुट्टिन्छ । यस चरणलाई उत्तरार्द्ध चरण नामाकरण गरिएको छ । भट्टराईका यस चरणमा देखिएका प्रवृत्तिहरू विभिन्न प्रकारका छन् । पूर्वज स्रष्टा र सहिदहरूप्रतिको मोह मानवीकृत, प्रकृतिको अकर्मण्यताको मन्द विरोध, प्रवृतिको मोह चित्रण, पछौटेपनप्रतिको वर्णन, पूर्वीय अध्यात्मिक चेत, समयुगीन सङ्टापन, रीाष्ट्र्य परिवेशको चित्रण, प्रकृतिको माटोप्रतिको अनुराग, काव्य र सर्जकहरूप्रतिको  तीब्र आस्था, युद्धजन्य विभीषिका चिन्तनको चस्का, सह अस्तित्वको भाव र गहिरो समवेदना जस्ता विशेषता साहित्यकार भट्टराईका कृतिहरूमा देखा पर्दछ ।

# परिच्छेद-३ (तीन)

## महाकाव्यको सैद्धान्तिक आधार

### ३.१. महाकाव्यको परिभाषा

संस्कृत साहित्यमा महाकाव्यलाई प्रवन्धकाव्य अन्तर्गत राखिएको छ । आनन्दवर्द्धनले प्रवन्धकाव्यमा कथावस्तुको सुदृढ योजना र रस प्रतिपादन हुनुपर्छ भनेका छन् । कथावस्तु अन्तर्गत नाटकीय सन्धि र सन्ध्याङ्गको प्रयोग र यसमा पनि अनुकूल अलङ्कारहरूको प्रयोग हुनपर्छ भन्ने उनको विचार पाइन्छ । वास्तवमा प्रवन्ध काव्यमा एउटा कथात्मक गठन र गुम्फन हुन्छ कथात्मक ढाँचामा मानव जीवन र जगतको विशद पक्षको काव्यात्मक प्रस्तुति हुन्छ । प्रवन्धकाव्यलाई दुई रूपमा विभाजन गर्न सकिन्छ :- (१) महाकाव्य (२) खण्डकाव्य ।

काव्य र साहित्य सम्बन्धमा काव्यको रूप र भाव पक्षलाई समेट्छ् । साहित्यले कृतिको उद्देश्य र भाव पक्षलाई सङ्केत गर्दछ । साहित्यको व्युत्पति 'हितेन सह सहित या साहितस्य भाव साहित्य' हुन्छ अर्को हिसावले 'साहितस्य शब्दार्थ संयुक्तस्य साहित्य' भनिएको पनि पाइन्छ ।

## ३.२ महाकाव्यको स्वरूप

संस्कृतसाहित्यमा महाकाव्यको स्वरूपका पहिलो चर्चा गर्ने आचार्य भामह (इशाको पाँचौ शताब्दी) हुन् । हेमचन्द (ईशाको बाह्रौ शताब्दी) ले पनि महाकाव्यको स्वरूप र परिभाषाको सम्बन्धमा चर्चा गरेको देखिन्छ । यसमा भामह र दण्डीको विचार उल्लेख छ ।

आचार्य भामहले महाकाव्यमा वस्तुगठन सर्गवद्धता र पञ्चसन्धिको निर्वाह हुनुपर्छ भनेका छन् । यसै क्रममा दूत सन्देश यात्रा युद्ध आदिको वर्णन पनि हुनुपर्छ भन्ने भामहको कथन छ । नायकका लागि महान् व्यक्तिको चरित्र र महान् कार्यको प्रस्तुति हुन आवश्यक छ। यसका अतिरिक्त नायकको अभ्युदय र विजयको वर्णन पनि हुनु अनिवार्य छ । कलापक्षमा शिष्ट पद विन्यास र अलङ्कारयोजना हुनुपर्छ भन्ने भामहको भनाइ छ ।

आचार्य दण्डी (इशाको छैटौ शताब्दी) को विवेचनामा विस्तृतता पाइन्छ । दण्डीको महाकाव्यमा कथावस्तु, नायक, रस, चतुवर्गमध्ये एउटाको प्रयोग प्रकृतिको वर्णन, अलङ्कारको प्रयोग, छन्दयोजना र सर्गवद्धता हुनपर्छ भनेका छन् । कथावस्तुको आधारका रूपमा ऐतिहासिक र सदाश्रित हुनुपर्छ भन्ने दण्डीको भनाइ छ ।

## ३.३ महाकाव्यको सैद्धान्तिक आधार

संस्कृतको काव्यशास्त्रीय ग्रन्थ अनुसार सम्पूर्ण काव्य साहित्य दृश्यकाव्य र श्रव्यकाव्य गरी दुई भागमा विभक्त छ । दृश्यकाव्य अन्तर्गत गद्य, पद्य तथा चंपू पर्दछन् । पद्य काव्य पुन : महाकाव्य, खण्डकाव्य र मुक्तकाव्य गरी तीन भेदमा विभाजित छ । गद्यकाव्यकथा आख्यिका आदिमा चंपूकाव्यको कुनै भेद छैन । त्यो गद्य पद्य मिश्रित हुन्छ ।

## ३.४ महाकाव्य परम्पराको विकास

संस्कृतका महाकाव्यलाई हामी तीन श्रेणीमा विभाजित गर्न सक्छौं । पहिलो श्रेणीमा विशुद्ध संस्कृतमा लेखिएका जस्तै कालिदास, माघ, श्रीहर्ष आदि दोस्रो श्रेणीमा पालि तथा प्राकृत भाषाका महाकाव्य आउँछन् र तेश्रो श्रेणीमा महाकाव्य अपभ्रंश

पर्दछन् । ऐतिहासिक दृष्टिले महाकाव्यको लामो परम्परालाई तीन भागमा विभाजित गरिएको छ । पहिलो उद्भव युग कालिदास भन्दा पहिले दोश्रो अभ्युत्थान युग देखि लिएर श्रीहर्षसम्म र तेश्रो ह्रासयुग तेह्रौं शताब्दीदेखि लिएर अन्तसम्म ।

### ३.४.१ अभ्युत्थान युग

अभ्युत्थान युगका मुख्यकविहरू जस्तै कालिदास अश्वघोष, भट्टि माघ, भारवि र श्रीहर्ष हुन् । संस्कृत भाषाको महाकाव्य परम्परामा कालिदास, अश्वघोष, भारवि, भट्टि, माघ र श्रीहर्ष यी छ जना महाकाव्यकारका कृतिहरूको स्थान प्रमुख मानिएको छ । तर श्रीहर्षसम्म जुन उन्नत परम्पराको प्रवर्तन भयो त्यसमा बौद्धमहाकवि अश्वघोष पछि बुद्धघोषको नाम आउँछ । बुद्धघोष ४०० इस्वीमा भएका हुन र उनको नामबाट पद्मचूडामणि नामक दश सर्गको एक काव्यकृतिको उल्लेख भएको छ । भीमका (५००) को २७ सर्गको एक रावणर्जुनीय महाकाव्य देखापर्दछ । भर्तृमेढले लेखेको हयग्रीवध यद्यपि यो कृति अहिले उपलब्ध छैन तर कल्हणले राजतरंगिणी (३।२६०, २६२) मा लेखेका छन्  कि मेढ नाम गरेका एक महाकवि स्वनिर्मित हयग्रीववध नामक महाकाव्य लिएर कास्मीरका तत्कालीन राज मातृप्तकोमा भएका थिए । मातृगुप्त आफै राम्रा कवि र काव्यप्रेमी राजा थिए । उनी चक्रवर्ती सम्राट विक्रमादित्य हर्षको राजसभाका सम्मानित कवि थिए र राजा हिरण्य निःसन्तान निधन भएपछि विक्रमादित्य हर्षले उसलाई कास्मीरको राजगद्धीमा बसाएका थिए । कालिदास, भट्टि र माघभन्दा पहिले सातौं शताब्दीको मध्यमा भए । जसले जानकीहरण महाकाव्यको रचना गरेका थिए । जसको अहिले पन्ध्रसर्ग मात्र उपलब्ध छ । रत्नाकरको महाकाव्य हरविजयका क्रम, माघको शिशुपालबध पछि आउँछ । उनी कास्मीरका राजा चिप्पड जयापिड (७७९, ८३१) तीर राजकवि थिए । उनको प्रवन्ध ५० सर्ग तथा ४३२० श्लोकमा समाप्त भएको छ ।

नवौं शताब्दीको आरम्भमा शिवस्वामीले भारवी तथा माघको काव्य शैलीमा काफि्फणभ्युदय नाम महाकाव्यको रचना गरे । उनी पनि कास्मिरी थिए ।

यसै शताब्दीमा कास्मिरका महाकवि अभिनन्दले रामचरित्र महाककाव्य लेखे । यसै समय कास्मीरका महाकवि शंकुकले भुवनाभ्युदयको रचना गरे । कास्मीरकै

काव्यकारहरूमा क्षेमेन्द्रको नाम उल्लेखनीय छ । उनी अनन्त र कलशको राज्यकालमा थिए । उनको महाकाव्यको नम दशावतारचरित्र हो । यस्तै कास्मीरका राज जयसिंहको सभपण्डित मंखकको श्रीकण्ठचरित्रत नाम पनि उल्लेखनीय छ । संस्कृत साहित्यमा हरिश्चन्द्र नामले अनेक विद्वान्को उल्लेख भएको छ । धर्मशर्माभ्युदय नामक महाकाव्यका लेखक हरिश्चन्द्र अथवा हरिचन्द्रको स्थितिकाल एघारौं शताब्दी थियो । यिनी जैन धर्मावलम्बी थिए । अर्का जैन आचार्य हेमचन्द्र बाह्रौ शताब्दीका हुन् । उनले त्रिषठकलाका पुरूष चरित्रको निर्माण गरे । जुन चैं महाभारतशैलीको ग्रन्थ हो । यसै शताब्दीमा जैन महाकवि वाग्भटले नेमिनिर्वाणको रचना गरे । वाग्भट नामले पनि अनेक ग्रन्थकार चिनिए । जसको उल्लेख जैनयुगमा गरिएको छ ।

बाह्रौं शताब्दीमा श्रीहर्ष पूर्वका महाकविहरूमा माधवभट्ट चण्डकवि र बिल्वभगेलनाम उल्लेख गरिएको छ । माधवभट्ट अवन्तिका पुरीका कदम्बनरेश रामदेव (११८२ ११९७) का सभापण्डीत थिए । उनले राघव पाण्डवीयको निर्माण गरे । पारिजात हरण नामक महाकाव्यका रचियता पनि यिनैलाई मानिन्छ । यस प्रकारले चण्डकविको पृथ्वीराज विजय जुन आठ सर्गसम्ममात्र उपलब्ध छ र विल्वमंगल (श्रीकृष्ण लीलांशुक) को गोविन्दभिनिवेश या श्रींचिन्हकाव्यको नाम उल्लेखनीय छ ।

यस प्रकार यद्यपि अश्वघोष पछि र श्रीहर्षपूर्वको विभिन्न शताब्दीमा अनेक महाकाव्यको निर्माण भयो तर पनि जुन रचना कौशल काव्य सौष्ठव, कालिदास, अश्वघोष, भारवि, माघ र श्रीहर्षका महाकाव्यमा हेर्न पाइन्छ । अन्य काव्यमा भने यस्तो देख्न पाइदैन ।

## ३.५ श्रीहर्षपछिका महाकाव्य

महाकवि कालिदासदेखि लिएर श्रीहर्षसम्म बाह्रसय शताब्दीसम्म जुन महाकविको विशेष चर्चा रह्यो र गौणरूपमा चर्चित यस बीचमा जुन महाकाव्यहरूको निर्माण भयो ती महाकाव्यहरूको उल्लेख गरिसकिएको छ ।

श्रीहर्षपछिदेखि लिएर अहिलेसम्म रचिएका महाकाव्यमा परम्परा निर्वाह वाहेक अरू विशेष रूपमा केही देख्न पाइदैंन । यस वीचमा जुन उच्चकोटिका रचनाहरू रचिए त्यसमा जयरथको (१३ औं शताब्दी) वसन्त विलास, चन्द्रप्रभासूरि (१३ औं

शताब्दी) को पाण्डवचरित नयनचन्द्रको (१३१०) हम्मीरमहाकाव्य, वासुदेवकविको (१४ औँ शताब्दी) युधिष्ठिर विजय अगस्त्य (१४ आँ शताब्दी) बालभरत वेकटनाथ वेदान्तदेशिकको यादवाभ्युदय, गंगादेवीको (१४ औँ शताब्दी) उदारराघव, वामन भट्टवाणको (१५ औँ शताब्दी) को रघुनाथ चरित, जोनराजको (१४५०) शिष्य, श्रीवरको जैनराजतरंगिणी, राजनाथ द्वितीय -डिडिमकविसार्वभौम १४३० को सालवाभ्युदय, राजनाथ तृतीय (१६ औँ शताब्दी) को अच्युतरामाभ्युदय, रूद्रकवि (१५९६ इ) राष्ट्रौढ वंश, चन्द्रशेखरको (१६ औ शताब्दी) सुजनचरित, यज्ञनारायण दीक्षितको शिवलीला वर्णन, मेघविजयमणि (१७ औँ शताब्दी) सप्तसंधान र चक्रकवि (१७ औँ शताब्दी) को जानकी परिणय यिनीहरूको नाम लिन सकिन्छ । यी महाकाव्यहरूमा श्रीहर्षको महाकाव्य जस्तै सौष्ठव र मार्दवको अभाव छ । त्यसैले महाकाव्यका समिक्षाकार विद्वानहरूले १२ शताब्दी पछि महाकाव्यको ह्रासयुग भनेका छन् ।

यसका अतिरिक्त संस्कृत, पालि र प्राकृत महाकाव्यहरूमा कनकसेन वादिराज (८००) को यशोधर चरित, परिमल (१० औँ शताब्दी) को नवसाहसांकचरित, विल्हण (११ औँ सताब्दी) को विक्रमांग चरित, जल्हण (१२ औँ शताब्दी) को सोमपालविजय कल्हण (१२ औँ शताब्दी) को राजतरंगिणी आदि ऐतिहासिक काव्यको महत्वपूर्ण स्थान छ ।

पालिभाषाको महाकाव्यमा दीपावंश (३५२ ४५२), महावंश (५०० ६००), महावोधिवंश (११ औँ शताब्दी) पुपवंश (१३ औँ शताब्दी) अत्तनगलुविहारवंश (१३ औँ शताब्दी ), दाढ वंश (१३ औँ शताब्दी) छकेशधातुवंश (१९ औँ शताब्दी) र गन्वंश (१९ औँ शताब्दी) का नाम लिनुपर्छ । यसैगरी प्राकृत भाषाको प्रमुख महाकाव्यमा शिवाचार्यको आराधना विमलसूरि (६० वि.) को पउमचरिय, प्रवरशेन (६०० ई.) को सेतुवन्ध (रावणवद्य) यी नामहरू उल्लेखनीय छन् ।

संस्कृत साहित्यमा महाकाव्यको सर्वङ्गीण क्रमवद्ध परम्परा तथा त्यसको विवेचनाकालागि इतिहासको वृहद संस्करण अवलोकनीय छ ।

संस्कृत काव्यशास्त्रीय ग्रन्थ अनुसार सम्पूर्ण काव्य दुई भागमा विभक्त छ । दृश्य र श्रव्यकाव्य । दृश्यकाव्य अन्तर्गत नाटक र रूपक पर्दछन् भने श्रव्यकाव्य अन्तर्गत गद्य, पद्य तथा चम्पु पर्दछन् । पद्य काव्य पुन : महाकाव्य खण्डकाव्य र

मुक्तककाव्य तीन भेदमा विभाजित छन् । गद्यकाव्य कथा आख्यायिका आदिमा चंम्पूकाव्यको कुनै भेद छैन । त्यो गद्यपद्य मिश्रित हुन्छ ।

महाकाव्यलाई प्रवन्धकाव्य अन्तर्गत राखिएको छ । आनन्दवर्द्धनले प्रवन्धकाव्यमा कथावस्तुको सुदृढ योजना र रस प्रतिपादन हुनुपर्छ भनेका छन् ।

## ३.६ आचार्यहरूको काव्यमान्यता

पूर्वीय साहित्यिक सभ्यातामा संस्कृत भाषिक महाकाव्यात्मकता र त्यसका शास्त्रीय आधारहरू उल्लेख्य पाइन्छन् । महाकाव्य सम्बन्धी दृष्टिकोण र मान्यताको चिन्तन प्रारम्भ इस्वीको छैटौं शताब्दीदेखि शुरू भएको बुझिन्छ ।

### ३.६.१ आचार्य भामहको महाकाव्य सम्बन्धी चिन्तन

सर्गबन्धो महाकाव्य महत्तां च महच्च यत् ।
ग्राम्यशब्दमर्थ च सालङ्कारं सदश्रयम् ॥
मन्त्र दूत प्रयाणजिनायकाभ्युदयं च यत् ।
पञ्चभि : सन्धिभिर्युक्त नाति व्यख्येयमृद्धिमत् ॥

आचार्य भामह नै संस्कृत काव्यचिन्तनका पहिला अध्येता हुन् । उनले लिएको गोरेटोमा आचार्य दण्डी, आचार्य रूद्रट र आचार्य विश्वनाथले पनि आ-आफ्नो काव्य मान्यतालाई आ-आफ्ना शास्त्रमा उल्लेख गरेको पाइन्छ । कालक्रमिक विकासका आधारबाट उल्लिखित आचार्यहरूले महाकाव्य सम्बन्धी गरेका सैद्धान्तिक चिन्तन प्रयास यहाँको विश्लेष्य पक्ष ठहर्छ। ईश्वीको छैटौं शताब्दीका अलङ्कारवादी आचार्य भामहले संस्कृत साहित्यिक परम्परामा महाकाव्यको लेखन भइसकेको परिप्रेक्ष्यमा सैद्धान्तिकताको ठहर गर्दै उल्लेख्य तथा महत्वपूर्ण काव्य चिन्तन राखेको पाइन्छ ।

### ३.६.२ आचार्य दण्डीको महाकाव्य सम्बन्धी चिन्तन

सातौँ शताब्दीको पूर्वाद्धका आचार्य दण्डीले आचार्य भामहकै चिन्तनको गोरेटोमा केही बुँदाहरूको पूर्णतासँगै महत्वपूर्ण कार्य गरेको पाइन्छ। यिनका अनुसार

क) महाकाव्यको विषय इतिहास प्रसिद्ध हुनुपर्छ।

ख) नायक धीरोदत्त र प्रतिनायक पनि उदात्त हुनुपर्छ।

ग) वीर अथवा शृङ्गार रस मध्ये एउटा मुख्य र अरू रस अप्रधान भएर रहनुपर्छ।

घ) ग्रन्थारम्भमा नमस्कार, आशीर्वाद र वस्तुनिर्देशात्मक मङ्गलचरण हुनुपर्छ।

ङ) सर्गसर्गमा बाँडिएको तर ज्यादै छोटो र लामो सर्ग हुनहुदैँन।

च) पूरै सर्ग एउटै छन्दमा लेखिनुपर्ने र सर्गान्तमा छन्द बदल्नु पर्छ।

### ३.६.३ आचार्य रूद्रटको महाकाव्य सम्बन्धी चिन्तन

आचार्य दण्डीकै समकक्षी आचार्य मानिएका रूद्रटका महाकाव्यसम्बन्धी चिन्तनमा केही बुँदाहरू आफ्नै मौलिक रहेका पाइन्छन्। उनले काव्यलाई लघु र महान् गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ। उनका काव्य चिन्तनका मुख्यबुँदाहरू :

क) चतुर्वर्ग फलप्राप्ति।

ख) समग्रसरता।

### ३.६.४ आचार्य विश्वनाथको महाकाव्य सम्बन्धी चिन्तन

चौधौँ शताब्दीका आचार्य विश्वनाथले महाकाव्य सम्बन्धी एउटा बाढी नै ल्याईदिएको पाइन्छ। मुख्यत भामहले उठाएको चिन्तन अभ्यासको निरन्तरता आचार्य विश्वनाथमा पनि पाइन्छ। यिनको विचारमा,

क) महाकाव्यको कथावस्तु सज्जनाश्रीत र इतिहास प्रसिद्ध हुनुपर्दछ।

ख) प्रधान नायक देवता र कूलीन, धीरोदत्त राजा वा एकै कूलका क्रमिक धेरै राजा हुनपर्दछ।

ग) श्रृङ्गार, वीर र शान्त रसमध्ये एउटा प्रधान भई अन्य रस अङ्गका रूपमा हुनुपर्दछ।

घ) पाँच सन्धिमा कथा विभक्त हुनुपर्दछ ।

ङ) सर्गबद्ध महाकाव्यभित्र ज्यादा छोटो र ज्यादा लामो सर्ग हुनुहुँदैन ।

च) सर्गको अन्त्यमा पछि आउने कथाको सूचना दिनुपर्दछ ।

छ) एउटा सर्ग चाहिँ अनेक छन्द र यमक अलङ्कारलययुक्त हुनपर्दछ ।

ज) आठ सर्गभन्दा कम हुनुहुँदैन ।

झ) सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुनुपर्दछ ।

ञ) ग्रन्थको नाम राख्दा कवि, नायक, प्रतिनायक अथवा कथानकको नामबाट राखिनुपर्ने र अवान्तर सर्गको नाम त्यसको नाम विषय अनुरूप लेखिनुपर्छ ।

ट) धर्म, अर्थ, काम र मोक्षमध्ये कुनै एक प्रयोजन हुनपर्दछ ।

ठ) विभिन्न प्राकृतिक दृश्य, ॠतु, नगर, शिकार, युद्ध, वन, समुन्द्र, यज्ञ, यात्रा, विवाह आदिको सुन्दर वर्णनले सिङ्गारिएको हुनपर्दछ ।

यसरी हेर्दा पूर्वीय काव्य सैद्धान्तिक परम्परामा आचार्य भामहदेखि विश्वनाथसम्मको उल्लेख्य योगदान रहेको पाइन्छ । संस्कृत साहित्यशास्त्र अन्तर्गत महाकाव्यको पूर्णाङ्ग परिभाषा दिने चारजना विद्वानहरू क्रमश : भामह, दण्डी, रूद्रट र विश्वनाथ हुन् ।

## ३.७ पाश्चात्य काव्यपरम्परा

पाश्चात्य साहित्यको इतिहासमा पनि कविता सर्वप्राचिन रूप मानिन्छ । यसको प्रारम्भ ग्रीसदेखि नै भएको हो । जोसेफ एडिसनका अनुसार महाकाव्यमा एउटा घटना त्यसको महानता र पूर्णता हुनपर्दछ । यो अभिव्यक्ति उनले मिल्टनको प्याराडाइज लस्टको भूमिकामा व्यक्त गरेका छन् । त्यसैगरी आई टी मयर्स महाकाव्यको नायक उच्च एवम् उदात्त गुणयुक्त सद्भावनाले पूर्ण हुनपर्छ भन्छन् ।

१. वर्णनात्मक कविता

२. छन्दोवद्ध र आलङ्कारिक पदहरू

३. महान् नायकको कथानक र कथानकमा हुने भव्यता

४. सिङ्गो युग समाज जीवन वा सभ्यताको प्रतिबिम्ब

## ३.८ महाकाव्यका तत्वहरू

महाकाव्य तत्व

| **पूर्व** | **पश्चिम** |
|---|---|
| कथावस्तु | कथावस्तु |
| कथानक | कथानक |
| पात्र पात्रा वा चरित्र विधान | पात्र पात्रा वा चरित्र विधान |
| चरित्र चित्रण | चरित्र चित्रण |
| रस | वर्णन (परिवेश) |
| छन्द | शैली |
| परिवेश | परिवेश |
| उद्देश्य | उद्देश्य |

## ३.९ समष्टिमा महाकाव्यका तत्वहरू

१. कथावस्तु

२. चरित्र

३. शैली

४. सन्देश

५. वातावरण

पाश्चात्य जगत्मा महाकाव्यको सर्वप्रथम चर्चा गर्ने ग्रीसका आचार्य एरिस्टोटल हुन् । एरिस्टोटलले साहित्य वा कलालाई प्रकृतिको अनुकरणका रूपमा लिएका छन् । प्रकृति भनेर उनले जड प्रकृतिलाई मात्र नलिएर मानवीय प्रवृत्तिलाई पनि लिएका छन् । यसरी उनले अनुकरणलाई प्रकृतिको सिर्जनात्मक प्रक्रियाको अर्थमा लिएका छन् । फेरि अनुकरणको अर्थ प्रकृतिको कोरा अनुकरण वा सक्कल बमोजिम नक्कल पनि होइन बरू जीवन र जगत्को पुनसिर्जन वा पुनर्निर्माण हो । पुनसिर्जनका लागि कलात्मक स्वरूप र दृष्टिको आवश्यकता हुन्छ । कोरा अनुकरण वा सक्कलबमोजिम नक्कलबाट बच्नका लागि अभ्यासको पनि आवश्यक भूमिका हुन्छ ।

पूर्वीय तथा पाश्चात्य दृष्टिरेखाबाट औँल्याउने प्रयास गरिएको नेपाली महाकाव्य मुख्यत : पूर्वीय संस्कृत महाकाव्यकालीन स्वरूप तथा संरचनाबाट जीवन्त रहेको पाइन्छ । सर्गवन्धसंरचनाको मुख्य पहिचान बोकेको महाकाव्यात्मक सिर्जनाले नेपाली साहित्यको क्षेत्रमा धेरै लामो तथा महत्वपूर्ण योगदान अन्य विधाको तुलनामा अपेक्षित नै देखिन्छ ।

## ३.१० नेपाली सहित्यमा महाकाव्य

नेपाली साहित्यमा महाकाव्यको इतिहास खासै लामो छैन । अन्य विधाभन्दा महाकाव्यको इतिहास थोरै मात्र छ । नेपाली महाकाव्यको गणना नै गर्ने हो भने पनि लगभग ५० वटाभन्दा बढी भेटिदैंन; अझ उल्लेखनीय महाकाव्य त झन् ज्यादै कम छन् । नेपाली साहित्यका केही उल्लेख्य महाकाव्यहरूको निम्न अनुसार वर्णन गर्न सकिन्छ ।

रामायण नेपाली साहित्यको पहिलो महाकाव्य नेपाली साहित्यमा महाकाव्य परम्पराको श्री गणेश गर्ने संस्कृत रामायणको नेपाली अनुवाद भएकाले शुद्ध मौलिकता ग्रहण गर्न नसकेको अवस्थामा आदिकवि भानुभक्त आचार्यबाट सातै काण्डको प्रकाशन पहिलो पटक १९४२ सालमा प्रकाशित विभिन्न कारणले गर्दा यस रामायण महाकाव्यको ऐतिहासिक साहित्यिक मात्र होइन धार्मिक सांस्कृतिक र आध्यात्मिक मूल्य महत्व पनि अतुलनीय छ ।

दान बहादुर के.सी. द्वारा लिखित नेपाली कविता काव्य र समालोचनामा (......) नेपाली महाकाव्यको इतिहासमा चर्चित महाकाव्यहरू यस प्रकार छन् :-

| | |
|---|---|
| कृष्ण चरित्र | शिखरनाथ सुवेदी १९५५ |
| युरोपयात्रा | डिल्ली शमशेरथापा १९६७ |
| कृष्ण चरित्र ठूलो असली | बाबु माधव प्रसाद शर्मा १९८१ |
| देवी भागवत | रामजी प्रसाद उपाध्याय १९८६ |
| महाभारत अठार पर्व | नरेन्द्रनाथ रिमाल १९८६ |
| देवी भागवत | कृष्ण प्रसाद रेग्मी १९८६ |
| कृष्ण चरित्र | होमनाथ खतिवडा १९८८ |

| | |
|---|---|
| महाभारत | केदारनाथ खतिवडा १९५५ |
| चन्द्रचरित | अप्रकाशित |
| कविता गुच्छहार | देवीदत्त पराजुली २००५ |
| आदर्श राधव | सोमनाथ सिग्द्याल २००२ २००५ |
| शाकुन्तल | लक्ष्मीप्रसाद देवकोटा २००२ |
| सुलोचना | लक्ष्मीप्रसाद देवकोटा २००३ |
| महाराणा प्रताप | लक्ष्मीप्रसाद देवकोटा २०२४ सालमा प्रकाशित |
| रघुवंश महाकाव्य | कोमलनाथ अधिकारी २०१५ अनुदित |
| नैषधिय चरित्र | कोमलनाथ अधिकारी २०२० |
| देश नरेश | कृष्णाप्रसाद घिमिरे २०१७ ऐतिहासिक विषयवस्तु |
| राष्ट्रिय चरित्र | कृष्णप्रसाद घिमिरे २०१७ |
| श्रीमद् वाल्मीकि | कृष्णप्रसाद घिमिरे २०३१ अनुदित |
| श्री पृथ्वी महेन्द्र | गोविन्दप्रसाद भट्टराई २०१९ |
| भावना | गोविन्दप्रसाद भट्टराई २०२० |
| भानु | मोदनाथ शर्मा २०२४ |
| उषा विनोद | हरिहर शास्त्री २०२४ |
| रम्भा | हरिहर शास्त्री २०२४ |
| श्रीकृष्ण सन्देश | गुणराज उपाध्याय २०२९ |
| भरत मिलन | गुणराज उपाध्याय २०२९ |
| देवासुरसंग्राम | मोदनाथ प्रश्रित २०३० |
| बदला | नीरविक्रम प्यासी २०३५ |
| मकवानी वाला | उमानाथ शास्त्री २०३५ |
| आँशुको संग्राम | हरि फुयाँल २०३६ |
| चमेली चन्द्र | गणेश बहादुर खत्री २०३७ |
| नरसिंह अवतार | जगदीश शमशेर राणा २०३७ |
| दोभान | भरतराज पन्त २०४१ |
| मन्दाकिनी | मोहन दुखुन १९८५ सन् |

| | |
|---|---|
| समाज दर्पण | रामचन्द्र गिरी |
| विप्रलम्भ | बसन्त कुमार शर्मा २०४४ |
| मृत्युन्जय | भानुभक्त पोखरेल २०४७ |
| जन्मभूमि तथा आमा | तुलसीराम कश्यप |
| रामदासमा मन्थन अनि | पवन कुमार खनाल |
| बिम्ब प्रतिविम्ब | पवन कुमार खनाल |
| स्वदेशी सुमन | पवन कुमार खनाल |
| कर्ण | नवराज लम्साल |
| शाह श्रृंखला | नीलकण्ठ भट्टराई |
| महामानव | नीलकण्ठ भट्टराई |
| महाकवि नरेन्द्रनाथ रिमाल | नीलकण्ठ भट्टराई |
| बसुन्धरा | |

नेपाली महाकाव्यविधाले आधुनिकतालाई प्राप्त गर्नुपूर्व कुनै उल्लेख्य कार्य भएको बुझिदैंन । रामभक्तिधारा र कृष्णभक्तिधारामा आधारित वृहत् पद्याख्यानहरूको संरचनाले स्थान जगाएको त्यस अवस्थाको साहित्य मूलत : भक्तिवादिताले अभिप्रेरित रहेको पाइन्छ । धरणीधर कोइराला र महानन्द साप्कोटाको प्रयासले आधुनिकाताको प्राप्तिमा विकास र उच्च साहित्यिकताको प्राप्तिलाई नेपाली महाकाव्य क्षेत्रमा उत्कर्षकाल नामले चिनिन्छ । परिष्कारवादिता तथा स्वच्छन्दवादिताका चेतनाहरूमा विकसित हुन पुगेको नेपाली काव्य साहित्यले आधुनिकताको प्रवेश पछि भगिरथ गतिबाट अगाडि बढेको देखिन्छ । लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, बालकृष्ण सम नेपाली परिष्कारवादी साहित्यका उच्च्तम रचनाका सर्जक वा महाकाव्यकारका रूपमा चिनिन्छन् ।

पौड्यालको नव्यकाव्यधर्मी तरूण तपसी (२०१०), सिग्देलको आदर्श राघव (२००५) र समको चिसो चुल्हो (२०१५) शीर्षक महाकाव्य रचनाहरूले नेपाली परिष्कारवादी महाकाव्य क्षेत्रलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ । नेपाली साहित्य सिर्जनाका क्षेत्रमा कविताका क्षेत्रमा मात्रै पनि विविध रूपमा समेत एक छत्र शासन जमाएका महाकावि देवकोटाको नामलाई लिएर यो साहित्यिक नामलाई चिन्ने गरेको

बुझिन्छ भने अर्कोतर्फ उनैको नामका आधारबाट देवकोटापूर्वयुग, देवकोटायुग र देवकोटा उत्तरयुगले पनि नेपाली महाकाव्ययात्रालाई चिनाउने प्रयास गरेको पाइन्छ । शाकुन्तल (२००२), सुलोचना (२००३), महाराणा प्रताप (२००३), वनकुसुम (२००२), पृथ्वीराज चौहान (२००३), प्रमिथस (२००४  १५) बाट पनि यस युगलाई वा महाकाव्ययात्राको समयलाई उत्कर्षकाल भनी औँल्याउन सकिन्छ ।

विनयकुमार शर्मा नेपालद्वारा लिखित वि.सं. २०५९ मा प्रकाशित 'नेपाली महाकवि र महाकाव्य' कृतिमा निम्न महाकाव्यकार र महाकाव्यको वारेमा चर्चा गरिएको छ ।

| **महाकाव्यकार** | **महाकाव्य** |
|---|---|
| भानुभक्त आचार्य | -रामायण |
| रेवतीरमण न्यौपाने | - विश्वजितलीला |
| जगन्नाथ, बैजनाथ सेढाईं | - चन्द्रमयूख, भूचन्द्रचद्रिका |
| देवीदत्त पराजुली | - कवितागुच्छहार |
| लक्ष्मी प्रसाद देवकोटा | १. शाकुन्त |
| | २ सुचोचना |
| | ३ महाराणा प्रताप |
| | ४ पृथ्वीराज चौहान |
| | ५ वन कुसुम |
| | ६ प्रमिथस |
| गुणराज खनाल | १ श्रीकृष्ण सन्देश |
| | २ भरतमिलन |
| | ३ शाहवंश |
| सोमनाथ सिग्देल | १ आदर्शराघव |
| रामनाथ खनाल | -१ पाण्डु |
| | २ प्रजातन्त्रोदय |
| बालकृष्ण सम | १ चिसो चुल्हो |
| कृष्ण प्रसाद घिमिरे | १ राष्ट्रिय चरित्र |

| | |
|---|---|
| | २ देश नरेश |
| | ३ कादम्वरी |
| गोविन्द प्रसाद भट्टराई | १ पृथ्वीमहेन्द्र |
| | २ भावना |
| मोदनाथ शास्त्री | १ भानु |
| मोदनाथ पाश्रित | १ मानव |
| हरिहर शास्त्री | १ उषाविनोद |
| | २ रम्भा |
| | ३ घाम झुल्कियो |
| मोहन दुखुन | १ मन्दाकिनी |
| तरणीप्रसाद कोइराला | १ नैनी |
| वसन्त कुमार शर्मा नेपाल | १ विप्रलम्भ |
| जयदेव पौडेल | १ गोरखाख्यायिका |
| नीरविक्रम प्यासी | १ दबला |
| उमानाथ शास्त्री सिन्धुलीय | १ मकवानी वाला |
| श्रीहरि फुँयाल | १ आँसुको संग्राम |
| नारायणप्रसाद उपाध्याय | १ त्रिजन्म |
| गणेशबहादुर खत्री | १ चमेलीचन्द्र |
| भरतराज पन्त | १ दोभान |
| भरतराज मन्थलीय | १ देवयानी |
| | २ श्रुतिसौरभ |
| पीताम्वर भोला | १ शिव सन्तति |
| | २ सारस्वतेय |
| कुलचन्द्र कोइराला | १ भीमसेन थापा |
| भोग्यप्रसाद भण्डारी | १ षडानन्दचरित् |
| तुलसीराम कश्यप | १ जन्मभूमि |
| | २ आमा |

| | |
|---|---|
| | ३ मन्थन |
| शैलेन्दप्रकाश नेपाल | १ जुनु |
| | २ अनामिका |
| गोपिकृष्ण अधिकारी | १ आर्यावर्त |
| | २ गंगा |
| भानुभक्त पोखरेल | १ मृत्युञ्जय |
| | २ जागृतिराग |
| पूर्णप्रकाश नेपाल | १ सिजापति बाला |
| | २ वसन्तपल्लव |
| पवन कुमार खनाल | १ रामदास |
| | २ मा |
| | ३ बिम्ब प्रतिबिम्ब |
| | ४ स्वदेशी सुमन |
| गौरीशंकर उपाध्याय | १ शंकर |
| ज्ञानव ढुङ्गाना | १ गौरीशङ्रायण (गणेश गरिमा) |
| | २ गौरीशङ्करायण (भैरबबहार) |
| चन्द्रप्रसाद ढुङ्गाना | १ भीमयात्रा |
| लक्ष्मीप्रसाद पोखरेल | १ वेनवैन्यवर्णन |
| रमेश खकुरेल | १ सरितानानी |
| मदनदेव भट्टराई | १ जीवनस्मृति |
| रामप्रसाद ज्ञवाली | १ औँशीका फूलहरू |
| नरेन्द्र पराशर | १ गौरीशङ्कर |
| चन्द्रप्रसाद न्यौपाने | १ सोल्मू |
| | २ प्रत्याघात |
| | ३ सिमाना |
| पूर्णानन्द भट्ट | १ शान्ति विज्ञान |
| रमेशचन्द्र अधिकारी | १ पद्मादुर्गा |

२ सीतायन (खण्ड १, २, ३)

ओमवीर सिंह बस्न्यात १ पासाङ्ल्हामू

२ सेवा सैनिक झपट

३ पृथ्वी

दुर्गाप्रसाद अधिकारी १ बालगुरू

भीष्मराज प्रसाईं १ आत्मसमर्पण

भुवनहरि सिग्देल १ धरणीधर

२ मेनुका

पोषराज दाहाल १ शहीदगाथा

शिवगोपाल रिसाल १ पद्मकन्या

जीवराज पोखरेल १ शिक्षक शिष्य संवाद

विनयकुमार शर्मा नेपालको सोही किताबमा महाकाव्यीय उपक्रमलाई यसरी उल्लेख गरिएको छ ।

१. उदयानन्द अर्याल - पृथ्वीन्द्रोय र अन्य दुई काव्य सहित रामायण १८४० सालपछि ।

२. शक्तिबल्लभ अर्याल- महाभारत, विराट पर्व वि.सं. १८५० को आसपास ।

३. सुन्दानन्द बाँडा - अध्यात्म रामायण १८७० आसपास

४. यदुनाथ पोखेल - कृष्णचरित्र १८६५

५. वसन्त शर्मा - कृष्णचरित्र १८८४

६. भवानीदास पाण्डे - महाभारत विराट, उद्योग, शान्ति पर्वहरू र मार्कण्डेयपुराण १९८० तिर

७. रघुनाथ पोखरेल - रामायण सुन्दरकाण्ड १९०५ तिर

(भानुभक्त पूर्वका यी ग्रन्थहरूले महाकाव्यीय विकास क्रमलाई ठूलो टेवा दिए ।)

८. भानुभक्त आचार्य - बालकाण्ड १८९८, अन्य काण्डहरू १९१० आसपास

९. पंतजलि गजुरेल - धीरांदेश, तीर्थावली १९४० आसपास

| | |
|---|---|
| १०. भुवनप्रसाद ढुङ्गेल | - अध्यात्म रामायणको सुन्दरकाण्ड १९४५, |
| ११. वैयाकारण नेपाल | - रामायण किष्किन्धाकाण्ड १९४८ |
| १२. राजीवलोचन जोशी | - केदारकल्प १९४९ |
| १३ रमाकान्त बराल | - अद्भूत रामायण १९४९-८५ बीच |
| १४ होमनाथ खतिवडा | - रामायण अश्वमेधकाण्ड र महाभारतका बिराट, सभा, पर्वहरू र कृष्णचिरित्र १९६० तिर |
| १५. केदारनाथ खतिवडा | - होमनाथका बाँकी अनुशासन, अश्वमेध आश्रम, कर्ण, गदा, द्रोण वन १६ पर्वहरू र भागवत, नलदमयन्ती १९६० तीर |
| १६. भोजराज भट्टराई | - आनन्द रामायण, महाभारत दोण पर्वहरू १९६० आसपास |
| १७. कुन्जविलास गौतम | - महाभारत सौप्तिक, स्त्री, गदा पर्वहरू १९६० आसपास |
| १८. शम्भुप्रसाद ढुङ्गेल | - अनेक चम्पुकाव्यहरू १९६०-८० बीच |
| १९. कृष्णप्रसाद रेग्मी | - महाभारत आदि, उद्योग, वनसहित सम्पूर्ण पर्वहरू, देवी भागवत १९६०-८० बीच |
| २०. रेवतीरमण न्यौपाने | - तुलसीकृत रामायण १९६० तिर |
| २१. सदाशिव अधिकारी | - मौसल पर्व १९६४ |
| २२. गोपीनाथ लोहनी | -जलोपाख्यान १९६५ |
| २३. हरिहर आदि | - अध्यात्म रामायण १९६६ |
| २४. नरेन्द्रनाथ रिमाल | - महाभारत १८ पर्व र कृष्ण चरित्र १९६०-८१ बीच |
| २५. हरिविक्रम थापा | - जैमनीय भारत र कर्ण पर्व १९६२ तिर |
| २६. शिखरनाथ सुवेदी | - महाभारत कर्णपर्व कृष्ण चरित्र, रामश्वमेध राज, शिखरनाथ भास्य १९६५-६८ बीच |
| २७. रूद्रप्रसाद ढकाल | - संक्षिप्त रामायण, काव्यहरू १९८६-८८ |
| २८. तारानाथ नेपाल | - कृष्णलीला, काव्यहरू १९८०-२००० आसपास |

| | |
|---|---|
| २९. अनङ्गनाथ पौडेल | - काव्यहरू १९९९-२०२८ बीच |
| ३०. शालिग्राम गौतम | - रामायण अश्वमेध काण्ड १९९३ |
| ३१. विश्वनाथ भट्टराई | - बुद्धचरित्र, महाभारत शान्ति पर्व २०२६ तिर |
| ३२. कृष्णप्रसाद उपाध्याय | - महाभारत आदिपर्व |
| ३३. पद्मप्रसाद उपाध्याय | - महाभारत विराट पर्व |
| ३४. शम्भुप्रसाद उपाध्याय | - महाभारत कर्ण र द्रोणपर्वहरू |
| ३५. रामजी खतिवडा | - देवी भागवत |
| ३६. पद्मप्रसाद ढुङ्गाना | - रामायण सप्तरत्न, सण्टकाण्ड १९९५ |
| ३७. कृष्णप्रसाद गौतम | - तुलसीकृत रामायण १९९६ |
| ३८. प्रेमराज शर्मा पौडेल | - रामायण १९९६ |
| ३९. बासुदेव भट्टराई | - रामायण १९९७, श्रीमद्भागवत् |
| ४०. पहलमान सिंहस्वार | - रामायण किष्किन्धाकाण्ड १९९७ |
| ४१. मुक्तिनाथ शर्मा | - रघुवंश, किराँतर्जुनीय २००० |
| ४२. रामप्रसाद सत्याल | - महाभारत अठार पर्व २००६ सालतिर |
| ४३. नीलहरि शर्मा ढकाल | - मेरो रामायण, कृष्ण चरित्र, देवी भागवत २०१५ तिर |
| ४४. कोमलनाथ अधिकारी | - रघुवंश, नैषधीयचरित्र, कुमारसंभव २०१५-२५ बीच |
| ४५. नारायण दत्त शास्त्री | - नाटक पर्व २०१५ |
| ४६. हरिबहादुर के.सी. | - सार पर्व २०१७ |
| ४७. भैरवप्रसाद अर्याल | - महाप्रस्थान, मौशल र स्वर्गारोहण पर्व २०१८ |
| ४८. गोविन्द शर्मा बिमल | - किरानार्जुन २०२२ |
| ४९. कृष्णप्रसाद अर्याल | - निजानन्द दिग्दर्शन २०५५ |
| ५०. प्रेमदास उप्रेती | - कृष्णप्रणामी धर्म दर्पण २०५५ |
| ५१. ढुण्डीराज कोइराला | - श्रीमद्भागवत् |
| ५२. जीवराज पोखरेल | - बुद्धचरित्र २०५८ |
| ५३. छविकान्त आचार्य | - विराटपर्व |

५४. विनोदप्रसाद धिताल - डिभाइन कमेडी

५५. कृष्णप्रसाद घिमिरे - बाल्मीकि रामायण

५६ बाबु माधवप्रसाद - कृष्णचरित्र, उपर्युक्त कवि, काव्यकार बाहेक भोजराज, पाण्डे,

छविलाल कँडेल, मुरारी ढुङ्गाना, हेमबल्लव पाण्डे, भुवनप्रसाद ढुङ्गेल, आदिले पनि ग्रन्थहरू अनुदित गरी नेपाली महाकाव्यको विकासक्रमलाई अगाडि बढाए ।

### ३.११ महाव्यको मान्यता र महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यः

पूर्वीय र पाश्चात्य काव्य मान्यताका आधारमा महाकाव्यको विस्तार परिधिलाई समेट्दै महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य जीवनीपरक सर्गबद्ध महाकाव्य बन्न पुगेको छ । यसको परिवेश विस्तृत एवम् व्यापक छ। यस महाकाव्य घटीमा तेत्तीस (३३) र बढीमा बहत्तर (७२) श्लोक भएका जम्मा एघार (११) स्मृतिमा विभक्त भएको छ । महाकाव्य परम्पारमा सर्गविधान अन्तर्गत यस महाकाव्यमा सर्ग नराखेर स्मृति शब्दको प्रयोग गरिएको पाइन्छ । महाकाव्यात्मक संघटनको मान्यतालाई आत्मसात गर्दै कथानकमा आदि, मध्ये र अन्त्यको उचित संयोजन र अर्थ प्रकृति कार्यवस्था र पञ्च सन्धिको कुशल संयोजन यस महाकाव्यमा पाइन्छ । विविध संघटनले संयुक्त यस महाकाव्यको कथानक एक उच्च व्यक्तित्वको उजागर गर्न तर्फ डोरिएको छ । महाकवि नरेन्द्रनाथ रिमालको जीवनवृत्तलाई इतिहासका रुपमा सुरक्षित राख्ने र उनले दिएका योगदानलाई प्रेरणाको रुपमा प्रस्तुत गर्ने योजनाले यस महाकाव्यको सृजना भएको अनुभूति हुन्छ ।

पूर्वीय काव्यमान्यताको महत्वपूर्ण पक्ष भनेको रस परिपूर्णता हो । पाश्चात्य मान्यतामा रसको बारेमा कुनै चर्चा नपाइए पनि काव्यले पाठकलाई प्रभावित पार्नु पर्दछ भन्ने र उदात्तीकरणको तीब्र भावना पैदा हुनु पर्दछ भन्ने रहेको पाइन्छ । यस काव्यको अध्ययन र मनन गर्नाले एक व्यक्तिको जीवनी र योगदानको विवरणलाई मात्र बुझ्न सकिन्छ । महाकाव्यकार नीलकण्ठ भट्टराईले आफ्ना अरु महाकाव्यको तुलनामा यस महाकाव्यलाई केही परिष्कृत र परिमार्जित रुपमा प्रस्तुत गरेका छन् तर

काव्यमा हुनुपर्ने जति मिठास पन हो त्यो सन्तुष्टि भने यस महाकाव्यमा प्राप्ति भएको छैन जुन अभावकै रुपमा खड्किएको छ ।

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा चतुर्वर्ग फल अन्तर्गत पार्थिव पुरुषार्थ (धर्म, अर्ध, यश) आपार्थिन पुरुषार्थ (मोक्ष) साधनको उपलब्धी देखाइएको छ । महाकवि नरेन्द्रनाथ रिमालले महाभारत जस्तो बृहत् काव्य रचना गरी नेपाली आकांक्षालाई पूर्ति गरेको योगदानलाई बुझेर उनका विषयमा अध्ययन, अनुसन्धान गरुन् भन्ने उद्देश्यले महाकाव्यकारले इच्छा प्रकट गरेको देखिन्छ । साहित्यका भौगोलिक, धार्मिक,राजनीतिक, ऐतिहासिक एवम् चमत्कारिक शक्तिलाई उजागर गरी विशेषगरी नरेन्द्रनाथ रिमालको जन्म, शिक्षा, सङ्घर्ष, योगदान र प्रेरणालाई देखाउनु नै यस महाकाव्यको प्रमुख उद्देश्य हो । छन्दमा रचना गरिएको यस महाकाव्यमा उपजाति, इन्द्रबज्रा, उपेन्द्रबज्रा, मन्दाक्रान्ता, शार्दूलविक्रीडित, अनुष्टुप र शिखरिणी जस्ता छन्दहरुको प्रयोग भएको छ । यस महाकाव्यमा जम्मा ५३८ श्लोकहरु रहेका छन् । महाकाव्यकार भट्टराईले महाकवि नरेन्द्रनाथ रिमालको जीवनीलाई पद्य शैलीमा महाभारतका केही अंशकोसमेत मिश्रण गरी रिमालले गरेका कामहरु, पारिवारिक व्यवहार, कुल एवम् वंश परम्परा जस्ता कुरालाई सकेसम्म समेटेर सबैका सामु चिनाउने प्रयास गरेका छन् । महाकाव्यमा जीवनको उपलब्धी, खानदानी प्रथा, तत्कालीन ब्राम्हणवादी शैलीलाई नितान्त प्रशंसा गरी समाञ्जस्यता र उच्च कुलीन वर्गका व्यक्तित्वको स्तुती गान गरिएको छ । कतै प्रतिष्ठानबाट प्रकाशन गरि दिने र व्यक्तिगत अर्थ नखर्चिने अभिप्रायले कृतिवृद्धिको पक्षमा महाकाव्यकार आकर्षित भएका पो हुन् कि भन्ने आशङ्का पनि गर्न सकिन्छ । तापनि नेपाली साहित्यको एकल पाटोलाई मात्र आँकलन गर्ने हो भने यस महाकाव्यमा महाकाव्यकार महाकाव्यको सैद्धान्तिक आधारका केही त्रुटि भए पनि लेखन र वार्णिक काव्य रचनामा सफल नै देखिएका छन् ।

### ३.१२ निष्कर्ष :

नीलकण्ठ भट्टराईको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य एक पूर्ण महाकाव्य हो । नेपाली साहित्यले प्राप्त गरेको यो महाकाव्य व्यक्तित्व परिचय र योगदानगत प्रेरणा झल्काउने जीवनीगत महाकाव्य क्षेत्रको एउटा प्राप्ति हो। यसलाई पाठकले अमूल्य निधि सम्झेर अध्ययन गर्नु जरुरी नै छ। महाकाव्यभित्रको बौद्धिक एवम् तार्किक अभिव्यक्तिलाई त्यति गहन रुपमा लिन नसके पनि शास्त्रीय छन्दको समायोजन र काव्य लेखन इचछ्राशक्तिको उपज चाहिँ पक्कै हो । पूर्वीय महाकाव्य मान्यतालाई आद्योपान्त अनुशरण गर्न नसकेकाले यस महाकाव्यलाई रस सहित र दोष रहित काव्य भने मान्न सकिदैन ।

# परिच्छेद-४ (चार)

# नेपाली महाकाव्यको विकास क्रममा नीलकण्ठ भट्टराईको योगदान

## ४.१ नेपाली महाकाव्यको विकास क्रम

नेपाली महाकाव्यको विकास क्रमलाई महाकाव्य कविताकै एक वृहत् रुप भएका कारण समग्र नेपाली कविताकै विकास क्रमका आधारमा यसको मूल विकासक्रमिक काल विभाजन गर्दै जाँदा प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन समय बिन्दु र अझ आधुनिक समय बिन्दुलाई परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, उत्तर प्रयोगवादी एवम् समसामयिक जस्ता युगहरुमा वर्गीकृत गरी यसरी प्रस्तुत गर्न सकिन्छ ।

१. प्राथमिक काल (१८-२५-१९४०)

२. माध्यमिक काल (१९४१-१९७४)

३. आधुनिक काल (१९७६- हालसम्म)

### ४.१.१ नेपाली महाकाव्यको प्राथमिक काल (१८२५-१९४०)

प्राथमिक कालीन यो एक सय डेढ दशकको समयावधिलाई पनि सुगौली सन्धिलाई मध्य बिन्दु बनाएर यस पूर्वको १८२६ देखि १८७२ सम्मको समयावधिलाई पूर्वार्द्ध र १८७२ देखि १९४१ सम्मको समयावधिलाई उत्तरार्द्ध गरी दुई विभाजन रेखामा रेखाङ्किकतगर्दै यसको कालिक दुई खण्डीय रुप देखा पर्दछ ।

#### ४.१.१.१ पूर्वार्द्ध (१८२६-७२)

नेपाली कविताको प्राथमिक कालीन पूर्वार्द्धका वीर धाराका प्रवर्तक कवि सुवानन्द दास हुन् भने अन्य यस धाराका कविहरुमा शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधाबल्लभ अर्याल, रामभद्र पाध्या, गुमानी पन्त, यदुनाथ पोखेल आदि हुन् ।

#### ४.१.१.२ उत्तरार्द्ध (१८७२-१९४१)

यस प्राथमिककालीन कविताको उत्तरार्द्ध काललाई भक्ति धाराको काल भनिन्छ। यस क्रममा सर्वप्रथम गुमानि पन्तको कृष्णभक्ति धाराको थालनी हुन्छ भने कृष्ण भगवानलाई आलम्बन बनाई कृष्णका जीवनलीलासँग सम्बन्धित आराधना, उपासना, भजन कीर्तन एवम् वीरता शृङ्गारिकता जस्ता विविध विषयवस्तुलाई कवितामा प्रकट गर्ने क्रममा कृष्ण भक्तिलाइृ कवित्व रुप दिंदा त्यसले मुख्यतया राति भावरहित कृष्ण भक्ति धारा र रतिरागमुखी भक्ति धारालाई आफूभित्र आत्मसात् गर्न पुगेको भेटिन्छ । यस सन्दर्भमा रतिभावरहित भक्ति भावलाई प्रस्तुत गर्ने कविहरुमा यदुनाथ, वसन्त र पतञ्जली देखिन्छन् भने रतिरागमुखी भक्तिभाव प्रस्तुत गर्ने कविहरुमा इन्दित्स, विद्यारव्यकेशरी र विद्यापति रहेका देखिन्छन् ।

### ४.१.२ नेपाली महाकाव्यको माध्यमिक काल (१९४१-१९७४)

माध्यमकि कालको कविताको मूल धारा शृङ्गार धारा हो । मोतीरामसँगै थालिएको यस शृङ्गारिक धाराको कविता रचनामा सौन्दर्य चेतना थियो तर पनि यस शृङ्गारिक धारामा महाकाव्यको सिजृना भएन । यस कालमा देखा परेका कविताका

विभिन्न धाराहरुलाई मुख्यतया तीन धाराका रुपमा बुझ्दै तिनका महाकाव्यको विकास क्रमिक स्थितिलाई हेरिएको पाइन्छ । य कालमा शृङ्गारिक धारा अन्तर्गत पिकदूत जस्ता खण्डकाव्य रचना मोतीरामले गरे भने आनन्दलहरी जस्तो रचनामा महाकाव्यको संरचना भए पनि अभिव्यक्तिको केन्द्रित वृहत् पद्धति नभएका खण्डकाव्य स्तरसम्मका रचना देखिए तर महाकाव्य भेटिएनन्। जब राम भक्ति धाराको आदिकवि भानुभक्त आचार्यले थाली गरे भने क्रमशः सुब्बा होमनाथ खतिवडा, रामश्वमेध (१९६०), शिखरनाथ सुवेदी- रामाश्वमेध, शालीग्राम गौतम-रामाश्वमेध, रेवतीरमण -रामायण, शम्भु प्रसाद ढुङ्गेल-रमाश्वमेध जस्ता कृतिले रामभक्ति धाराको काललाई भक्तिमय बनाएको पाइन्छ । जसमा कृष्ण भक्ति, देवी भागवत पधारव्यान, श्रीमद् भागवत पद्यारख्यान सँग सम्बन्धित महाकाव्यहरु देखापरेका छन् ।

माध्यमिक कालमै शासक स्तुति गरेर पनि काव्य रचना भएको पाइन्छ । चिरञ्जीवी पौडेलद्वारा लिखित र डिल्ली शमशेरको नामबाट प्रकाशित 'युरोप यात्रा' ( १९६७) ले शासक स्तुति गर्दै पाँच काण्डमा चन्द्र शमशेरको युरोप यात्राको वर्णन गरी वृहत पद्य रचना हुन पुगेकोले शासक गान भए पनि विकासक्रममा फरक उपलब्धि मानिएको छ । यसरी नेपाली महाकाव्यको माध्यमिक काल प्राथमिक कालभन्दा आशालाग्दो एंव उर्वर पृष्ठभूमिसहित एक सफल कविता साधनाको कालका रुपमा उभिन खोजेको देखिन्छ ।

### ४.१.३ नेपाली महाकाव्यको आधुनिक काल (१९७६-हालसम्म)

आधुनिक काल नेपलाी महाकाव्यको प्रारम्भ र विकासको काल हो। नेपाली कविता क्षेत्रमा स्तरीकरणको प्रयास देखिएपछि र लेख्य ब्याकरणको मानक प्रयोगपछि नेपलाी कविताको बृहत् रप महाकाव्यमा आधुनिकता आयो। यसभित्र परिष्कारवादी युग (१९७६-९०) स्वच्छन्दतावादी युग (१९९१-२०१६) र आधुनिक नेपाली महाकाव्यको तेस्रो मोड देखा परेका छन् ।

नेपाली महाकाव्यको परिष्कारवादी युग अन्तर्गत मानव चेतनाको परिष्कार र काव्यकलाका शैलीको पष्किार गर्दै सामाजिक जागरणको धारलाइृ धरणीधर कोइराला र महानन्द सापकोटेले संवर्द्धन गरे । यति हुँदाहुँदै पनि यस धाराका उच्चतम

कविहरुमा लेखनाथ पौड्याल, सोमनाथ सिग्देल र बालकृष्ण सम नै हुन पुगे । बालकृष्ण समको चिसो चुल्हो, सोमनाथ सिग्देलको आर्दश राघव जस्ता महाकाव्य यस युगमा देखा परेका पाइन्छ । त्यसैगरी स्वच्छन्दतावाद नेपाली साहित्यमा वि.सं. १९९१ को शारदा, पत्रिका मार्फत आगमन भयो । तत्कालीन शैक्षिक वातावरणबाट यस धाराको जन्म भएको मान्छि । स्वच्छन्दतावादी युगमा केन्द्रीय व्यक्तित्व महाकवि लक्ष्मीप्रसाद देवकोटा देखा पर्दछ । उनले शाकुन्तल, सुलोचना लेखेर स्वच्छन्दतावादको उदाहरण प्रस्तुत गरे ।

वि.सं. २०१७ सालदेखि नेपाली महाकाव्यमा प्रयोगवादको थालनी भयो। रुपरेखाका माध्यमबाट २०१५ साल देखि एकातिर प्रयोगवादी कविता लेख्न थालिए भने अर्कातिर तेस्रो आयाम थालियो। कविताको मोड अमूर्तलेखनतर्फ केन्द्रित हुन थाल्यो । यस आधुनिक युगको तेस्रो चरणका महाकाव्य र महाकाव्यकारहरु जस्तै :

कृष्णप्रसाद घिमिरे - देश नरेश (२०१७), राष्ट्रिय चरित्र (२०१७)

गोविन्द प्र. भट्टराई- श्री पृथ्वी महेन्द्र (२०१९) भावना (२020)

गुणराज उपाध्याय - श्री कृष्ण सन्देश (२०२९) भारत मिलन (२०२९)

मोदनाथ प्रश्रित - मानव (२०२३) देवासुर संग्राम (२०३०)

हरिहर शास्त्री - उषाविनोद (२०२४) रम्भा (२०३२)

मोदनाथ शास्त्री- दबला (२०२४)

नीरविक्रम प्यासी - दबला (२०२४)

उमानाथ शास्त्री सिन्धुलीय -महवानीवाला (२०३५)

श्रीहरि फुयाल - आसको सङ्गम (२०३९) कर्मयोगी देवकोटा (२०६४)

यसरी नेपाली महाकाव्यको कालक्रमलाई हेर्दा केही महकाकाव्यहरु शासक स्तुतिझैं व्यक्तित्व वा जीवनी परक महाकाव्यका रुपमा रचना हुँदै आएको देखिन्छन् । जसमध्ये नेपाली महाकाव्यको विकासक्रम अन्तर्गत आधुनिक कालभित्र पर्ने तर महाकाव्यको सैद्धान्तिक आधारबाट केही चुकेको अवस्थामा जीवनीपरक महाकाव्य देखा परेको छ । नेपाली महाकाव्यको विकासक्रममा नीलकण्ठ भट्टराई पनि आधुनिक मौलिक महाकाव्यकारका रुपमा देखा पर्छन । श्रीहरि फुयाललेपनि ‘कर्मयोगी देवकोटा’ शीर्षकमा २०६४ सालमा महाकाव्य प्रकाशित गरे तर काव्यगत वैशिष्यण र

सिद्धान्तलाई आधार बनाए पनि प्रयोग वादको छनकमा काव्य रचना गरेका छन् तर महाकाव्यकार नीलकण्ठ भट्टराईले पद्य रचनाको एक सङ्ग्रह रुपी जीवनी तयार पारेका छन् । महाकवि नरेन्द्रनाथ स्मृति महाकाव्यमा उनले नेपाली महाकाव्य परम्परामा स्मृति महाकाव्यको एक दस्तावेज भने अवस्था थपेको कुरालाई कसैले नकार्न सक्दैन । तसर्थ महाकाव्यकार नीलकण्ठ भट्टराई पनि महामानव (२०६३) शाहशृङ्खला (२०६८), ओखलढुङ्गा (२०६८) महाकवि नरेन्द्रनाथ रिमाल (२०७१) जस्ता महाकाव्य लेखेर भौगोलिक वर्णन, व्यक्तित्व वर्णन जस्ता विषयवस्तुमा महाकाव्य लेख्ने आधुनिककालका छन्दकवि हुन् ।

### ४.१.४ निष्कर्ष :

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) नेपाली महाकाव्यगत विकासक्रमको आधुनिक कालसम्म आइपुग्दा महाकाव्यको सृङ्ख्लात्मक र गुणात्मक विकास हुँदै आए पनि नीलकण्ठ भट्टराईले राष्ट्रको उच्च व्यक्तित्वलाई काव्यात्मक शैलीर आलङकारिक शील्पको प्रयोग गरी नेपाली साहित्यको श्रीवृद्धिमा ठूलो योगदान पुगेको अनुभूि तगर्न सकिन्छ । महाकाव्य लेख्ने होडवाजीमा स्मृति महाकाव्य लेखेर अलग्गै अनुहारको एक तह थपी विकासक्रमको सानो कुयेत्रो सिलाउने काम नीलकण्ठ भट्टराईले यस स्मृति महाकाव्यमार्फत योगदान दिएका छन् ।

# परिच्छेद-५ (पाँच)

## महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको कृतिपरक अध्ययन

### ५.१ रचना तथा प्रकाशन :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यका रचनाकार नीलकण्ठ भट्टराई हुन् । प्रस्तुत महाकाव्य नेपाली महाकाव्यको क्षेत्रमा विशेष आधार स्तम्भ खडा गरी लेखिएको महाकाव्य हो । यो महाकाव्यले महाकवि रिमालको जीवनका विविध पक्षलाई प्रकाश पारेको छ । एउटै नायकको अभ्युदय भएको यो महाकाव्य पूर्वीय महाकाव्य परम्परामा पूर्ण रुपले सैद्धान्तिक आधारमा लेख्न खोजिएको महाकाव्य हो । यस महाकाव्यले जीवनका घटना वर्णनलाई विशेष जोड दिएको छ ।

'महाकवि नरेन्द्रनाथ रिमाल' महाकाव्यको प्रथम प्रकाशन वि.सं. २०७१ सालमा भएको हो । महाकाव्यको प्रकाशन सगरमाथा वाङ्मय प्रतिष्ठान, काठमाण्डौ नेपालले गरेको हो । वृहत् आयाम रहेको यो महाकाव्य जम्मा ४ पृष्ठमा समेटिएको छ । जीवनका ऐतिहासिक, व्यवहारिक र पारिवारिक विषयवस्तुलाई मूल आधार मानी लेखिएको यो महाकाव्यले नरेन्द्रनाथ रिमालको जीवन सङ्घर्ष, गरेका उपलब्धी र

खानदानी वंश परम्परालाई समेटेको छ । यही व्यवहारिक सङ्घर्षपूर्ण जीवनीलाई समेटेर पहिलो स्मृतिको विषयभित्र यसरी प्रवेश गरिएको छ ।

गणेश आदित्य सँगै विराज  
देवी बसाई शिव विष्णु माझ ।  
पाञ्चायनी शक्ति खडा गराई  
नैवेध पुष्पाञ्जलि यो चढाई ॥

यस श्लोकमा गणनायकलाई सम्बोधन गरिएको छ र सँगसँगै सूर्यदेव, देवी, शिव, विष्णु, पाञ्चायन देवतालाई सम्बोधन गरी पूर्वीय महाकाव्य परम्परालाई यस महाकाव्यलेपनि शिरोधार्य गरेको छ । त्यसैले प्रस्तुत महाकाव्यलाई पूर्वीय महाकाव्यको कोटिमा राख्न सकिन्छ ।

पहिलो श्लोकमा गणेश लगायत पाञ्चायन देवतालाई, दोस्रो श्लोकमा कुल देवताको पवित्रतालाईर तेस्रो श्लोकमा सरस्वतीलाई मङ्लाचरण गरी काव्यको उठान गरिएको छ । त्यसपछि काव्यको मूल विषयवस्तुहरुतर्फ प्रवेश गरिएको छ ।

पूर्वीय महाकाव्यको सिद्धान्त अनुसार अनिष्ट नाश, इष्ट प्राप्त गर्नका लागि जम्मा पाँचवटा मङ्गलाचरण गरिएको छ ।

पहिलो पथमा - वस्तुनिर्देशात्मक  
दोस्रो पथमा - अभिलाशात्मक  
तेस्रो पथमा - अभिवादात्मक  
चौथो पथमा - इच्छाबोधमा  
पाँचौ पथमा - आशाबोधक

उपर्युक्त मङ्गलाचरण अनुसार महाकवि नरेन्द्रनाथ महाकाव्यको मङ्गलाचरण जम्मा तीन श्लोकमा मात्र सिध्याइएको छ ।

## ५.२ प्रेरणा र प्रभाव :

### ५.२.१ प्रेरणा :

राष्ट्रमा लुकेर बसेका उच्च दर्जाका प्रतिभाको कतैबाट पनि कुनै चासो नदेखाइएको यथार्थलाई बुझेर त्यस्ता व्यक्तिले गरेका महत्वपूर्ण योगदानको कदर

नभएको देखेर र एउटा सिङ्गो नेपाली साहित्यको इतिहास नै अधूरो जस्तो लागेर त्यस्ता व्यक्तिलाई अगाडि नल्याए नेपाली साहित्य क्षेत्रकै दुर्भाग्य हुनजान्छ भन्ने सन्देह महाकाव्यकारका मनमा खड्कियो। सहपाठी कान्ता भट्टराईमा महाकाव्य लेखनको थप प्रेरणा प्राप्त भएकाले महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य लेख्न अठोट लिएको वास्तविकता महाकाव्यकारले कृतिकै आत्म कथनमा ब्यक्त गरेका छन् ।

नेपालका बौद्धिक, पौराणिक, ऐतिहासिक गौरव र प्रतिभाशाली व्यक्तित्वलाई चिनाइ जागरुक बनाउने भावनाबाट प्रेरित भई प्रस्तुत महाकाव्य लेखन आरम्भ भएको हो ।

### ५.२.२ प्रभाव :

कुनै पनि सङ्घर्षशील व्यक्तित्व र उसका प्रतिभालाई उजागर गरी योगदान र प्रेरणाको चर्चा गर्नु जीवनीको मुल अभिप्राय हो । नेपाली साहित्यको माध्यमिक कालदेखि नेपाली भाषा र साहित्य मै जीवन समर्पण गर्ने कवि नरेन्द्रनाथ रिमाल उनका पूर्खा र सन्ततिहरुलाईसबैले चिन्न सकून् र ओझेलमा परेका त्यस्ता प्रतिभालाई कसैले पनि वास्ता नगरेको हुनाले त्यो प्रेरणा सबैमा मिलोस् भन्ने इच्छा महाकाव्यकारमा रहेको छ । प्रतिभा भएका व्यक्तिहरु सधैँ छायामा पर्नु हुँदैन बरु आफ्नो बर्कत र क्षमताले भ्याएसम्म उनीहरुलाई चिनाउने र प्रेरणाका स्रोतहरु खुलाउने काम गर्नु राम्रो हो भन्ने आशयले प्रस्तुत महाकाव्यको रचना भएको हो ।

## ५.३ काव्य हेतु :

पूर्वीय विद्धानहरुले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्य हेतु मानेका छन् । पाश्चात्य विद्धानहरुले कलप्ना आत्माभिव्यक्ति, दमित यौनकुष्ठाका साथै मानवीय जीवनेच्छालाई काव्यहेतु मानेका छन् ।

नेपाली साहित्य क्षेत्रकै राष्ट्रिय प्रतिभा भएका व्यक्तिलाई चिनाउने भावनाबाट प्रेरित भएर लेखिएको यस महाकाव्यको काव्यहेतु लेखककै भाषामा प्रतिभा भएका व्यक्तिलाई देश विदेशसम्म चिनाउनु हो।

## ५.४ काव्य प्रयोजन :

पूर्वीय साहित्य सिद्धान्त अनुसार यश, धन वा कीर्तिका लागि काव्य सिर्जना गरिन्छ अर्थात् बिना प्रयोजन काव्य सिर्जना हुन सक्दैन । भरतमुनिले धर्म, यश, आयुको प्राप्ति, कल्याण प्रदान, बुद्धिको विकास र लोकोपदेश काव्य रचना गर्नु नै साहित्य प्रयोजन हो भनेका छन् भने वामनले कीर्ति र आनन्द प्राप्ति नै काव्यको प्रयोजन हुन् भनेका छन् ।

महाकाव्यकार भट्टराईकै शब्दमा भन्नुपर्दा प्रस्तुत महाकाव्यको प्रयोजन धन आर्जनका लागि होइन । यसको प्रयोजन यश र कीर्ति प्राप्त गर्नु हो ।

## ५.५ शीर्षक विधान :

'महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य)' नाम दिइएको प्रस्तुत महाकाव्य महाकाव्यकार नीलकण्ठ भट्टराईको चौथो महाकाव्य हो । नेपालको पृष्ठभूमिमा देखा परेको साहित्य लेखन परम्परामा कुनै पनि साहित्यिक प्रतिभाहरु पर्दा अगाडि आउन आफ्नो वर्चस्व कायम गरेकै देखिन्छ । सहरमुखी भएर साहित्य रचना गर्ने प्रतिभा भन्दा मोफसलका अब्बल दर्जाका प्रतिभाहरु पनि ओभ्रेलमा परेका देखिन्छन् । यसरी कता कता हराईरहेका वास्ता नगरिएका प्रतिभालाई त्यतिकै विलीन हुन त दिनु भएन भन्ने इच्छा महाकाव्यकारको हो । तसर्थ त्यस्ता व्यक्तित्वलाई चिनाउने र जीवनी अध्ययन गरेर जीवनोपयोगी प्रेरणा जागृत गराउन सकियोस र सधैं सम्भ्रना पनि आइरहोस भन्ने सदाशयताले महाकाव्यको शीर्षक 'महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य)' राखिएको भनाइ महाकाव्यकार नीलकण्ठ भट्टराईको रहेको छ ।

महाकाव्यमा चतुर्वर्ग फल प्राप्ति हुनुपर्छ, घटन तथा पात्र ऐतिहासिक हुनुपर्छ। नायक नायिकाको मिलन देखि पुत्र प्राप्तिसम्मका कुरा समेटिनु पर्छ। नायक धिरोदात्त हुनुपर्छ । नायक राजकुमार वा राजा हुनु पर्छ, सर्वाङ्ग सुन्दरी नायिका हुनुपर्छ। प्रणय-वार्ता युद्ध अनि विजय हुनुपर्छ भन्ने पूर्वीय महाकाव्यका मान्यतालाई आंशिक रुपमा अङ्गिकार गरिएको प्रस्तुत महाकाव्यमा राजा र राजकुमारका ठाउँमा केवल नरेन्द्रनाथ रिमाल र उनका पुत्रहरुलाई अघि सारेर सामान्य चर्चा मात्र गरिएको छ । यश प्राप्तिको सेरोफेरोमा मुद्दा मामिलासम्म भ्रेलेर सङ्घर्षमय बनेको जीवनको ऐतिहासिक

घटनाक्रमलाई प्रस्तुत महाकाव्यमा लेखिएको एक मार्गी महाकाव्य हो। महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य । नरेन्द्रनाथकै वर्णन, नरेन्द्रनाथकै सम्पूर्ण जीवनगाथा समेटिएको कारणले प्रस्तुत महाकाव्यको शीर्षक सार्थक रहेको छ ।

## ५.६ पात्र, विधान र गतिहरुको विवरण :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा नरेन्द्रनाथ नै मुख्य नायक हुन् । प्रत्येक स्मृतिमा नायक शिक्षा आजृन, विवाह-कर्म, संस्कार, पारिवारिक कुलमर्यादा सम्पति, साहित्य-साधना पूर्वपीठिका, साहित्य-साधना उत्तरपीठिका, साहित्य-शैली र जीवन-दर्शन जस्ता र उपशीर्षक भित्र सलब्लाएका छन् । हरेक स्मृतिमा नायकको जीवन चरित्रलाई नै प्रकाश पारिने काम महाकाव्यमा भएको छ । नायक नरेन्द्रनाथको जन्म देखि लिएर उनका हरेक जीवन भोगाइका मूल्य र मान्यतालाई प्रत्येक स्मृतिमा छुट्टाछुट्टै धारमा प्रस्तुत गरिएको छ । केही गौण पात्रहरु पनि छन् जसले महाकाव्यको विषयवस्तुमा भने भूमिका खेलेको पाइदैन ।

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा नायिकाका रुपमा नरेन्द्रनाथकै अर्घाङ्गिनी गङ्गालाई उभ्याइएको छ । महाकाव्यको चौथो स्मृतिको ४४औं श्लोकमा आएर नायिका को नाम उल्लेख गरिएको छ । हरेक स्मृतिमा रहेका गौण भए पनि ती पात्रहरुलाई स्मृति (सर्ग) का रुपमा यसरी देखाउन सकिन्छ ।

**महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा पात्र विवरण**

| स्मृति | पात्रहरु |
|---|---|
| पहिलो | कृष्ण, अर्जुन, नरेन्द्र, व्यास, दीनानाथ |
| दोस्रो | नरेन्द्रनाथ |
| तेस्रो | नरेन्द्रनाथ, |
| चौथो | नरेन्द्रनाथ, गङ्गा |
| पाँचौ | काशीनाथ, नरेन्द्रनाथ, दीनानाथ, शिव |
| छैठौं | नरेन्द्रनाथ, गङ्गा, शिवरत्न, रामरत्न, विजया, सुशीला, सतयभामा, शिवा, काशीनाथ, दीनानाथ, गुणकेशरी, ठगकुमारी, टीका कुमारी, |

| | |
|---|---|
| | लीलादेवी |
| सातौँ | नरेन्द्रनाथ, विश्‍वनाथ, दीनानाथ |
| आठौँ सा.पूर्व | नरेन्द्रनाथ (विश्‍वयुद्धका घटना) |
| नवौं सा.पूर्व उत्तर | नरेन्द्रनाथ, कृष्णचन्द्र रेग्मी, गोपाल, शिवरत्न |
| दशौं | नरेन्द्रनाथ |
| एघारौं | नरेन्द्रनाथ, शिवरत्न, रामरत्न |

महाकाव्यकार नीलकण्ठ भट्टराईद्वारा रचना गरिएको प्रस्तुत महाकाव्य महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) को अध्ययन गर्दा यसले पूर्वीय महाकाव्यको मान्यतालाई केही हदसम्म अङ्गीकार गरेको देखिन्छ । चतुर्वर्ग फलप्राप्तिलाई प्रस्तुत महाकाव्यले समेटेको देखिन्छ । दोषरहित महाकाव्य लेख्न कठिन छ । यस महाकाव्यमा पनि प्रशस्त दोष देखिएका छन्। यस महाकाव्यका स्मृतिहरुमा देखिएको प्रमुख दोष भनेको नायक, नायिका पूर्वीय काव्य सिद्धान्तका आधारमा राखिएको छ ।

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) नरेन्द्रनाथ माध्यमिककालीन साहित्यिक व्यक्तित्व भनेर चिन्न खोज्ने व्यक्तिका लागि त एउटा जीवनको साङ्गोपाङ्गो दस्तावेज नै हो । महाकाव्यले पूर्वीय सिद्धान्तलाई अक्षरशः पालना गर्न नसके पनि केही हदसम्म पूरा गरी महाकाव्यको मान्यता रहेको स्मृति पिच्छेका वर्णन यसरी प्रस्तुत गरिएको छ ।

### ५.६.१ पहिलोस्मृति :

मङ्गलाचरणबाट सुरु गरिएको यस शृङ्खलामा गणनायक, आदित्य शिव, विष्णु, पाञ्चायनी देवता, कुल देवता, सरस्वतीलाई उपासना गरिएको छ । महाभारत लेखेर नेपाली साहित्यलाई नेपालकै पूर्व र पश्चिमको भाषिक एकीकरण गरेको उललेख गर्दै महाभारतमा भएका कृष्णार्जुन संवादका भावहरुलाई कविले मिलाउँदै गएको तथ्य जाडिएको छ । कौरव कर्म जालोलाई जोडेर बनेको कालो इतिहास व्यासले सुनाएका

थिए त्यही कुरा नरेन्द्रनाथले नेपाली भाषामा सुनाएको र उनको यो पौरखलाई लेखेपछि स्रष्टा समुत्पन्न नरेन्द्रनाथ रहेछन् भन्ने चिनाउने अभिारा महाकाव्यकारले लिएका छन्। नेपालको पश्चिममा रहेको अछाम दैलेख, डोटी, कालिकोट, सुर्खेत जस्ता जिल्लामा नरेन्द्रको पुर्ख्यौली बसोबासको आशय खोतलिएको छ । रिमा बाजकोट भन्ने ठाउँमा कौशिक वंशका विश्वनाथ थिए तिनकै सन्तान पाँच सय वर्ष पहिले नुवाकोट आएर आफ्नो आसन जमाएको तथ्य अघि सारिएको छ । नरेन्द्रनाथको जन्म आमाबुवाले दिएको संस्कार आदिलाई पहिलो स्मृतिमा उल्लेख गरिएको छ ।

ती देखि पूर्व स्मृति केही छैन
पूर्वा कहाँ छन् लगतै भएन
जे होस् नुवाकोट उठी गएको
खण्डैक-वंशस्मृतिमा रहेको

पहिलो स्मृतिमा ४१ ओटा उपजाति २३ वटा इन्द्रवज्रा र अन्त्यमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरी टुङ्ग्याइएको छ ।

## ५.६.२ दोस्रो स्मृति

दोस्रो स्मृतिमा कवि नरेन्द्रनाथको बाल्यकालको वर्णन गरिएको छ । शैशव चाल, गोठालो जानु साथी संगातीसँग खेलनु जस्ता क्रियाकलापलाई पद्यानुरागमा बगाइएको छ । जिद्धी स्वभाव भए पनि प्रकृतिको सुन्दर काखमा आमाबुवासँगको सान्निध्य पाई हुर्कदै गएको, त्रिशूल गङ्गाको पवित्र जलझैं भएका, धार्मिक भावनाले प्रेरित भएका, शरीर सानो तर विशाल भावना भएका बालक नरेन्द्रनाथ विस्तारै शिक्षाक्षेत्रभित्र प्रवेश गरेको बाललीलालाई प्रस्तुत गरिएको छ तर दोस्रो स्मृतिको हरेक पृष्ठको शीर्ष स्थानमा पहिलो स्मृति भनी उल्लेख गरिएको छ ।

बाल्य जीवनको छाया
याथर्थ रुपले यहाँ ।
नरेन्द्रनाथको आई
देखायो स्मृति तालमा ॥

दोस्रो स्मृतिको विश्राम अनुष्टुप छन्दका दुई श्लोकले महाकाव्यको सिद्धान्त अनुसार गरिएको छ ।

### ५.६.३ तेस्रो स्मृति :

तेस्रो स्मृतिमा महाकाव्यकारले नरेन्द्रनाथ रिमालको शिक्षा आर्जनको बारेमा वर्णन गरेका छन् । नरेन्द्रनाथ जब बुझ्झकी बन्दै गए तब जोडतोडका साथ कर्मवादी भएर शिक्षाप्रति अध्ययनशील हुन पुगे । ब्राम्हण पुत्र भएकाले ग्रामीण क्षेत्रमा कुनै शैक्षिक व्यवस्था नभएकाले घरबाटै रुद्री चण्डीको अध्ययन गर्न थाले । पछि वनारस गएर आफ्ना पुर्खाले जस्तै संस्कृतशिक्षा आर्जन गर्न थाले र विस्तारै पुराण, साहित्य र धर्मशास्त्रहरुको गहन अध्ययन गरी आफूलाई प्रकाण्डबनाउन उद्यत रहेको जीवनको शैक्षिक गतिविधिलाई तेस्रो स्मृतिमा उललेख गरिएको छ । वारणसीका श्रीधर गुरुका साथमा बसेर ज्ञानसुधा लिएको तथ्यलाई मार्मिक ढङगले प्रस्तुत गरिएको छ ।

उन्को बडो ज्ञानसुधा दिएर
यथेष्ट आफ्नो श्रम सुम्पिएर
प्रकाण्ड बन्दै अघि बढ्न थाले
शास्त्रीयता झल्मल पार्न थाले ॥

पुराण, साहित्य र धर्मशास्त्र
पढे क्रमैले अनि वेदशास्त्र ।
त्यस्तै महाभारत नीतिशास्त्र
पढे अझै ज्योतिष सांख्यशास्त्र ॥

तेस्रो स्मृतिमा २६ वटा श्लोक उपजाति छन्दका ६ वटा श्लोक न्द्रवज्रा छन्दका र स्मृति अन्त्यमा दुई वटा श्लोक अनुष्टुप छन्द मा लेखेर महाकाव्य सिद्धान्त अनुसार काव्य रचना गरिएको छ ।

### ५.६.४ चौथो स्मृति :

चौथो स्मृतिमा महाकवि नरेन्द्रनाथ रिमालको विवाह-कर्म सम्बन्धी वर्णन गरिएको छ । २६ वर्षको उमेर पुगेका कवि नरेन्द्रनाथको यौवन अवस्था चम्कदै

गएपछि विभिन्न प्राकृतिक सौन्दर्यले मनोरम जिल्ला ओखलढुङगामा रहेका आफ्ना मामाघरमा पुगेपछि विवाहको उच्च चर्चा चलेकोर त्यही जिल्लाको माम्खा गाउँको जुकेपानी भन्ने ठाउँमा गङ्ग नामकी युवतीसँग वैवाहिक सम्बन्ध गासेको घटनाक्रमलाई महाकाव्यको चौथो स्मृतिमा प्रष्ट्याइएको छ । विवाह भएपछि सम्पूर्ण जिम्मेवारी आफ्नो थाप्लोमा आएको घटनाक्रम महाकाव्यकारले स्पष्ट पारेका छन् ।

तिनै पुण्यवतीमध्ये
कान्छी कोमल बालिका
गङगाको साथमा जोडे
दाम्पत्य गर्न जीविका
अर्घाङगिनी पनि धेरै
शील स्वभावकी थिइन
बाल्यवस्था नगै चाँडै
भार्याको पगरी लिइन् ॥

अनुष्टुप छन्दका ५५ श्लोक भएको चौथो स्मृतिको सर्गान्तमा मन्दाक्रान्ता छन्दको एउटा श्लोक राखिएको छ । वैवाहिक कर्म सकिए सँगै यो स्मृति समाप्त भएको छ ।

### ५.६.५ पाँचौ स्मृति :

पाचौं स्मृतिमा कवि नरेन्द्रनाथ रिमालको संस्कार कार्यको वर्णन गरिएको छ । पाँच सन्तानले घरमा आमा बुबाबाट पाएको परम्परागत संस्कारलाई नरेन्द्रनाथले पनि शिरोधार्य गरेका छन् । भाषिक सभ्यता, सत्कम, भ्रातृप्रेम, झाँगिदै गएको र औषधि उपार्जन गरेर स्वास्थ्य सेवा, समाजसेवा जस्ता सेवाहरु निःशुल्क गरेका कुरा वर्णन गरिएको छ । माया, ममता मर्यादा, कुलघरान र सुसंस्कारका कारण विस्तारै विद्वान बन्दै गएका नरेन्द्रनाथमा दिव्य शक्ति पनि भएको त्यसैगरी युरोप तिरका संस्मरण, विश्वयुद्धका गाथा, धर्मकर्म सम्बन्धी अनण्य ज्ञान हासिल गरी धर्मकर्म सम्बन्धी पुस्तक छापेर यशश्वी जीवन र सांस्कारिक जीवन आर्जेको वर्णन पाचौं स्मृतिमा महाकाव्यकारले गरेका छन् ।

आफैँ औषधिको उपार्जन गरी व्यापार सेवा पनि
गर्थे रे दुई भाई नै मिलिजुली काशीपुरीमा बसी ।
आफ्नो सन्निधिमा पुगेर रहन संकष्ट पर्ने सबै
सेवाभाव लिएर औषधिमूलो गर्थेखटी ती दुवै ॥

रिमालको पारिवारिक शार्दूलविक्रीदित छन्दका ३२ श्लोक सहितको पाचौँ स्मृतिको सर्गान्तमा दुईओटा अनुष्टुप छन्दका श्लोक रचना गरी बीट मारिएको छ ।

### ५.६.६ छैटौं स्मृति :

छैटौं स्मृतिमा कवि नरेन्द्रनाथ रिमालको पारिवारिक कुल मर्यादालाई पद्य शैलीमा वर्णन गरिएको छ । अर्धाङ्गिनीको शीलस्वभावले घरको शोभा बढाएको, धर्म, अर्थ, काम, मोक्ष याचना गर्दै जाँदा शिवरत्न र रामरत्न नामका दुई पुत्र जन्मेका, असल इलम गरी जीवन सार्थक बनाएका कुरालाई पङक्तिवद्ध रुपमा वर्णन गरिएको छ। विजया सुशीला, विष्णु, शिवु नामका चार छोरी जन्मिए र तिनको लालन-ल्लन, पढाइ-लेखाई गरी विवाह कर्ममा बाँधी कुल परम्परा अनुसार संस्कार पूरा गरेको, राष्ट्रका विभिन्न ठाउँमा ख्याति कमाएका सम्भ्रान्त जीवनशैली अपनाएका नरेन्द्रको कुल मर्यादा र पारिवारिक सञ्जालको वर्णन छैटौं स्मृतिमा गरिएको छ । विभिन्न ठाउँमा घर, जग्गा, जिमिदारी गरेर बसेका नरेन्द्रनाथको पारिवारिक सुगठन नेपालदेखि भारतसम्म छरिएर बसेका र आ-आफ्नो कर्मक्रियाले जीविकोपार्जन गरेको घटनाक्रम यस स्मृतिमा महाकाव्यकार नीलकण्ठ भट्टराईले गरेका छन् ।

नरेन्द्रनाथका जम्मा
दुईटा पुत्ररत्नले ।
जन्म साकार नै पारे
संघर्षमय यत्नले ॥

चारओटी भए छोरी
ब्रम्हाका मुखझैँ गरी ।
वंशका नेत्रका ज्योति
चम्काए जिन्दगीभरि ॥

अनुष्टुप छन्दका ७१ श्लोक रचना गरिएको यो स्मृतिका सर्गान्तमा शिखरिणी छन्दको एउटा श्लोक रचना गरी पूर्वीय महाकाव्य सिद्धान्त अनुसार छैटौ स्मृति समाप्त भएको छ ।

**५.६.७ सातौँ स्मृति :**

सातौँ स्मृतिमा महाकवि नरेन्द्रनाथ रिमालको सम्पति, पुर्ख्यौली सम्पतिका बारेमा विशद चर्चा गरिएको छ । नरेन्द्रका जिजुवाजे, बाजे, पिता लगायत वंशाणुगत रुपमा सम्पत्ति आर्जन गर्ने, वचाउनेर विस्तार गर्ने क्रममा कोही पछि परेनन् । नेपालको पश्चिमी क्षेत्रदेखि पूर्वी क्षेत्र काठमाण्डौको पकनाजोलसम्मपनि सम्पत्ति विस्तारका कुरालाई वर्णन गरिएको छ। पुर्खाको सम्पत्तिको पोकोलाई प्रसाद सम्भी त्यसलाई व्यापारतिर पनि उपयोग गरे भने छोरा रामरत्नले रामनगरमा सत्र विघा, सिराहामा सात विघा जमिन जोडेर सन्तानले समेत श्रीवृद्धिमा उल्लेखनीय कर्म गरे । थुप्रै मजदुरहरु राखेर ठूलो वन्दोवस्तीका साथ बसेका थिए । श्री ३ चन्द्रशमशेरका दरवारमा समेत काम गरेका नरेन्द्रनाथलाई श्री ३ केशर शमशेरले पनि दरबारमा बोलाएकाथिए तर उनी सन्तान र आफ्नै सन्तानको साथ नै स्वर्ग हो भन्ने सम्भेर नबसेको घटनाक्रमलाई महाकाव्यकार नीलकण्ठ भट्टाईले सातौ स्मृतिमा वर्णन गरेका छन् ।

पद हो धनका लागि
धन सन्तान पालक ।
सन्तान सुखका लागि
बाँच्ने गर्दछ बालक ॥

जो लिए उनले भित्री
दृढता मनमा भरी ।
त्यही तथास्तु भो राणा
केशरबाट त्यै घडी ॥

अनुष्टुप छन्दका ४६ श्लोकमा लेखिएको यो सातौँ स्मृतिको सर्गान्तमा शिखरिणी छन्दको एउटा श्लोक रचना गरिएको छ र स्मृतिको विट मारिएको छ ।

### ५.६.८ आठौं स्मृति :

आठौं स्मृतिमा महाकवि नरेन्द्रनाथ रिमालले साहित्यका क्षेत्रमा गरेको साधनालाई पूर्वपीठिका भनी नामकरण गरिएको छ । साहित्य साधनाका क्रममा महाभारत १८ पर्वको नेपाली श्लोकमा रुपान्तर गर्दै नेपाली भाषाप्रतिको अष्थालाई अझ गहन बनाउँदै लगेको वृतान्त महाकाव्यकारले महाभारतकै प्रसङ्ग झिकेर पुष्टि गर्ने काम गरेका छन् । एकातिर महाभारतकालीन कौरव र पाण्डवको युद्धलाई विषयवस्तु बनाइएको छ भने अर्कातिर कवि नरेन्द्रनाथको साहित्य साधना पनि युद्ध भन्दा कम थिएन भन्ने लाक्षणिक अर्थ आठौं स्मृतिमा अभिव्यक्त छ ।

आसुरी शक्तिका सामु
दैवी शक्ति सधैं भरी ।
उत्रिने गर्दथ्यो आफ्नो
नथाकी साधना गरी ॥

दम्भ दुर्भावले गर्दा
राक्षसी कुल मासियो ।
महाभारतकै अर्को
स्वरुप त्यसमा थियो ॥

राष्ट्रमा अराजकता फैलिदै गएको, इमान्दारहरुको मुटु नै कटक्क दुखाउने गरी अन्यायको सीमा बढ्दै गएको र मानवता हराउँदै गएको छनक यहाँ भेटिन्छ  जापान, जर्मनी, अमेरिका, सर्बिया फ्रान्स, अष्ट्रेलिया, इङ्लैण्ड, हङ्गरी, रुस, युरोपका देशहरुमा युद्धका नाराहरु घन्किरहेका बेला कौरव र पाण्डवको युद्ध नै दोहोरिएको हो कि भन्ने भान महाकाव्यकारले अभिव्यक्त गरेका छन् । इ.सं. १९१४ जुलाई २८ गते प्रथम विश्वयुद्ध सुरु भएपछि नरसंहारको महाभारत देखा पर्न थाल्यो । चार वर्षको युद्धपछि पेरिसमा शान्ति वार्ता, सन्धि र सम्झौता हुँदै असन्तुष्टिको काम चलाउ शान्ति भयो। २५ वर्षपछि द्धितीय विश्वयुद्ध चर्कियो । यिनै घटनाक्रमलाई महाकवि नरेन्द्रनाथ रिमालले सबाइ छन्दमा लेखी भित्री व्यक्तित्व उभिल्याएको वर्णन आठौं स्मृतिमा साहित्य साधना पूर्वपीठिकाका रुपमा गरिएको छ ।

यी दुवै युद्धका रुप

महाभारतकै थिए ।
यहूदी जाति जो जम्मै
यदु कौरवझैँ भए ॥

अनुष्टुप छन्दका ४३ श्लोक भएको आठौं स्मृतिको सर्गान्तमा उपजाति छन्दको एउटा श्लोक छ । प्रथम र द्वितीय विश्वयुद्धको घटनाक्रम महाभारतसँग तुलना गर्दै साहित्य साधना महाकवि लागेको वर्णन सँगै आठौं स्मृति समाप्त भएको छ ।

### ५.६.९ नवौ स्मृति :

नवौ स्मृतिमा महाकाव्यकार नीलकण्ठ भट्टाईले महाकवि नरेन्द्रनाथ रिमालले गरेको साहित्य साधनालाई उत्तरपीठिका नामकरा गरी वर्णन गरेका छन् । रिमालले राष्ट्रिता जगाउन नेपाली भाषाको माध्यमबाट काव्यामृत पस्केर सबै नेपालीलाई शिक्षा लिन प्रेरित गराएका थिए। धर्म, कर्मको ज्ञान, नेपाली भूमि र प्रकृतिको वर्णन अनि महाभारतका मीठा महानी रचना गरेर सिद्धहस्त व्यक्तित्व बनेका अवधारणालाई पद्यमा समेल्दै सिङ्गो महाभारत काव्य तयार पारेको इतिहास खोतलिएको छ । महाकाव्य तयार भएर पाण्डुलिपी मात्र रहदा साही बखतमा कृष्णचन्द्र रेग्मी र गोपाल नामका दुई व्यक्तिले आफ्नै नाममा छपाउन लागेको र नरेन्द्रका छोरा शिवरत्नले मुद्दा लडेर जितेको इति वृतान्त नवौं स्मृतिमा वर्णन गरिएको छ ।

छिने नरेन्द्रै कविको भनेर
निसाफ माने सबले सुनेर ।
निसाफ भो यो जल दूध जस्तो
छर्लङग देख्ने रसरुप कस्तो ?

उपजाति छन्दका ५५ श्लोक र इन्द्रबज्रा छन्दका १५ श्लोक रचना गरी नवौँ स्मृतिको सर्गान्तमा शार्दूलविक्रीदित छन्दको एउटा श्लोक रचना गरेर साहित्य साधना उत्तरपीठाका को विट मार्ने काम नवौँ स्मृतिमा भएको छ ।

**५.६.१० दसौं स्मृति :**

दसौं स्मृतिमा महाकवि नरेन्द्रनाथ रिमालको शाहित्य-शैलीको वर्णन गरिएको छ। विन्यासगत कमी कमजोरी तत्कालीन भाषिक त्रुटीलाई जवर्जस्ती मिलाउन खोजिएको र छन्द मिलाउने प्रयोजन गरिएको कुरा महाकाव्यकारले तिक्तताका रुपमा काव्यमै औंल्याएका छन् ।

जबर्जस्ती कुटीकाटी
छन्दको छाल छर्दिने ।
धेरै मात्राहरु छैनन्
केही छन् विघ्न गर्दिने ॥

वौद्धिकता बिर्सिएर सामान्य ढङगमा रचना भएको काव्यमा भएर (भेर) य, (त्र), एक (यक), रहेछ (रैछ) झगडा (झग्रा) निम्ति (निम्ती, दक्षिण (दछिना) जस्ता व्याकरणका अशुद्ध पक्षलाई प्रचुर मात्रामा प्रयोगमा प्रयोग गरिएकाले पनि रचनाशील्पमा चर्चा कम भएको हो कि भन्ने सहजै अनुमान लगाउन सकिने याथर्थ महाकाव्यकारले महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा व्यक्त गरेका छन्। धर्मको व्याख्या र पूर्वीय पृष्ठभूमिमा तयार भएको भए तापनि साहित्य शैलीमा देखिएको फितलो पन र काव्यको तरतालाई वर्णन गर्दै नवौं स्मृति सकिएको छ।

यिनै हुन् कलिका व्यास
हुन् सञ्जय स्वयं यिनी
दिव्यदृष्टि खुला गर्दै
आए नेपालमा उनी

किन्तु रिमालका छन्द
काँतर कालिका बनी
आए स्वच्छन्दता बोकी
झयाउरेसरिका बनी ॥

अनुष्टुप छन्दका ३२ वटा श्लोक रचना गरी दशौँ स्मृतिको सर्गान्तमा उपजाति छन्दको एउटा श्लोक रचना गरिएको छ ।

### ५.६.११ एघारौं स्मृति :

महाकाव्यको एघारौं स्मृतिमा जीवन-दर्शनको वर्णन गर्ने काम भएको छ । ब्रम्हाको वेद आर्यहरुले हिन्दु धर्मग्रन्थ मानिएको, तन्त्रमन्त्र नै शास्त्र सिद्धिका आधार भएको, वैदिक विधि, शक्तिको साधना नै वैदिक भाषाको धर्म दर्शनको आधारम ाजनता जनार्दन बस्ने कुरालाई अघि सारिएको छ । धर्मग्रन्थमै भाग्य, भूत, लौकिक, अलौकिकका दृश्य-अदृश्य शक्ति हुने भएकाले सिद्धिका लागि साधना गर्नुपर्ने, मृत आत्माको मोक्षका लागि मन्त्र सिद्धिका लागि देवी देवतालाई खुसी बनाउनु पर्छ भन्ने धारणा महाकाव्यकारले जीवन-दर्शनका रुपमा वर्णन गरेका छन् । मानिस जस्तोसुकै अवस्थामा किन नहोस् आफूजस्तै मानवीय धर्मका रुपमा अरुलाई सम्झेर कर्म गरे स्वर्ग पुगिन्छ भन्ने र बाचुञ्जेल यश र कीर्तिका लागि मरिमेटे सफल होइन्छ भनेका छन् । धर्म, माता, पिताप्रति सम्मान गर्दै महाकवि नरेन्द्रनाथ रिमालको सम्पूर्ण जीवनीलाई उपसंहारको रुपमा वर्णन गरिएको छ ।

आत्मवत् ठान्दछन् जसले
सम्मान पनि गर्दछन् ।
यो धर्मशास्त्रले भन्छ
ती सोभै पार तर्दछन् ॥

नरेन्द्रनाथ संसार
पारिको लोकमा गए ।
यहाँ आफन्त जो बस्थे
हेर्दै ती शोकमा रहे ॥

अनुष्टुप छन्दका ४६ वटा श्लोक रचना गरेर एघारौं स्मृतिको सर्गान्तमा शिखरिणी छन्दका दुईवटा श्लोक रचना गरी टुङग्याएको छ । एघारौं स्मृतिमा आएर महाकाव्यको सम्पूर्ण विषयवस्तु समाप्त गरिएको छ ।

## ५.७ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा प्रयोग भएका रसहरु

### ५.७.१ श्रृङ्गार रस :

संस्कृतका आचार्यहरुले नवरस मध्ये श्रृङ्गार रसलाई सर्वाधिक महत्व दिँदै रसराज मानेका छन्। यस रसलाई प्रधानता दिई रचिएको साहित्यमा नारी पुरुषका बीचको भौतिक आध्यात्मिक मानसिक प्रेम-सम्बन्ध एवम् आकर्षण विकर्षण, सहज-स्वभाविक वा नैसर्गिक कामेच्छाको प्राप्ति अप्राप्ति आदि अभिव्यक्ति पाइन्छ । सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा सुपुप्त अवस्थामा अवस्थित रति स्थायी भावलाई रसवस्थासम्म पुर्‍याई सहृदयलाई अलौकिक आनन्द प्रदान गर्ने रचनालाई श्रृङ्गाररस प्रधान रचना भनिन्छ ।

श्रृङ्गार रसको स्थायी भाव रति हो । रतिको अर्थ हुन्छ नारी-पुरुषमा अन्तर्निहित एक अर्काप्रतिको सहज-स्वाभाविक आकर्षण, आसक्ति, प्रेमभाव वा कामेच्छा ।यही रति स्थायी भाव विभावादिको संयोगबाट परिपुष्ट-परिपक्क अवस्थामा पुगेपछि श्रृङ्गार रसको निष्पत्ति हुन्छ ।

#### ५.७.१.१ संयोग वा संभोग श्रृङ्गार रस :-

संयोग वा सम्भोग श्रृङ्गार रसको अभिव्यक्ति भएको रचनामा नायक-नायिकाका बीचको शारीरिक-आध्यात्मिक प्रेम सम्बन्ध आपसी प्रेमलाप, मिलन, आपसी आकर्षण तथा सम्पर्क, कामेच्छाको प्राप्ति आदिको चित्रण पाइन्छ ।

मनको तिर्सना यौटा
विन्दुमा मग्न बन्दछ
अब्यक्त मनको भाव
कसले बुझ्न सक्तछ । (पृष्ठ २९, श्लोक ३)

उनैको रक्तको विन्दु
स्वामीको बल मिश्रण
भई सन्तानको रुप
आफ्नै त्यो परिवर्तन ॥ (पृष्ठ ५० श्लोक १२)

नयाँ नायक-नायिका गौण भए पनि श्रृङ्गार (भावाकर्षण) र अव्यक्त ( कामेच्छा)को आशा देखाइएको छ ।

### ५.७.१.२ विप्रलम्भ वा वियोग श्रृङ्गार :

वियोग वा विप्रलम्भ श्रृङ्गार रसको अभिव्यक्ति भएको रचनामा नायक-नायिका बीच वैयक्तिक, सामाजिक वा अन्य कुनै बाधा-बन्धनका कारण प्रेम सम्बन्ध कायम हुन नसकेको अथवा पूर्णस्थापित प्रेम सम्बन्ध बीचैमा अ.शत वा पूर्णत टुट्न गई नायक-नायिकाका बीच विछोड भएको स्थितिको वर्णन पाइन्छ ।

गङ्गाको महिमा जस्तै
ती गङ्गा पनि बन्दथिन्
यो जिन्दगी रहे सम्म
एकात्मा हुनु भन्दथिन् । (पृष्ठ ५० श्लोक १०)

यस गङ्गा नायिकाले पति प्रति प्रेमलाप वा रति  चाहेकी थिइन् तर अपूरोभएको वा वियोगभएको सङ्केत जिन्दगी भर एकात्म हुन नसक्नु हो। तसर्थ श्रृङ्गार रसमा प्रेम रतिस्थायी भाव हो । नायिका गङ्गा र नरेन्द्र आलम्बन विभाव हुन् ।दुवैको प्रेम अनुभाव हो । रक्तको विन्दु रस्वामीको बलको मिश्रण उद्दीपन विभाव हो भने त्यसको परिवर्तन सञ्चारी भाव हो ।

### ५.७.२ करुण रसः

संस्कृतका आचार्यहरुले श्रृङ्गाररसलाई रसराज भनी सर्वोपरी स्थानमा राखेपनि करुण रसलाई समेत त्यत्तिकै महत्व प्रदान गरेका छन् । मानवीय जीवनका सुखभन्दा पनि बढी दुःखद भएकाले दुःख वा करुणको अनुभव भावक एवम् कोमल हृदय भएको व्यक्तिले मात्र नभएर चोर हत्याराजस्ता कठोर पाषाण हृदय भएको व्यक्तिले समेत गर्ने भएकाले करुण रसलाई अत्यन्त व्यापक, लोकप्रिय एवम् मर्मश्पर्शी मानिएको छ ।

करुण रसको स्थायी भाव शोक हो । शोकको अर्थ हुन्छ दृष्टको नाश रअनिष्टको प्राप्ति, स्वजन-प्रियजनको मृत्यु वा दुःखद अन्त्य, वेभवको क्षति आदि जस्ता अवस्थाबाट उत्पन्न दुःख पीडा वा विरह वेदना । यही शोक स्थायी भाव विभावादिका

कारण परिपुष्ट अवस्थामा पुगेर करुण रसका रुपमा अभिव्यक्त हुन्छ । यसरीजुन काव्यकृतिले सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा सुषुप्त अवस्थामा रहेको शोक स्थायी भावलाई जगाएर रसावस्थासम्म पुऱ्याई सहृदय अलौकिक आनन्द प्दान गर्छ त्यसैलाई करुणारस प्रधान कृति भनिन्छ।

पुकारा आर्तका तीखा
संसारभर घन्किए
तोप वारुदका ज्वाला
लक्ष्य नाघेर दन्किए ॥ (पृष्ठ ७९ श्लोक ३१)

यहाँ तोप वारुदले मार्ने काम गरेकाले शोक उत्पन्न भएको छ । आर्टहरु कराउनु आवलम्वन विभाव हो । युद्ध हुनु उद्दीपन विभाव हो भने लक्ष्य नाघ्नु व्यभिचारभिाव हो ।

### ५.७.३ वीर रसः

वीर रसको स्थायी भाव उत्साह हो । उत्साहको अर्थ हुन्छ कुनै कार्य गर्न प्रेरित गर्ने वा प्रवृत्त तुल्याउने मानवीय मनको एक उल्लासपूर्ण भाव । वास्तवमा शत्रुको हाँकको सामना गर्न, कसैलाई अमूल्य दान दिएर कृतार्थ तुल्याउन, दुःख दुर्दशा वा सङ्कटमा परेकाको उपकार गर्न, आफ्नो जाति र राष्ट्रको स्वार्थ हुने एक किसिमको साहस, उल्लास, दृढता, स्फुर्ति, तत्परता वा आँटलार्य उत्साह स्थायी भाव भनिन्छ।

किसानी कर्मका व्यक्ति
उत्साह मनमा लिई
पस्तुथे रोप्नका लागि
औजार हातमा लिई ॥ (पृष्ठ ६८ श्लोक २५)

यहाँ उत्साह स्थायी भाव हो। रोप्न जानु आलम्बन विभाव क्रियाकलापहरु उद्दीपन विभाव औजारको सहयोग अनुभव गर्न शोध गर्नु व्यक्तिचारी भाव हो ।

### ५.७.४ भयानक रस :

भय स्थायी भावबाट भयानक रसको निष्पत्ति हुन्छ । कुनै डरलाग्दो दृश्य, घटना, वसतु, प्राणी वा अनय त्यस्तै कुरा देख्दा अथवा त्यस्ता कुराहरुका बारेमा सुन्दा, पढ्दा मानवीय अन्तर्मनमा उत्पन्न हुनेएक किसिमको भाव वा मनो विकासलाई भय स्थायी भाव भनिन्छ ।

भत्किए योजना सारा
निर्माण सब बन्द भो
त्राहि त्राहि भए मान्छे
आष्थाको केन्द्र नै गयो ॥

यहाँ भय स्थायी भाव हो । आश हराउनु आलम्बन विभाव हो भने सन्नाटा छाउनु त्रसित हनु उद्यीपन विभाव हो । सारा भत्केरभताभुङ्ग हुनु व्यभिचारी भाव हो ।

### ५.७.५ रौद्र रस :

रौद्र रसको स्थायी भाव क्रोध हो । आफ्नो स्वत्व वा अहम्‌मा कसेको आधात पुऱ्याउँदा वा कसैले आफ्नो जनधनको असाधारण रुपले क्षति पुऱ्याउँदा आदि जस्ता अवस्थामा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको प्रतिशोधात्मक एवम् उत्तेजनापूर्ण मानव विकासलाई नै क्रोध स्थायी भाव मानिन्छ ।

भए सबै सज्जन पाण्डुपुत्र
दम्भी भएछन् धृतराष्ट्र पुत्र
बन्यो महाभारतको कहानी
प्रारम्भ सङ्गम यिनै विहानी ॥

यहाँ क्रोध स्थायी भाव हो । दम्ममा आधात पुऱ्याउनु आलम्बन विभाव हो भने दम्मी हुनु उद्यीपन विभाव हो। सङ्गाम वा युद्ध हुनु व्यभिचारी भाव हो ।

### ५.७.६ वीभत्स रस :

जुगुप्स वीभत्स रसको स्थायी भाव हो। घृणास्पद पात्र, वस्तु, दृश्य आदि देख्दावा त्यस्ता कुरा सुन्दा पढ्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको उदवेग

वा घृणा भावलाई  जुगुत्सा स्थायी भाव भनिन्छ । सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा अवस्थित यही स्थायी भाव काव्य-कृतिमा वर्णित विभावाकि कारण रसावस्थामा पुगी आस्वाध बनेपछि सहृदयमा वीभत्स रस उत्पन्न हुन्छ । अलौकिक आनन्दको भाव सञ्चार हुन्छ या रोमाञ्च व्यभिचारी भाव हुन् ।

खोलो बग्दछ रक्तको धुमिल भै देखिन्न सङ्लोपना
बग्रेल्ती हरपस्ट छन् शवहरु उठ्तैन काया त्यहाँ
तातो वाफ समान प्राण सबको हावा बनी उड्दछ
काया प्राण उडेर लट्पट गरी संग्राममै लड्दछ ॥

यहाँ जुगुप्स स्थायी भाव हो । रगतको नदी देख्नु विभाव हो शवहरु बग्रेल्ती हुनु उद्धीपन विभाव हो भने वाफ समान हावा आलम्बन विभाव हो । प्राण उडेर जानु र लटपट भएको लासको संग्राम व्यभिचारी भाव हो ।

## ५.८ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) मा प्रयोग भएका अलङ्कार अलङ्कार परिचय :

अलङ्कार भनेको काव्यको सौन्दर्य-सिर्जनाको मूल कारक तत्व हो । वास्तवमा उक्तिको विशेष चमत्कार भन्नु नै अलङ्कार हो। अर्को शब्दमा भन्ने हो भने शब्द अर्थको माध्यमबाट काव्यमा सौन्दर्य शोभा वा चमत्कार उत्पन्न गर्ने वा काव्यको आन्तरिक तथा वाह्य सौन्दर्य बढाउने साधन वा उपकरणलाई अलङ्कार भनिन्छ ।

### ५.८.१ उपमा अलङ्कार :

नेपाल देशको पूर्वी
भागमा मेरुदण्ड झैं
इतिहास सधैं बाँकी
आएको अझ सम्म नै। (पृष्ठ ३०, श्लोक ९)
यौटै पाषाणले ख्याति
पाएको जुन मण्डला
त्यस्तै सुमेरुझैं लाग्ने

छन् अग्ला चुचुरा खरा ॥ (पृष्ठ ३३, श्लोक २१)

उर्वरा शक्तिको यौटै

स्वर्गाक नमुना सरि

बनेका छन् कतै दून

कतै पाखा गरा परी ॥ (पृष्ठ ३३, श्लोक २२)

### ५.८.२ सम्भावना अलङ्कारः

मीठा नमिठा यसभित्र छान्लान्

स्रष्टा समुत्पन्न नरेन्द्र भन्लान् ॥ (पृष्ठ ३-श्लोक १०)

यो नेपाल स्वतन्त्र शान्ति सुखको भण्डार होला कतै

आएका नवचेतनामय बनी तंग्रेर यो विश्वमै ।

जो जो छन् अघि बढ्छ सक्षम खडा सम्पूर्ण ती देशले

लेलान् ती अवधारणा सुख हुने सौहार्द सम्भानते । (पृष्ठ ४६, श्लोक २८)

होला विश्व विकास शिक्षित भई सद्भाव सच्चा गरी

आऊला नरका सक्षम दिलको आधार खम्बा बनी ।

त्यस्ता नाम र कामले मगमगी बास्नाहरु ल्याउला

ती वास्ना मधुमासमा हिमशिला नेपालले पाउला। (पृष्ठ ४६,श्लोक२७)

### ५.८.३ उत्प्रेक्षा अलङ्कारः

आकाश धूमको मुस्लो

फैलेर छेकिदै गयो ।

धर्तीले रक्तको खोला

बोकेर उभिदै गयो । (पृष्ठ ७९, श्लोक ३२)

यहाँ धूवाँको मुस्लोले आकास छेकिएर धर्तीले रगतको खोला बोकेर उभिनु उत्प्रेक्षा अलङ्कार हो ।

### ५.८.४ अतिशयोक्ति अलङ्कार :

खान्थे जागिर ती भएर मुखिया काशीपुरीमै बसी
लेख्थे पुस्तक विश्वकै विषयमा खोलेर भित्रै पसी
त्यो बेला कसरी बुझेर उनले ल्याए समेटीकन
त्यत्रो सागर पारको खबरमा साँचो पना भर्दिन ॥ (पृष्ट ४४, श्लोक १८)

आफ्नै तयो घरमा बसेर सुझने या द्विव्यदृष्टी थए
यौता नै उनका समक्ष कि बसी सञ्चार गर्ने भए ।
हावाले कि त गै बुझेर घटना आएर भन्दै गयो
त्यस्तो शक्ति कि ता नरेन्द्र कविमा बढ्दै गएको थियो । (पृष्ठ ४४, श्लोक १९)

नरेन्द्रनाथको अनेकौ तवरले कविले वर्णन गरेका कारण यहाँ अतिशयोक्ति अलंकार भएको छ ।

### ५.८.५ रुपक अलङ्कारः

दीनानाथ पनि त्यस्तै
बुबा हुन ती नरेन्द्रका
सम्पत्ति साचने गर्थे
भै समान कुबेरका । (पृक्ष ६४ श्लोक ७)

यहाँ उपमेय दीनानाथ र उपमान कुवेरका बीच अभेद राखिएकाले रुपक अलङ्कार भएको छ ।

### ५.८.६ स्वभावोक्ति अलङ्कार :

चल्दछन् भाग्यका साथै
कर्मको स्थानमा बसी
डुबुल्की मार्दछन् जम्मै
सुख सागरमा पसी ॥ (पृष्ठ १०६, श्लोक ९)

यहाँ भाग्य र कर्म निरन्तर चल्नु, मानिसहरु सुख सागरमा डुबुल्की मार्नु स्वभाविक प्रक्रिया छन् । तसर्थ यसमा स्वभावोकि अलङ्कार हुन्छ ।

देवी, द्यौता सुखी पार्ने
पनि  छन् मन्त्र सागर
भूतप्रेम सबै झार्ने
मन्त्रै हुन्छन् बराबर ॥ (पृष्ठ १०८, श्लोक १५)

यहाँ हिन्दु परम्परामा मन्त्रद्वारा देवी देउता खुसी पार्नु, झारफुक गर्नु, भूत प्रेत भगाउन मन्त्रकै प्रयोग गर्नु स्वभाविक मानिने हुनाले यहाँ स्वभाविकयोक्ति अलंकार भएको छ ।

### ५.८.७ विरोधाभास अलङ्कार/उपमा :

जसको वीचमा वर्षा
बादल छत्र झैं बनी
ढाकेर बस्तथे रोप
विरुवा धानका भनी ॥ (पृष्ठ ६७ श्लोक २३)

यहाँ वर्षा बादल छाता झैं छेकिएको छ भने वादल देखिएर पनि धानरोप्न आदेश गरिनु विरोधाभास हो भने बादललाई छातासँग तुलना गरिदा उपमा उपमा अलंकार पनि भएको छ ।

## ५.९ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्य अनुप्रास अलङ्कार

### ५.९.१ अन्त्यानुप्रास : प्रत्येक पंक्तिको अन्त्यमा एउटै अक्षर दोहोरिने अलङ्कारलाई अन्त्यानुप्रास अलङ्कार भनिन्छ ।

सन्तान उन्कै कुलमा गएर
जन्मे वडा भोज खडा भएर
बृष्णी त्यहीँ अन्धक बीर खाली
श्री कृष्ण जन्मे अझ शक्तिशाली । (पृष्ठ ८७, श्लोक २२)

यहाँ होक पंक्तिका अन्त्यमा आएका गएर, भएर खाली, शाली शब्द अनुप्रास मिलेर आएका छन् त्यसे अन्त्यनुप्रास अलङ्कार भएको छ ।

### ५.९.२ छेकानुप्रास :

एकभन्दा बढी वर्णहरुको एकपटक मात्र उही क्रममा आवृत्ति हुने अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।

अन्य ती खेतकोआय
आफन्त पाहुनाहरु ।
साथै दान दया माथि
खर्चिन्थे शेष जो अरु ॥ (पृक्ष ६९ श्लोक ३१)

यस श्लोकमा प्रयोग भएको एउटा मात्र दान र दया शब्दले छेकानुप्रास अलङ्कार जनाउँछ ।

### ५.९.३ वृत्यनुप्रास :

एक वा अनेक छुट्टाछुट्टै वर्णहरु एक वा अनेक पटक आवृत्ति हुने अलङ्कारलाई वृत्यनुप्रास अलङ्कार भनिन्छ ।

मान्छेका वीचमा मान्छे
मकैका धुन झैँ गरी
निर्मोह पिसिदै आए
निहन्था नर बेसरी ॥ (पृष्ठ ७९, श्लोक २९)

यहाँ म, छ, न जसता अनेक वर्णको पटक पटक आवृत्ति भएको हुनाले वृत्यनुप्रास अलङ्कार यस श्लोकमा झल्किएको छ ।

ती पाण्डु पत्नी पनि पञ्चरत्न
समान सन्तान लिएर थप्न ।
गर्दै गइन राज्य सुधा बढेको
प्रसिद्धि हैर्ने भव फैलिउको । (पृष्ठ ९२, श्लोक ४९)

यहा प, न र त जस्ता थुप्रै वर्णहरु अनेक पटक आवृत्ति भएको छ त्यसैले यस श्लोकमा पनि बृत्यनुप्रास अलङ्कार छ ।

## ५.१० महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा पाइएका रीति

यस महाकाव्यमा आदिदेखि अन्त्यसम्म कोमल शब्दावलीको संयोजना भएको छ। करुण रस प्राधान्य र वीर रस आदिको प्रयोग भएको छ । कतै पनि कठोर शब्द संयोजना छैन । साहित्य शास्त्रले प्रतिपादन गरे अनुसार यस महाकाव्यमा बैदर्भी रीति समष्टिमा पाइन्छ । यसका साथै पाञ्चाली रीति पनि यसमा पाइन्छ ।

### ५.१०.१ बैदर्भी रीति :

यस रीतिमा ट, ठ,ड, ढ बाहेक ककारबाट लिएर मकार सम्मका वर्ण आ-आफ्ना वर्णका अन्तिम वर्णका साथ संयुक्त भउर माधुर्यको सृजना गर्दछन् । सुकुमार र कोमल गुणले युक्त हुने भएकाले यस रीतिका लागि शृङ्गार करुण आदि कोमल रसका लागि सर्वाधिक उपयुक्त हुन्छ । यसमा समासरहित वा अल्प समासंयुक्त लालित्यपूर्ण अभिव्यक्ति दिइएको हुन्छ ।

मान्छेका बीचमा मान्छे
मकैका घुनझैँ गरी
निर्मोह पिसिदै आए
निहत्था नर बेसरी ॥ (पृष्ठ ७९ श्लोक २९)

### ५.१०.२ गौडी रीति :

मनलाई दीप्त, प्रदीप्त र उत्तेजित बनाउने ट वर्गीय संयुक्त वर्ण वाहुल्यता भएको वीर, वीमरस र रौद्र रसमा उत्तरोत्तर बढी उपयोगी हुने रीति नै गौडी रीति हो ।

तटस्थै छन् सबै मात्रा
ह्रस्व दीर्घ बराबरी
जता तान्यो उतै लाग्ने
रातकी गणिका सरी । (पृष्ठ ९९ श्लोक ७)

साहित्यरसको शैली
आफ्नै संसारमा सबै
डुबुल्किई तरङ्गिन्छ
धक्का किनारमा दिंदै ॥ (पृष्ठ ९८ श्लोक १)

### ५.१०.३ पाञ्चाली रीति :

जुनसुकै रस र रचनामा रहने प्रसाद गुण युक्त रीति हो पाञ्चाली रीति । यसमा प्रयञ्च वा छलकपट झल्किएको हुन्छ ।

मौका मिलाई अनि कृष्ण चन्द्र
रेग्मी र गोपाल मलिर विघ्न ।
बाधा उठाई त्यस काव्यलाई
आफ्नै दिई नाम र छाप्न लाई ॥ (पृष्ठ ९५, श्लोक ६३)

तयार भै डङ्कणमा गएथे
स्रष्टा बनी कृष्ण खडा भएथे।
त्यो चाल पाई शिवरत्न आई
मुद्दा गरे सत्य निसाफलाई ॥ (पृष्ठ ९५ श्लोक ६४)

यहाँ नरेन्द्रनाथको कृत्तिमाथि कृष्ण भन्ने व्यक्तिले गरेको प्रपञ्च र त्यस प्रपञ्चलाई सल्टयाउन कृष्णचन्द्र र गोपालले गरेको प्रपञ्च स्पष्ट पारिएको छ । त्यसैले यहाँ पाञ्चाली र्रीति भएको छ ।

### ५.११ ध्वनि :

सामान्यत वाच्यार्थ भन्दा व्यङ्ग्यार्थमा बढी चमत्कार पैदा हुनु नै ध्वनि हो । अर्को शब्दमा भन्ने हो भने प्रत्यक्ष अर्थ अर्थात वाच्यार्थबाट उत्पन्न भएको अन्य अर्थ वाच्यार्थभन्दा बढी चमत्कारपूर्ण हुनुलाई नै ध्वनि भनिन्छ ।

आचार्य अभिनव गुप्तका अनुसार ध्वनि तीन प्रकारका हुन्छन् ।

१) रस ध्वनि   २) अलङ्कार ध्वनि   ३) वस्तु ध्वनि

प्रस्तुत महाकाव्यमा ध्वनिको प्रयोग यसरी गरिएको छ ।

प्रकाश अस्ताचल गो भनेर
सन्ध्या घुमिन् वास बसून् भनेर
आदेश उन्कै शिरमाथि राख्दै
सबै बस्थे रजनी अँगााल्दै॥ (पृष्ठ २४, श्लोक १४)

असंख्य तारा नभमा उदाई
बाले दियो शासन गर्नलाई
सम्पूर्ण रात्री पहरा गरेर
प्रकाश नौलो निशिमा छरेर ॥ (पृष्ठ २५ श्लोक १५)

यहाँ सन्ध्या घुम्नु, बास बसून् भनेर सोच्नु रात अँगाल्नु, ताराको दीयो बाल्नु जस्ता शब्दहरु कविले श्लोकमा बताएका छन् । जुन सन्ध्याले कहिल्यै घुम्ने र आदेश दिने गर्दैन, रातलाई अँगाल्न सकिदैन तर पनि यस्ता शब्दको चमत्कारपूर्ण प्रयोग कविले गरेका हुन् । यहाँ कवि प्रौढोक्ति सिद्धि हुन आउँछ त्यसैले अलङ्कार ध्वनि हुन आएको छ ।

### ५.१२ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा गुण

आचार्य दण्डीका अनुसार गुण भनेको काव्यगत विशिष्ट पद रचना मार्ग वा रीतिको प्राण तत्व हो र यो काव्यको शब्द सौन्दर्य एवम् अर्थ सौन्दर्यको प्रतीक पनि हो ।

माधुर्य गुण, ओज गुण, प्रसाद गुण जस्ता गुणहरु काव्यका गुण छन् । यस काव्यमा सरल र सहज प्रवाहमा सुकोमल शब्द प्रयोग श्रृङ्गार र करुण रसको प्रयोग भएको हुनाले माधुर्य र प्रसाद गुण देखा पर्दछन् ।

### ५.१३ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा दोष :

कुनै पनि कृति दोषमुक्त रहन सक्दैन । यस प्रकार मम्मटका मतमा अर्थदोष अन्तर्गत तेइसवटा दोषहरु पर्दछन् । जुन निम्नानुसार छन् ।

१. अपुष्टता

२. कष्टार्थता

३. व्यहतता

४. पुनरुक्तता

५. दुष्क्रमता

६. ग्राम्यता

७. सन्दिग्धता

८. निर्हेतुता

९. प्रसिद्धिविरुद्धता

१०. विद्याविरुद्धता

११. अनवीक्रितता

१२. सनियम-परिवृत्तता

१३. अनियम-परिवृत्तता

१४. विशेष - परिवृत्तता

१५. अविशेष - परिवृत्तता

१६. साकाङ्क्षता

१७. अपदयुक्तता

१८. सहसरभिन्नता

१९. प्रकाशित विरुद्धता

२०. विद्यायुक्तता

२१. अनुवादायुक्तता

२२. त्यक्त पुनः स्वीकृति

२३. अश्लीलता

यस महाकाव्यमा व्यभिचार्रा भाव, रस र स्थायीभावको सोशब्द बाच्यता निरर्थकता, असमर्थता, च्युतसंस्कृति जस्ता काव्यदोषहरु देखिएका छन् ।

पाँचौ स्मृतिको ११औं श्लोकको तेस्रो हरफको पहिलो शब्द आउँथ्यो हुनुपर्नेमा 'आऊथ्यो' र दशौ स्मृतिको पहिलो श्लोकको पहिलो हरफमा साहित्य रस हुनुपर्नेमा साहित्यसर भएको छ । छन्द मिलानका लागि ह्रस्व लेखिने मात्राहरु दीर्घ बनाइएका त्रुटिहरु पनि भेटिउका छन् ।

## ५.१४ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको स्मृति (सर्ग) गत विवरण :

| क्र.सं. | स्मृति/सर्ग | उपजाति | इन्द्रवज्रा | मन्दाक्रान्ता | शार्दूलविक्रीडित | अनुष्टुप् | शिखरिणी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पहिलो स्मृति | ४१ | २३ | - | १ | - | - | ६५ |
| २. | दोस्रो स्मृति | २९ | ३ | - | - | २ | - | ३४ |
| ३ | तेस्रो स्मृति | २६ | ६ | - | - | २ | - | ३४ |
| ४ | चौथो स्मृति | - | - | १ | - | ५५ | - | ५६ |
| ५ | पाँचौ स्मृति | - | - | - | ३२ | २ | - | ३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | छैठौ स्मृति | - | - | - | - | ७१ | १ | ७२ |
| ७ | सातौ स्मृति | - | - | - | - | ४६ | १ | ४७ |
| ८ | आठौं स्मृति | १ | - | - | - | ४३ | - | ४४ |
| ९ | नवौ स्मृति | ५५ | १५ | - | १ | - | - | ७१ |
| १० | दसौ स्मृति | १ | - | - | - | ३२ | - | ३३ |
| ११ | एघारौ स्मृति | - | - | - | - | ४६ | २ | ४८ |
| | जम्मा | १५३ | ४७ | १ | ३४ | २९९ | ४ | ५३८ |

यस महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको सबै भन्दा छोटो स्मृति दशौं स्मृति हो, जसमा ३२ वटा अनुष्टुप् छन्दका श्लोक छन् भने स्मृति वा सर्गान्तमा एउटा उपजाति छन्दको श्लोक छ । त्यस्तै सबैभन्दा लामो लामो स्मृति वा सर्ग छैठौ स्मृति हो, जसमा अनुष्टुप छन्दका ७१ वटा श्लोक छन् भने स्मृतिको अन्त्यमा शिखरिणी छन्दको एउटा श्लोकको प्रयोग गरिएको छ ।

यस महाकाव्यमा अनुष्टुप् छन्दका २९९ श्लोक, उपजति छन्दका १५३ श्लोक, इन्द्रवज्रा छन्दका ४७ श्लोक, शार्दूल विक्रीडित छन्दका ३४ श्लोक, शिखरिणी छन्दका ४ श्लोक र मन्दाक्रान्ता छन्दको १ श्लोक गरी जम्मा ५३८ श्लोक रहेका छन् । जसमा सबै भन्दा कम मान्दाक्रान्ता छन्दको एक श्लोक र सबैभन्दा बढी अनुष्टुप छन्दका २९९ श्लोक रहेका छन् ।

उपर्युक्त एघार स्मृतिमा रचिएको प्रस्तुत महाकाव्यको महाकवि नरेन्द्रनाथ रिमालको जीवनशैलीको आद्योपान्त अध्ययन गर्ने अवसर प्रदान गरेको छ भने अत्यन्त प्रेरणादायी जीवनलाई आदर्श व्यक्ति मान्न प्रेरित समेत गरेको छ । यस भित्र समेटिएका सम्पूर्ण पक्ष रोचक, उल्लेखनीय एवम् निकै पठनीय छन् । महाकाव्यको लेखन परम्परामा एउटा फरक शैलीको महाकाव्यको जानकारी प्रस्तुत महाकाव्यको अध्ययनबाट बुझ्न सकिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमणका प्रसङ्गलाई

महाभारतकालीन कथासँग जोडेर तयार पारिएको यस महाकाव्यमा भिन्नै पठनीय स्वाद रहेको तथ्य निर्विवाद छ ।

## ५.१५ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा प्रयोग भएका छन्दहरु :

### ५.१५.१ उपजाति छन्दः

एउटै जातका छन्दहरु मिली निर्माण भएको छन्दलाई उपजाति छन्द भनिन्छ । संस्कृत छन्द शस्त्रमा विशेषत इन्द्रवज्रा र उपेन्द्रवज्रा मिलेर बनेको छन्दलाई उपजाति छन्द भनिन्छ । इन्द्रवज्रा छन्दमा त गण, तगण, जगण र दुई गुरु (S) वर्ण रहेको छ जसतै ssl (त) , ssl (त), lsl (ज), ss, त्यसै गरी उपेन्द्रवज्रा जस्ता गण र गणसंकेत रहेको हुन्छन् भने यी दुवै छन्दमा ११/११ अक्षर हुन्छन् । यस छन्दको अन्त्यमा वा ११ अक्षरमा यति र अन्त्य गति रहेको हुन्छ जस्तै : lsl ssl lsl ss lsl ssl lsl ss (पृष्ठ ६/७, श्लोक २८) पवित्र हावा अनि घाम पानी ssl ssl lsl रोज बनेको राजधानी ।

### ५.१५.२ अनुष्टुप छन्द :

यस छन्दका प्रत्येक पाउ/चरणमा आठ/आठ ओटा रहेका हुन्छन् । यस छन्दमा दुई पाउलाई एउटै हरफमा लेख्ने चलन छ। यस छन्दका प्रत्येक पाउको पाचौं अक्षर र छैठौं अक्षर दीर्घ हुन्छन भने जोर पाउका वा दोस्रो र चौथो पाउका सातौं अक्षर दीर्घ हुन्छन् ।

अनुसन्धानका लागि यो यौटा मुख्य साधन
lss ls
बन्न सक्ला म नै भन्छु गर्दै सर्ग विभाजन (पृष्४८, श्लोक ४)

**५.१५.३ शार्दूलविक्रीडित छन्द :**

यस छन्दमा प्रत्येक हरफमा १९/१९ वटा अक्षर हुन्छन् । यसमा म, स, जस, स, त, त जसता ६ वटा गण र एउटा गुरु अक्षर रहेको हुन्छ । यस छन्दका प्रत्येक बाह्रौ र सातौं अक्षरमा यति र अन्यत्र गति रहेको हुन्छ । यहाँ यतिलाई संकेत गर्न अर्धविराम चिन्ह (,) को प्रयोग गरिएको छ ।

म (sss) स (lls) ज (lsl) स (lls) ल (ssl) त (ssl) गुरु (s)

sss lls lsl lls ssl ssl s

काशीकी वरुणा नदी नजिकमा, आवास उन्को थियो
वर्षामा कहिले डुबेर जलमा, निर्गन्ध बन्दै थियो ।
यौटा बूँद छरेर ता कति यहाँ, मान्छन् सबै स्वच्छता
के होला घरमै अथाह जलकी, गङ्गा स्वयं आउँदा ॥ (पृष्ठ ४३, श्लोक १४)

**५.१५.४ शिखरिणी छन्द :**

यस छन्दका प्रत्येक हरफमा १७/१७ वटा अक्षर आएका हुन्छन् । यसमा य, म, न, स, भ, जस्ता पाँच गण र अन्तिममा क्रमशः लघु र गुरु गरी एक/एकवटा अक्षर आएको हुन्छ । यसमा प्रत्येक हरफको छैठौं बाह्रौ र सत्रौं अक्षरमा यति र अन्यत्र जति रहेको हुन्छ । यहाँ पनि यति वा विश्रामलाई संकेत गर्न अर्धविराम (,) चिन्हको प्रयोग गरिएको छ ।

जस्तै : य म न स भ लघु गुरु

iss sss lll lls sll l s

लियो लेखा राम्रो, धन-जमिनको , यो कलमले
कुरा गर्दागर्दै, कवि र कविताको : झलकले
लियो अर्कै बाटो, सृजनसरिता, विश्वभरको
थियोजो जैले त्यो, त्यस समयका , युद्ध थलको ॥ (पृष्ठ ७२, श्लोक ४७)

### ५.१५.५ मन्दाक्रान्ता छन्द :

यस छन्दका प्रत्येक हरफमा १७/१७ वटा अक्षर आएका हुन्छन् । म, भ, न, त, त जस्ता पाँचवटा ग(ा र अन्त्यमा दुईवटा गुरु गरी दुईअक्षर आएका हुन्छन् । यसमा चार छ र सत्रौं अक्षरमा यति र अन्यत्र गति रहेकोहुन्छ । यहाँ पनि यतिलाई संकेत गर्नु अर्धविराम (;) चिन्हको प्रयोग गरिएको छ , जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | भ | न | त | त | गुरु | गुरु |
| sss | sll | lll | ssl | ssl | s | s |

बाल्यावस्था ; सब गइसक्यो ; यौवनाकाश माथि
घुम्दै आए ; द्विजवर यहाँ ; पूर्वको शैलमाथि ।
जोडे साथी; अवसर हुँदा : त्यै चुलीमा बसेर
लेखौं वातावरण उनको ; लेखनी पक्रिएर ॥ (पृष्ठ ४०, श्लोक ५६)

### ५.१६ महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यको काव्यात्मक मूल्यः

प्रस्तुत महाकाव्य काव्यकार नीलकठ भट्टराईको चौथो महाकाव्यको रुपमा प्रकाशित महाकाव्य हो । यो वि.सं. २०७१ सालमा प्रकाशित महाकाव्य हो। यो महाकाव्य पूर्वीय महाकाव्य सम्बन्धित बन्दोवस्तमा रचिएको छ । सकेसम्म पूर्वीय महाकाव्य सिद्धान्तलाई पूर्णता दिने प्रयास गरिए तापनि सबै रसको प्रयुक्त हुन सकेको छैन । जसमा कथावस्तु, विन्यास र चरित्र विधानका दृष्टिले पूर्व प्रचलित मान्यताको परिपालना भएको पाइन्छ । परम्परागत महाकाव्यले अपेक्षा राख्ने कथा वस्तु र त्यसका घटनाहरुको क्रमिक विकास, उदात्त वीरवीराङ्गनाका चरित्रहरुको व्यापक र विशुद्ध चित्रण चमत्कारपूर्ण समग्र परिवेशको चित्रण, महामानवीय जीवनको अभिव्यक्ति, जीवनका अवेकानेक दशा/अवस्थाहरुको वर्णन/विश्लेषण, त्यसै अनुसारको रसदसाको चित्रण र रसपूर्ण अभिव्यक्ति, कुनै एक रस प्राधान्यताको स्वीकार र चरम कलात्मक शील्पानुशरण जस्ता कतिपय कुराहरुमा यो महाकाव्य पूर्ण हुन सकेको देखिदैन । यसो हुनुमा महाकाव्यको ऐतिहासिक घटना क्रमका राम्रा र सबल पषको एकोहोरो वर्णन गरी व्यक्ति वा चारित्रिक वर्णनको जीवनीपरक महाकाव्य निर्माणमा अघि बढ्दै

त्यहाँका नकारात्मक पक्षको ढाकछोप गर्न उद्यत भएको देखिन्छ । तापनि महाकाव्य लेखनको सिद्धान्तमा र महाकाव्यकारको लेखन श्रीवृद्धिमा यो महाकाव्य सबै भन्दा अब्बल एवम् उत्कृष्ट मान्न सकिन्छ । वर्तमान अवस्थामा महाकवि नरेन्द्रनाथ रिमाल छैनन् किनकि त्यही ऐतिहासिक साहित्यक व्यक्तित्वको कथावस्तु ऐतिहासिक बनेको छ। नायक, नायिका तिनका सन्तान र विशिष्ट कर्म, सफलता वा विजयका विषयवस्तु महाकाव्यमा हुनु पर्छ जुन कुरा यस महाकाव्यमा देखिएको छ । यसमा एकमात्र नायक/नायिका हुनुले अझ सबल देखिएको छ । महाकाव्यमा हरेक स्मृतिको अन्त्यमा छन्द परिवर्तन गरिएको छ जो नियम सङ्गत छ । तत्कालीन सेरोफेरोभित्र रचना गरिएको यस महाकाव्यमा विभिन्न वर्णमात्रिक छन्द अथवा उपजाति, इन्दवज्रा, अनुष्टुप, शार्दूलविक्रीडित, शिखरिणी र मन्दाक्रान्ता छन्दकोको जम्मा ५३८ श्लोकहरुको माध्यमबाट एघार स्मृति वा सर्गको प्रबन्धोत्मकता भित्र महाकवि नरेन्द्रनाथ रिमालको जन्मकालदेखि पूर्ख्यौली सन्दर्भ, बाल्यकाल, शिक्षा आर्जन, विवाह-कर्म, संस्कार, पारिवारिक कुल मर्यादा, सम्पत्ति, साहित्य साधना, साहित्य शैली, जीवन दशृन र संघर्ष, भ्रमण जस्ता मुखय, मुख्य विषयवस्तुलाई निकै गहन शैलीमा समेटिएको छ । महाकाव्यकार नीलकण्ठ भट्टराईका महाकाव्यगत प्रवृत्ति अन्तर्गत यो महाकाव्य सबैभन्दा उत्कृष्ट काव्यात्मक उपलब्धिमा पर्दछ । छन्दको समुचित उपयोग भएको छ भने महाकाव्यको श्रीबृद्धिमा बढी सङ्ख्यात्मक र न्यून गुणात्मक बृद्धि चाहि भएको हो । ऐतिहासिक र जीवनीपरक काव्य शैलीको एउटा नमुना महाकाव्य जगतमा थपिएको तथ्य भने यथार्थ रुपमा देखिएको छ ।

## ५.१७. महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यमा भएका पात्रहरुको चरित्रचित्रण:

### ५.१७.१ नरेन्द्रनाथ :

महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यका प्रमुख पात्र हुन् नरेन्द्रनाथ । यिनै नरेन्द्रनाथको जीवनमा घटेका घटनाक्रमहरुको परिधिभित्र सक्रिय पात्र हुन् नरेन्द्रनाथ रिमाल । विद्वान एवम्  सिद्धहस्त कवि हुन् उनी । देश विदेश घुमेका, आफ्नो विद्वतको प्रस्तुती दिँदै हिड्ने एक हितकारी पात्रका रुपमा यस महाकाव्यमा

परिचित प्रमुख पात्र हुन् नरेन्द्रनाथ । जीवन सङ्घर्षमा कहिल्यै नथाक्ने पौरखी, पदलोलुपतामा नफस्ने, रामझैं आदर्श पात्र हुन् । असल शीलस्वभाव भएका, पारिवारिक सुगठनका एक होनहार व्यक्तित्व, पूर्वीय संस्कारका असल अनुयायी, मर्यादापालक, भौतिक तथा आर्थिक सम्पन्न तर शालीन पात्र भएकाले नरेन्द्रनाथलाई सक्रिय मुक्तपुरुष पात्रका रुपमा लिन सकिन्छ ।

### ५.१७.२ गङ्गा :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको नायिका हुन् गङ्गा । गङ्गा नरेन्द्रनाथकी स्त्री हुन् । नरेन्द्रनाथलाई प्राचीन शैलीगत ढर्रामा जीवन सञ्चालनार्थ सघाउने, कुलघरानीका असल दुहिता हुन् गङ्गा । उनी भागरथी गङ्गा नै हुन् यस महाकाव्यकी । छ सन्तान दुई छोरा र चार छोरीकी आमा बनेकी गङ्गा सङ्घर्षकी पर्याय भएकी छिन् । जतिसुकै पुरुष थिचोमिचो भए पनि मौन भई स्वीकार गर्ने सहनशीला सुशीला हुन् गङ्गा पात्र । नरेन्द्रनाथ जस्तै तर नारी सक्रिय र बद्ध पात्र हुन् गङ्गा ।

### ५.१७.३ काशीनाथ :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यका अर्का एक पात्र हुन् काशीनाथ । उनी नरेन्द्रनाथका कान्छा भाई हुन् । उनी भारत विहारबाट मेट्रिक गरेका, धेरै भाषा जान्ने एक तार्किक व्यक्तित्व हुन् तथापि महाकाव्यमा उल्लेख भूमिका भने उनको छैन । शिष्टता, विनम्रता, कवि भएकै कारण उनी सम्झन योग्य पात्र हुन् । अल्पायुमै यस संसारबाट विदा भएका पात्र हुन् काशीनाथ ।

### ५.१७.४ कृष्णचन्द्र रेग्मी :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको फरक पात्र हो कृष्णचन्द्र रेग्मी । यस महाकाव्यको खलनायक वा खल पात्र हो कृष्णचन्द्र । नरेन्द्रनाथले बडो सङ्घर्षका साथ संस्कृत ग्रन्थ महाभारतका अठार पर्वलाई नेपाली भाषा टीकाका अनुवाद गरेका थिए तर कृष्णचन्द्रले उक्त पाण्डुलिपीलाई चोरी चकारी आफ्नो नाममा प्रकाशन गर्न प्रकाशक कहाँ पुऱ्याउने पात्र हुन् । लुकीछिपी अरुको यशलाई आफ्नो बनाउन चाहने

स्वार्थी, धूर्त एवम् नचाहिंदा काम गरी अरुलाई दु:ख दिने स्वभावको पात्र हो कृष्णचन्द्र। अरुको कीर्तिमा आफू स्रष्टा बन्न चाहने, झेली जिताइको प्रयास गर्ने, झुटा कागजात पेश गरी पानी माथिको ओभानो हुन खोज्ने पात्र हो कृष्णचन्द्र । अदालतले दोषी ठहऱ्याइ कारवाही गरिएको पात्र हो कृष्णचन्द्र रेग्मी ।

### ५.१७.५ गोपाल :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा सहायक खल पात्रका रुपमा गोपाल उभिएको छ । खलनायक कृष्णचन्द्रसँग मिलेर महाभारतको नेपाली अनुवाद कृतिलाई आफ्नो । नाममा प्रकाशन गर्न खोज्ने दोषी पात्र हो गोपाल । चोरीचकारी भए पनि आफ्नो स्वार्थपूर्तिका लागि मरिमेट्ने तर केही गर्न भने नसक्ने उक निरीह निष्क्रिय पात्र हो । गोपाल अरुको उन्नतिमा इर्ष्या गर्ने तर आफू भने अन्तर्मुखी भइ भित्रभित्रै जल्ने डाहाडे स्वभावको पात्र हो । मुक्त निष्क्रिय र कठोर पात्र हो गोपाल ।

### ५.१७.६ शिवरत्न :

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको मुख्य पात्र नरेन्द्रनाथको जेठो छोरो हो शिवरत्न । यस महाकाव्यमा सक्रिय मुक्त पात्रका रुपमा शिवरत्नलाई लिन सकिन्छ । आफ्ना पूर्खाप्रतिका आष्था, गौरव र इतिहासलाई जिवन्त बनाउँन हरदम प्रयासरत पात्र मानिन्छ  शिवरत्नलाई । पिताको आदर्शभावलाई शिरोधार्य गरी प्राध्यापन पेशा अगालेको एक समाजसेवी, स्विार्थी, व्यक्तिका रुपमा यस महाकाव्यमा शिवरत्न उपस्थित गराइएको पात्र हो । पिताको नाममा रहेको महाभारत नेपाली भाषा टीकाको ग्रन्थ चोरी भई प्रकाशन हुन लागेको थाहा पाई अदालतमा मुद्दा हाली निरन्तरको सत्यको पषमा वकालत गर्दै उक्त ग्रन्थलाई आफ्नै पिताको नाममा प्रकाशन गर्न सफल संघर्षशील व्यक्तित्व हो शिवरत्न । दिल्लीको जवाहरलाल नेहरु विश्वविद्यालयमा पाठ्यपुस्तकमा समेत सो घटनालाई राखिएको तथ्यलाई उजागर गर्ने सफल शिवरत्न निकै चतुर एवम चनाखो पात्र मानिन्छ ।

**५.१७.७ रामरत्न :**

महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यका प्रमुख पात्र नरेन्द्रनाथका कान्छो छोरो हो रामरत्न । ऊ यस महाकाव्यको आंशिक सक्रिय मुक्त पात्र हो । चिकित्सा शास्त्रमा राम्रो दखल भएको र उक्त पेशागत दषतालाई समाजको सेवामा समेत लगाएर ख्याति कमाउन सक्रिय पात्र बनेको छ रामरत्न । असल मार्ग निर्देशक, जनताका धनवन्तरी झैं बनेको ऊ पैतृक सदभाव र आशन्त शील स्वभावको अनुशरण गरी सबैको अनुकरणीय आदर्श व्यक्तित्व बनेको पात्र हो रामरत्न ।

## ५.१८ महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा निष्क्रिय तर प्रयुक्त महाभारत ग्रन्थका पात्रहरुः

**५.१८.१ कृष्ण :**

महाभारतकालीन पात्र, यदुवंशका एक होनहार व्यक्तित्व, रुक्मिणी वासुदेवका पुत्र एवम् अर्जुनका सारथी हुन् तर यस महाकाव्यमा भने महाभारतको घटनाक्रम स्मरण गर्दै गर्दा प्रयुक्त भएका पात्र ।

**५.१८.२ अर्जुन :**

महाभारत ग्रन्थका पात्र, धनुर्धर, गाण्डीव तर यस महाकाव्यमा घटना स्मरणमा प्रयोग भएको नाम । महाभारतको घटनालाई नरेन्द्रनाथको जीवनीसँग तुलनात्मक अध्ययन गर्दा लेखकले प्रस्तुत गरेको महाभारतकालिन नाम ।

**५.१८.३ व्यास :**

महर्षि वेदव्यास, महाभारतका रचयिता हुन तर यस महाकाव्यमा नरेन्द्रको उपमेय बनाई प्रस्तुत गरिएको महाभारतकालिन सर्जकको नाम ।

## ५.१९ महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यमा प्रयुक्त निष्क्रिय गौण पात्रहरु :

नरेन्द्रनाथ रिमाल महाकाव्यमा प्रयुक्त भएका सबै पात्रहरु सक्रिय नभई केही पात्रहरु मात्र विशेष सक्रिय देखिन्छन् । जसमध्ये केही पात्रहरु नाम मात्र प्रस्तुत भएका छन् जुन यस्ता छन् :

हरिलाल, कुलदीप, दीनानाथ, जयमंगल, वेदनाथ, गोपीनाथ, कुञ्जरमणि, वैजनाथ, ईश्वरी, विजया, सुशीला, सत्यभामा, शिवु, गुणकेशरी, ठगकुमारी, टीकाकुमारी, लीलादेवी ।

## ५.२० महाकाव्य नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्यका पात्रहरुको शैली वैज्ञानिक वर्गीकरण तालिका :

| क्र. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गगत | वद्ध | मुक्त |
| १. | नरेन्द्र | + | | + | | | + | | + | | | + | | + |
| २. | गङ्गा | | + | | + | | + | | + | | | + | + | |
| ३. | काशीनाथ | + | | | | + | + | | | + | | + | | + |
| ४. | कृष्णचन्द्र | + | | + | | | | + | + | | + | | | + |
| ५. | गोपाल | + | | | + | | | + | + | | + | | | + |
| ६. | शिवरत्न | + | | | + | | + | | + | | | + | | + |
| ७. | रामरत्न | + | | | + | | + | | + | | | + | | + |
| ८. | विजया | | + | | | + | + | | | + | | + | + | |
| ९. | शुशिला | | + | | | + | + | | | + | | + | + | |
| १० | सत्यभामा | | + | | | + | + | | | + | | + | + | |
| ११ | शिवु | | + | | | + | + | | | + | | + | + | |

### ५.२१ सन्देश :

प्रस्तुत महाकाव्य महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) ले एक होन्नहार, पुज्य संघर्षवान, प्रेरणादायी, आदर्श व्यक्तित्वको जीवनवृत्तलाई आदिदेखि अन्त्यसम्म वार्षिक एवम् वर्णमात्रिक फर्माभित्र कसिएर वर्णन गरेको छ । जीवन सधै सङ्घर्षको दौडानमा एकोहोरो दौडिरहन्छ । जीवनमा कहिले सुख कहिले दुःख एक अर्काका परिपुरक भएर आइरहन्छन् । राष्ट्रियता र राष्ट्रिय विभूति प्रति सम्मानका दृष्टिले हेरिनु पर्ने यथार्थता यस महाकाव्यमा पाइन्छ । जीवनको उद्गम जहाँ भए पनि शिक्षा, वैवाहिक कर्म, भ्रमण कर्मयोग, सृजनशीलता, संस्कार, सम्पत्ति, जीवनका आरोह अवरोह जस्ता महत्वपूर्ण घटना परिघटना हरेक जीवनमा पर्न सक्ने तथ्य हुन् र यस्ता कुराप्रति हरेक मानव सचेत भई आफ्नो जीवनशैलीलाई सुन्दर बनाउन प्रेरणा र सन्देश यस महाकाव्यले दिएको छ ।

### ५.२२ वातावरण :

प्रस्तुत महाकाव्यमा महाकवि नरेन्द्रनाथ रिमालको जन्मदेखि जीवनको अन्तिम कालसम्मको परिवेशलाई समेटिएको छ । नरेन्द्रनाथ रिमालको वंश परम्परा, नरेन्द्रनाथको नेपालीमा महाभारत लेखन कलाको समय र संस्कार कर्म र महत्वपूर्ण कार्य गरेका अवधीलाई विशेष महत्वका साथ चर्चा गरिएको छ । महाकवि रिमालको जीवन चरित्रमा देखा परेका हरेक सूक्ष्म एवम् सूक्ष्म तथ्यहरुको प्रवाह जसरी वगेको हो त्यसरी नै महाकाव्य निर्माणको वातावरण तय भएको छ । विशेषत यस महाकाव्यमा नेपालको अधिकतम सेरोफेरो र युरोप जस्ता केही पश्चिमी मुलुकको परिवेशमा काव्य रचना भएको छ । विश्वयुद्धका समय र परिवेशलाई र नेपाली राजखान्दानभित्र हुने धुपौरे परिवेशलाई समेत महाकाव्यमा उल्लेख गरिएको पाइन्छ ।

### ५.२३ निष्कर्ष :

नीलकण्ठ भट्टराईद्वारा लेखिएको यस महाकवि नरेन्द्रनाथ रिमाल (स्मृति-महाकाव्य) महाकाव्य सैद्धान्तिक अवधारणा प्रस्तुत गरिए पनि उनको काव्य सृजना शैली केवल इतिहासदर्शन र परम्परातर्फ इङ्गित भएको देखिन्छ । यस महाकाव्यमा

नीलकण्ठ भट्टराईले काव्यगत शील्प, रस अलङ्कारको अब्बल प्रयोग अङगीरसको उचित उपयोग प्राकृतिक सौन्दर्यकोचित्रण, उदात्त वा गम्भीर काव्यभावलाई ओजिलो बनाउने वा धिरोदात्त नायक प्रतिको चारित्रिका महानता देखाउने काम भने महाकाव्यमा देखाउन सकिएको छैन तर अध्येताले भने यस महाकाव्यलाई माध्यमिककालीन महाकाव्य परम्पराका एक अविस्मरणीय साधकको काव्य साधनाको अध्ययन सामग्री सम्झेर अध्ययन गर्नुपर्ने देखिन्छ । तसर्थ यस महाकाव्यभित्र पूर्व सैद्धान्तिक अवसर भने देख्न पाइदैन । महाकाव्य चरित्रप्रधान कृ तबनेको छ ।यस काव्यलाई व्यक्ति वर्णन वा ऐतिहासिक व्यक्तित्वको जीवनमा आईपर्ने सबैखाले परिवेशलाई आद्योपान्त वर्णन गरिएको हुँदा सकेसम्म अधिक छन्द र सर्गविभाजनमा ध्यान दिएको पाइन्छ । अन्त्यमा नेपाली माध्यमिक कालीन महाकाव्य परम्परा अन्तर्गत एउटा महाकाव्यको उदय भएको छ र यो अनुसन्धानको एक गहन विषय भने पक्कै हो भन्न सकिन्छ ।

# परिच्छेद- ६ (छ)

## उपसंहार र निष्कर्ष

### ६.१ उपसंहार :

पहिलो स्मृति अन्तर्गत शोध-पत्रको सामान्य रुपरेखा प्रस्तुत गरिएको छ ।यस अन्तर्गत शोध शीर्षक, पंयोजन, विषय परिचय समस्याकथन, शोधका उद्देश्य, पूर्वकायृको समीक्षा, अध्ययनको औचित्य र महत्वको सीमाङ्कन, शोधविधि र शोधपत्रको रुपरेखा सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा नीलकण्ठ भट्टराईको जीवन, उनको व्यक्तित्व, उनको जीवनको यथार्थ, आरोह-अवरोह उतार-चढावका साथै उनको साहित्यिक यात्राबारे चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा महाकाव्यकार नीलकण्ठ भट्टराईले नेपाली महाकाव्यको विकास क्रम अन्तर्गत गरेको योगदानका बारेमा चर्चा गरिएको छ । नेपाली महाकाव्य विकासक्रमको प्राचिनकाल, माध्यमिक काल, आधुनिक कालका बारेमा चर्चा गरिएको छ ।

चौथो परिच्छेद अन्तर्गत महाकाव्यकार नीलकण्ठ भट्टराईको महाकाव्यको परिभाषा महाकाव्यको सैद्धान्तिक आधार, महाकाव्यको परम्पराको विकास, श्रीहर्ष पछिका महाकाव्य भामह, दण्डी, रुद्रट र विश्वनाथका महाकाव्य सम्बन्धित चिन्तन पाश्चात्य काव्य परम्परा महाकाव्यका तत्वहरु नेपली साहित्यमा महाकाव्य परम्परा महाकाव्यको मान्यता र महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्य बारे चर्चा गरिएको छ ।

पाँचौ पच्छिेद अन्तर्गत महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको कृतिपरक अध्ययन गरिएको छ । महाकाव्यको रचना तथा प्रकाशन प्रेरणा र प्रभाव शीर्षकविधान, पात्रविधान र स्मृतिहरुको विवरण, महाकाव्यमा प्रयोग भएका रस, ध्वनि, अलङ्कार, रीति गुण र दोषको बारेमा चर्चा गरिएको छ । महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यलाई नेपाली भाषाको एक जीवनीपरक ऐतिहासिक महाकाव्यका रुपमा लिइएको छ । यसभित्र महाकाव्यका पूर्वीय एवम् पाश्चात्य काव्यात्मक मान्यतालाई आत्मसात गरी  रचना गरिएको छ । जुन स्मृतिका रुपमा सर्गबद्ध भई महाकाव्यकै नियम अनुसार सर्गान्तमा छन्द परिवर्तन गरिएको छ । यसको परिवेश विस्तृत र व्यापक छ । घटीमा ३३ र बढीमा ७२ श्लोक भएको एघार स्मृतिमा विभक्त छ ।

## ६.२ **निष्कर्ष :**

प्रस्तुत महाकाव्य महाकाव्यकार नीलकण्ठ भट्टराईको प्रकाशनका क्रममा देखापरेको चौथो महाकाव्य हो ।यो महाकाव्य महाभारतका नेपाली अनुवादक महाकवि नरेन्द्रनाथ रिमालको जीवनलाई आधार बनाएर लेखिएको महाकाव्य हो । पूर्वीय महाकाव्यको मान्यतालाई आधार बनाइएको यो महाकाव्य जीवन र जीवनको इतिहासका घटनामा आधारित महाकाव्यहो । धर्म, अर्थ, काम र मोक्ष जस्ता चतुर्वर्ग फलप्राप्तिलाई समेत ध्यान दिइएको जीवनका सम्पूर्ण पक्ष, उदय, उन्नति उत्कर्ष र अवनतिलाई अङ्गिकार गरेर रचिएको यो महाकाव्य नेपाली साहित्यको अध्ययन गर्नेलाई र नरेन्द्रनाथका बारेमा शोध गर्न चाहनेहरुका लागि सन्दर्भ सामग्रीका रुपमा कार्योपयोगी हुन्छ । यसलाई समालोचनाका दृष्टिले अध्ययन गर्ने हो भने छन्द, रस आधार स्तम्भ हो । नेपाली स्रष्टा र विद्धानको जीवनलाई काव्यमा उतारेर नेपाली

साहित्यलाई अमूल्य बनाउने महाकाव्यकार नीलकण्ठ भट्टराईको विशेष स्थान रहेको मूल्याङकन गर्न सकिन्छ ।

## ६.३ सम्भाव्य शोध-शीर्षक :

साहित्यकार नीलकण्ठ भट्टराई र उनका कृतिहरुका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीका लागि निम्न लिखित शोध शीर्षकहरु शोध योग छन्।

क) पूर्वीय महाकाव्य सिद्धान्तका आधारमा महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको अध्ययन र विश्लेषण

ख) नेपाली महाकाव्यको आधुनिक विकासक्रममा नीलकण्ठ भट्टराईको योगदान ।

ग) नीलकण्ठ भट्टराईको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको रस, छन्द, अलङ्कार, भाव, रीतिको अध्ययन ।

घ) नीलकण्ठ भट्टराईको महाकवि नरेन्द्रनाथ रिमाल महाकाव्यको भावपरक अध्ययन ।

## सन्दर्भग्रन्थ सूची


अवश्थी महादेव, २०६४ ***आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,*** : इण्टलेक्चुअल्स बुक्स प्यालेस, काठमाडौँ ।

उपाध्याय केदारप्रसाद, २०३६ : ***पूर्वीय साहित्य सिद्धान्त,*** साझा प्रकाशन, काठमाण्डौ

उपाध्याय कृष्णशरण, २०६६ ***नीलकण्ठ भट्टराईको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,*** अप्रकाशित

उपाध्याय, केशवप्रसाद, २०६१ ***पूर्वीय साहित्य सिद्धान्त*** चौथो संस्करण काठमाडौँ, साझा प्रकशन । घिमिरे जगदिश, २०६९, ***सकस, आख्यान***

घिमिरे नारायण, २०६० ***भूमिका : सरोज स्मृति सप्त पल्लव,*** लेखक स्वयम् घिमिरे माधवप्रसाद २०३९ : पच्चीस वर्षका खण्डकाव्य काठमाडौ : प्रज्ञाप्रतिष्ठान ।

जोशी कुमारबहादुर प्रा.डा. २०६५ चौथो ***"महाकवि देवकोटा र उनका महाकाव्य"*** साझा प्रकाशन काठमाण्डौ ।

तिम्सिना डिल्लिसाम २०५५ : ***छन्द र अलङ्कार*** सातौँ संस्करण, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार । थापा महोन हिमांसु २०५६ ***: साहित्य परिचय*** पाचौ संस्करण साझा प्रकाशन ।

त्रिपाठी बासुदेव २०६० : ***नेपाली कविता भाग-४,*** चौथो संस्करण काठमाडौँ, साझा प्रकाशन ।

न्यौपाने टङ्कप्रसाद २०३८ : ***साहित्यको रुपरेखा,*** काठमाडौँ साझा प्रकाशन

बराल कृष्णहरि २०६५ : ***साधारण नेपाली,*** वर्ल्डवाईड पब्लिकेशन, काण्माडौ

भण्डारी पारसमणि, २०६७ : ***नेपाली कविता काव्य,*** विद्यार्थी पुस्तक भण्डार,

लम्साल रामचन्द्र, २०६२ : ***साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,*** भुँडीपुराण प्रकाशन

शर्मा केदार प्रसाद प्रा.डा., २०६५, ***ऐच्छिक नेपाली,*** अस्मिता प्रकाशन

शर्मा केदार प्रसाद, २०६७ : ***नेपाली भाषा र साहित्य शिक्षण,*** विद्यार्थी पुस्तक भण्डार,

शर्मा नेपाल विनयकुमार, ***"नेपाली महाकवि र महाकाव्य"*** भाभा पुस्तक भण्डार, चाबेल, काठमाण्डौ

शर्मा मोहनराज, २०६१ : ***पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,*** विद्यार्थी पुस्तक भण्डार,

## शब्दकोश

पोखरेल बालकृष्ण २०६० : ***सम्पादक, नेपाली बृहत शब्दकोश पुनर्मुद्रित*** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

## शोध प्रबन्ध

घिमिरे तोयानाथ, २०६९, शोधपत्र

एम.ए. तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय भैरहवा बहुमुखी क्याम्पस ।

पौडेल धनञ्जय, २०७०, शोधपत्र त्रिभुवन विश्वविद्यालय रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर ।

## पत्रपत्रिका

घिमिरे माधवप्रसाद ***: राप्ती साप्ताहिक*** २०६६ फगुन-२४

पोखेल मोहन अन्नपूर्ण पोष्ट २०६६, फागुन-१५